# ‘आणविक अस्त्र’ लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
पशुपति बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत नेपाली
स्नातकोत्तर तह, द्वितीय वर्षको दसौं पत्रको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


<u>**शोधार्थी**</u>

**डिल्लीरमण भट्टराई**

पशुपति बहुमुखी क्याम्पस
नेपाली विभाग
मित्रपार्क, चाबहिल, काठमाडौं ।


२०६८

**शोधनिर्देशक**
**गणेश कुमार मिश्र**
**उपप्राध्यापक**
**पशुपतिबहुमुखी क्याम्पस**

# ‘आणविक अस्त्र’ लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
पशुपति बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत नेपाली
स्नातकोत्तर तह, द्वितीय वर्षको दसौं पत्रको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**डिल्लीरमण भट्टराई**
पशुपति बहुमुखी क्याम्पस
नेपाली विभाग
मित्रपार्क, चाबहिल, काठमाडौं ।
२०६८

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
पशुपति बहुमुखी क्याम्पस
मित्रपार्क, चाबहिल, काठमाडौं

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पशुपति बहुमुखी क्याम्पस, स्नातकोत्तर तह दोस्रो वर्षका छात्र डिल्लीरमण भट्टराईले **'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नुभएको हो । म उहाँको यस शोधकार्यप्रति सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि पशुपति बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

.......................................
गणेश कुमार मिश्र
उपप्राध्यापक
पशुपति बहुमुखी क्याम्पस
मित्रपार्क, चाबहिल, काठमाडौं ।

मिति : २०६८/११/९

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पशुपति बहुमुखी क्याम्पसको शैक्षिक सत्र २०६३/०६४ का छात्र डिल्लीरमण भट्टराईले नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| निर्देशक<br>गणेश कुमार मिश्र | ...................... |
| बाह्य परीक्षक<br>...................................... | ...................... |
| विभागीय प्रमुख<br>छन्दविनोद दाहाल | ...................... |

मिति : २०६८/११/१५

# कृतज्ञताज्ञापन

स्नातकोत्तर तह नेपाली विषयको शोधपत्र कृष्ण शाह 'यात्री'द्वारा लिखित लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन गर्ने क्रममा **'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षक मैले मेरा आदरणीय गुरु गणेश मिश्रको निर्देशनमा तयार पारेको हुँ । सर्वप्रथम आफ्ना शैक्षिक प्राध्यापकीय, प्रशासनिक कार्यव्यस्तताका बिच सहयोगी तथा सौहाद्रपूर्ण वातावरणमा आवश्यक शोधनिर्देशन दिनु हुने श्रद्धेय गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा शोध कार्य गर्न अनुमति प्रदान गर्नु हुने लघुकथाकार/नाटककार एवं शोधनायक कृष्ण शाह 'यात्री'प्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधनायकसँग परिचय गराउँदै शीर्षक चयन र अन्य प्राज्ञिक सुझाब दिनु हुने हरि प्रसाद सिलवालप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । मैले शीर्षक चयनका साथ प्रस्ताव गरेको शोधप्रस्तावलाई स्वीकृति दिई अनुसन्धानको वातावरण मिलाई दिनु हुने नेपाली विभाग प्रमुख छन्दविनोद दाहालप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अध्ययन कार्यलाई निरन्तरता दिन तथा शोध कार्यका लागि प्रेरणा दिनु हुने हजुरआमा स्व.शिवमाया भट्टराई, बुबा शिवप्रसाद उपाध्याय, आमा भद्रिकादेवी भट्टराई र श्रीमती निर्मला कुमारी दाहाल तथा सम्पूर्ण परिवार एवं शिक्षक रामप्रसाद अधिकारी, रामहरि दाहाल, निर्मल सुवेदीप्रति म सदैव ऋणी रहने छु । उहाँहरूको प्रेरणालाई जीवनभर स्मरण गर्नेछु ।

यस शोधकार्यको तयारीका लागि आवश्यक सामग्री प्रदान गर्नु हुने मधुपर्क मासिकका सम्पादक तथा लघुकथाकार श्रीओम श्रेष्ठ 'रोदन' टङ्कन कार्यमा सहयोग गर्नु हुने भेराइटी स्टेसन, डिल्ली बजारका किरण कार्की, अनन्य मित्र विमल अधिकारी लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग, सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्दछु ।

अन्तमा, यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि पशुपति बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।


क्याम्पस क्रमाङ्क: १०६

परीक्षा क्रमाङ्क : ३८८२

त्रि.वि.रजिष्ट्रेशन नं.: १४३४४-९३

मिति : २०६८/११/१०


**शोधार्थी**

डिल्लीरमण अर्याल

स्नातकोत्तर तह दोस्रो वर्ष

पशुपति बहुमुखी क्याम्पस

मित्रपार्क, चाबहिल काठमाडौं ।

# विषय सूची

## परिच्छेद एक

## शोध परिचय


१.१ शोध शीर्षक १
१.२ शोधकार्यको प्रयोजन १
१.३ विषयपरिचय १
१.४ समस्याकथन ३
१.५ शोधकार्यको उद्देश्य ४
१.६ पूर्वकार्यको समीक्षा ४
१.७ शोधको औचित्य ६
१.८ शोधकार्यको सीमाङ्कन ६
१.९ शोधविधि ढाँचा ६
१.१० शोधको रूपरेखा ७


## परिच्छेद दुई

## लघुकथाकार कृष्ण शाह 'यात्री'को जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय


२.१ लघुकथाकार कृष्ण शाह 'यात्री'को जीवनी ८
२.१.१ जन्म र जन्मस्थान ८
२.१.२ बाल्यकाल र शिक्षा ८
२.१.३ साहित्यिक प्रेरणा र प्रवेश ९
२.२ व्यक्तित्व १०
२.२.१ लघुकथाकार व्यक्तित्व १०
२.२.२ नाटककार व्यक्तित्व १३
२.२.३ कवि व्यक्तित्व १५
२.२.४ रङ्गकर्मी व्यक्तित्व १५
२.२.५ नाट्य निर्देशक तथा अभिनेता व्यक्तित्व १७
२.२.६ स्तम्भ तथा भूमिकाकार व्यक्तित्व १९
२.२.७ अध्यापक व्यक्तित्व २०
२.२.८ शोधकर्ता तथा समालोचक व्यक्तित्व २०
२.२.९ प्राज्ञिक व्यक्तित्व २१

२.३ प्रकाशित कृतिहरू २१
२.३.१ सम्पादित पत्रिकाहरू २३
२.२.२ कृष्ण शाह 'यात्री'द्वारा लिखित, अभिनित तथा निर्देशित नाटकहरू २३
२.२.३ संस्थागत संलग्नता २६
२.३.४ पुरस्कार र सम्मान २७
२.४ लघुकथाकार 'यात्री'का कथागत प्रवृत्ति २८

## परिच्छेद तिन

## लघुकथाको स्वरूप र परम्परा

३.१ लघुकथाको व्युत्पत्ति र अर्थ ३०
३.१.१ लघुकथाको परिभाषा ३०
३.१.२ लघुकथाको विशेषता ३२
३.१.३ सूत्रकथाका रूपमा लघुकथा ३६
३.१.४ लघुकथाको स्वरूप र आयाम ३७
३.१.५ लघुकथाका तत्त्व ३८
३.१.६ लघुकथाका प्रकार ४२
३.२ नेपाली लघुकथाको विकासक्रम ४३
३.२.१ पहिलो (प्रारम्भिक) चरण (वि.सं. १९९२-वि.सं. २०१९) ४५
३.२.२ दोस्रो (नवचेतनावादी) चरण (वि.सं. २०२० देखि वि.सं. २०३९ सम्म) ४६
३.२.३ तेस्रो (समसामयिक) चरण (२०४० देखि हालसम्म) ४७

## परिच्छेद चार

## 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक विश्लेषण

४.१ रचना काल र प्रकाशनको पृष्ठभूमिका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह ५२
४.१.१ विषयवस्तुको स्रोतका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह ५२
४.१.२ कथानकका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह ५३
४.१.३ परिवेशका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह ५४
४.१.४ पात्र प्रयोगका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह ५५
४.१.५ भाव सम्प्रेषणका दृष्टिले 'आणविक अस्त्र' ५५
४.१.६ दृष्टिबिन्दुको दृष्टिले 'आणविक अस्त्र' ५५

४.१.७ संवादका दृष्टिले ‘आणविक अस्त्र’ ५६
४.१.८ भाषाशैलीका दृष्टिले ‘आणविक अस्त्र’ सङ्ग्रह ५६
४.१.१० शीर्षक चयनका दृष्टिले ‘आणविक अस्त्र’ सङ्ग्रह ५६
४.२ ‘आणविक अस्त्र’ सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण ५७
४.२.१ वैचारिक पक्ष ५७
४.२.२ दार्शनिक पक्ष ५७
४.२.३ सामाजिक पक्ष ५८
४.२.४ राष्ट्रिय पक्ष ५८
४.२.५ व्यङ्ग्य पक्ष ५९
४.२.६ भाव तथा सन्देश पक्ष ५९
४.२.७ शैलीगत पक्ष ६०
४.३ ‘आणविक अस्त्र’ लघुकथासङ्ग्रहभित्रका लघुकथाहरूको विवेचना ६०
४.३.१ सर्वज्ञ र नरमांश ६१
४.३.२ सेता परेवाहरू ६३
४.३.३ अतृप्त भोक र मान्छेहरू ६४
४.३.४ पहिचानको खोजी ६६
४.३.५ सालिकको मृत्यु ६७
४.३.६ जङ्गे पिलर ६९
४.३.७ कला र जीवन ७१
४.३.८ सहिद/सहिदहरू ७२
४.३.९ भोक र अस्त्र ७३
४.३.१० पार्थिक सपना ७४
४.३.११ आभास ७५
४.३.१२ रङ्ग र मान्छे ७७
४.३.१३ मास्टर बुढो ७८
४.३.१४ अर्को राम ७९
४.३.१५ नेपथ्य ८०
४.३.१६ सन्तान ८१
४.३.१७ शवयात्रा ८३
४.३.१८ अक्षरहरू ८४

४.३.१९ बयान ८५
४.३.२० क्रमशः भोगाइ ८६
४.३.२१ वास्तविकता ८७
४.३.२२ विपत्तिको कर्म ८८
४.३.२३ अर्को बुद्ध ८९
४.३.२४ भऱ्याङ ८९
४.३.२५ समय र स्वभाव ९०
४.३.२६ प्राप्ति र त्याग ९१
४.३.२७ उत्तर आधुनिकता ९२
४.३.२८ पर्दा र जीवन ९३
४.३.२९ अ-रोदन ९३
४.३.३० अन्तिम प्रश्न ९४
४.३.३१ मुक्ति ९५
४.३.३२ असन्तुलन ९६
४.३.३३ पर्खाल र भ्रम ९७
४.३.३४ पक्ष-विपक्ष ९८
४.३.३५ धन्दा ९९
४.३.३६ दौड १००

## परिच्छेद पाँच
## उपसंहार तथा निष्कर्ष

५.१ उपसंहार तथा निष्कर्ष १०१

संभावित शोध शीर्षक १०४

**सन्दर्भ सूची**

# सङ्केत वा सङ्क्षेपीकरणसूची

| | | |
|---|---|---|
| अनु. | = | अनूदित |
| अ.प्रा. | = | अप्रकाशित |
| ई. | = | इस्विसन् |
| उ.प्रा. | = | उपप्राध्यापक |
| एम.ए. | = | स्नातकोत्तर तह |
| क्र.सं. | = | क्रम सङ्ख्या |
| डा. | = | डाक्टर |
| ते.सं. | = | तेस्रो संस्करण |
| दो.सं. | = | दोस्रो संस्करण |
| त्रि.वि. | = | त्रिभुवन विश्वविद्यालय |
| पाँ.सं. | = | पाँचौ संस्करण |
| नि. | = | निर्देशन |
| ने.रा.प्र.प्र. | = | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ले. | = | लेखक |
| पृ. | = | पृष्ठ |
| प्र. | = | प्रकाशित |
| प्रा. | = | प्राध्यापक |
| प्रा.डा. | = | प्राध्यापक डाक्टर |
| वि.सं. | = | विक्रम सम्वत् |
| सम्पा. | = | सम्पादक |
| / | = | अथवा |
| ... | = | उही |

# परिच्छेद एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ विषयपरिचय

लघुकथा आख्यानको एउटा उपविधा हो । सैद्धान्तिक रूपले (आधारमा) साहित्यका मुख्य चार विधा कविता, नाटक, आख्यान र निबन्ध मानिन्छ । यी मूल विधामध्ये आख्यान विधा अन्तर्गत कथा र लघुकथा कथाका प्रविधाका रूपमा साहित्यमा देखा परेको छ । अहिलेको आधुनिकीकरण भई व्यस्त रहेको समाजमा साहित्यका विभिन्न विधाहरूको अध्ययनका लागि समय कम उपलब्ध हुने गरेको छ । कम समयमा लामा साहित्य तथा आख्यान अध्ययन गरी निचोडमा पुग्न असजिलो हुने गर्दछ । तसर्थ, कम समयमा समाज र समाजमा हुने गरेका विभिन्न घटनाक्रम र जीवनका भोगाइ तथा यथार्थ पक्षको विश्लेषण गर्न सकिने गरी लेखिएको छोटो कथालाई लघुकथाको रूपमा लिन सकिन्छ । लघुकथा अङ्ग्रेजी साहित्यमा short short story सशक्त र mini story का रूपमा प्रचलित रहेको देखिन्छ । नेपाली साहित्यमा लघुकथा लेखन कार्य सुरुवात वि.सं. २००७ मा लघुकथाकार पूर्ण प्रसाद ब्राह्मणको 'झिल्का' र वि.सं. २००८ मा 'लोग्ने' कृतिबाट भएको देखिन्छ भने यसै समयमा अर्का लघुकथाकार जयनारायण गिरीको 'कसिङ्गर' (२००८) पनि लघुकथाको क्षेत्रमा महत्त्वपूर्ण मानिन्छ । अहिले लघुकथा परम्परा र सैद्धान्तिक अध्ययनमा धेरै साहित्यकारहरू सहभागी भई लघुकथा पृथक् विधाका रूपमा चिनाउन लागिपरेको देखिन्छ । यसै गरी लघुकथा लेखन र प्रकाशनको क्षेत्रमा धेरै लेखक तथा साहित्यकारहरू सक्रिय रहेका पाइन्छन् । अहिले लघुकथा लेखन कार्यमा कैयौं

लघुकथा रचनाकारहरू मार्फत प्रशस्त सङ्ग्रहहरू प्रकाशन भएका छन् । यसरी लघुकथा विधालाई एउटा पृथक् अस्तित्वयुक्त विधाका रूपमा नेपाली साहित्य क्षेत्रमा पहिचान गराउन वि.सं. २०५३ मा उदयपुरको कटारीमा जन्मिनु भएका कृष्ण शाह 'यात्री' निरन्तर क्रियाशील रहेका देखिन्छन् । उनको दुई लघुकथासङ्ग्रह 'सूक्ष्म शिखाहरू' (२०५६) र 'आणविक अस्त्र' (२०६४) प्रकाशित भएका छन् । उनको पत्रपत्रिका र विभिन्न सङ्ग्रहहरूमा कैयन् लघुकथाहरू प्रकाशित भएका छन् ।

लघुकथा छोटो र कम समयमा पढी सकिने हुन्छ । यसले समाजका हरेक पक्ष र विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गरेको हुन्छ । छोटो, यथार्थ जीवनका अनुभूतिको प्रतिबिम्बनको झलक दिने, जीवन सापेक्ष, समाज सापेक्ष अभिव्यक्तिमा छिटोपन र समाजको विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य लघुकथामा पाउन सकिन्छ । यस सन्दर्भमा पृष्ठभूमिमा लघुकथाकार कृष्ण शाह 'यात्री'को लघुकथाहरूमा पनि जीवन जगत्का भोगाइ र समाजको विविध विकृति र विसङ्गतिप्रति व्यङ्ग्य लुकेको पाइन्छ । समाजको यथार्थ विषयवस्तुलाई पाठक समक्ष ल्याउनु र त्यो यथार्थ समाजभित्र लुकेका कमजोर पक्षलाई सटीक व्यङ्ग्यात्मक ढङ्गले अभिव्यक्त गर्नु उनको कृतिगत विशेषताका रूपमा लिन सकिन्छ । यही प्रवृत्तिको विकसित रूपमा उनका लघुकथाहरू नेपाली साहित्यमा विशिष्ट स्थान लिँदै गएका छन् । 'सूक्ष्म शिखाहरू' (वि.सं. २०५६) र 'आणविक अस्त्र' (२०६४) उनका लघुकथासङ्ग्रहमा समाजका यथार्थ, सामाजिक घटनाहरूप्रति व्यङ्ग्य पाउन सकिन्छ भने विभिन्न सङ्ग्रहहरू तथा पत्रपत्रिकामा प्रकाशित फुटकर लघुकथाहरूमा समाजमा सचेतना जगाउने र समाजको सकारात्मक परिवर्तनका व्यङ्ग्यात्मक कटाक्षहरू प्राप्त गर्न सकिन्छ । यसरी फुटकर लघुकथा तथा लघुकथासङ्ग्रह प्रकाशित गरी सङ्ख्यात्मक रूपमा लघुकथा क्षेत्रको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान दिएका छन् भने गुणात्मक दृष्टिले पनि उनको लघुकथाले समाजको विषयवस्तुलाई विविध पक्षबाट केलाउँदै तथा विश्लेषण गर्दै सकारात्मक समाजको निर्माणमा महत्त्वपूर्ण योगदान दिएको छ । यसरी लघुकथा एउटा पृथक् विधाका रूपमा चिनाउन र लघुकथा लेखन कार्यलाई अगाडि बढाउन कृष्ण शाह 'यात्री'को लघुकथाकार व्यक्तित्व स्पष्ट देखिन्छ । यस परिप्रेक्ष्यमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहले अनुसन्धानात्मक दृष्टिले कृतिपरक विश्लेषण यस शोध कार्यको मूल विषय बनेको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा लघुकथाको लेखन परम्परा पूर्ण प्रसाद ब्राह्मण 'झिल्का' (२००७), जयनारायण गिरीको 'कसिङ्गर' (२००८) बाट लघुकथा लेखन तथा प्रकाशन सुरुवात भए तापनि हालसम्म पनि लघुकथाको परम्परा, सैद्धान्तिक अध्ययन र लघुकथाकारहरूबाट प्रकाशित कृतिहरूमा छिटफुट रूपमा शोध तथा अनुसन्धान भएको पाइन्छ । लघुकथालाई साहित्यको विभिन्न विधाहरूमध्ये आख्यानको प्रविधाको रूपमा चिनाउन कथा जस्तै लघुकथा पनि एउटा प्रविधा भएको पुष्टिको आधार तयारका लघुकथा र लघुकथाकारहरूको कृतिगत अध्ययन अझ अपरिहार्य भएको देखिन्छ । नेपाली साहित्यको लघुकथालाई नेपाली साहित्य र नेपाली भाषाको अभिन्न विधाको रूपमा प्रस्तुत गर्नु पर्ने आवश्यकता महसुस गरिएको हुनाले लघुकथाको कृतिगत विश्लेषणलाई जोड दिइएको छ । नेपाली साहित्यमा लघुकथा लेखन परम्परामा वि.सं. २०५० को दशकमा देखा परेका सशक्त र प्रतिबद्ध स्रष्टा व्यक्तित्वहरूमध्येका एक हुन्, कृष्ण शाह 'यात्री' । नेपाली आख्यान क्षेत्रमा लोकप्रिय रहेको लघुकथा विधामा कृष्ण शाह 'यात्री'को महत्त्वपूर्ण योगदान रहेको छ । 'लघुकथा जीवनलाई हेर्ने सूक्ष्म दृष्टि वा आँखिझ्याल हो, यसबाट जीवनका धेरै रङ्गहरू थाहा पाउन सकिन्छ' भन्ने मान्यता राख्ने 'यात्री'ले 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा समाजका सबल र दुर्बल पक्षहरूको चित्रण के कसरी गरेका छन् ? लघुकथा विधालाई पृथक् विधाका रूपमा चित्रण गर्ने क्रममा कसरी अगाडि बढाइएको छ ? त्यसैले लघुकथा तत्त्वका अधारमा 'आणविक अस्त्र' सङ्ग्रहभित्रका लघुकथाको विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य समस्याकथन रहेको छ । साथै निम्न समस्या पनि मूल समस्यासँग सम्बन्धित भएर रहेका छन्:

(क) कृष्ण शाह 'यात्री'का लघुकथा यात्रा के कस्तो रहेको छ ?

(ख) लघुकथाका सैद्धान्तिक मान्यतामा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहका लघुकथाहरू के कस्ता छन् ?

(ग) 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा लघुकथाकार 'यात्री'को योगदान न स्थान कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

लघुकथाकार कृष्ण शाह 'यात्री'को 'आणविक अस्त्र' सङ्ग्रहका आधारमा कृतिगत विश्लेषण गरी नेपाली लघुकथा क्षेत्रमा उनले दिएको योगदान एवं कृतिमा पाइने प्रवृत्ति र विशेषता पहिचान गरी कृतिगत रूपमा विश्लेषण गर्नु यसको मुख्य उद्देश्य रहेको छ। बुँदागत रूपमा शोधपत्रका उद्देश्य निम्नलिखित रहेका छन्:

क) कृष्ण शाह 'यात्री'का लघुकथा यात्रा के कस्तो छ केलाउनु,

(ख) लघुकथाका सैद्धान्तिक मान्यतामा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहका लघुकथाहरू के कस्ता छन् विश्लेषण गर्नु,

(ग) 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा लघुकथाकार 'यात्री'को योगदान र स्थान के कस्तो छ, पहिचान गर्नु।

## १.६ पूर्वकार्यको समीक्षा

कृष्ण शाह 'यात्री' नेपाली साहित्य सिर्जनाका क्षेत्रमा चिरपरिचित नाम हो। उनले नेपाली साहित्यका विविध विधा नाटक, कथा, लघुकथा, जीवनी आदि क्षेत्रमा कलम चलाएका छन्। वि.सं. २०५० को दशकदेखि लघुकथा लेखन कार्यलाई अगाडि बढाएका 'यात्री'ले दुई लघुकथा कृति र पत्रपत्रिका एवं सङ्ग्रहहरूमा फुटकर लघुकथा प्रकाशित गराएका छन्। उनले केही लघुकथासङ्ग्रह तथा विशेषाङ्कहरू आफैँ सम्पादक भई प्रकाशित गराएका छन्। नेपाली साहित्यमा औपचारिक रूपमा सर्वप्रथम २०५० सालको असार महिनामा मधुपर्कमा 'अबोधपन' नामक लघुकथा लेखेर लघुकथा यात्रा थालनी गरेका हुन्। आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाउने क्रममा सबैभन्दा बढी प्राथमिकता नाटक विधालाई दिए तापनि दोस्रो प्राथमिकता लघुकथालाई दिएका छन्। समसामयिक विषयवस्तुलाई टपक्क टिपेर झिनो आख्यानमा कथाको प्रस्तुति गर्ने सीप 'यात्री'मा रहेको छ। समाजको समसामयिक राजनीतिक-सामाजिक-आर्थिक विकृति, विसङ्गति र मानवीय दुर्गुणहरूलाई साङ्केतिक एवं प्रतीकात्मक किसिमले व्यङ्ग्यात्मक रूपले लघु संरचनाको कथा सिर्जना गर्न सिपालु 'यात्री'का 'सूक्ष्म शिखाहरू' (२०५६), 'आणविक अस्त्र' (२०६४) लघुकथासङ्ग्रहका रूपमा प्रकाशित भएका छन् भने 'गुञ्जन' (२०६५) लघुकथा विशेषाङ्कको रूपमा प्रकाशित भएको छ। लघुकथाकारका रूपमा

कथाकार 'यात्री'को सन्दर्भमा ईश्वरी प्रसाद पोखरेलले नेपाली लघुकथा परम्परा (२०५७-२०५९) शोधमा लघुकथाकारको रूपमा चर्चा गरेका छन् । त्यसै गरी 'सन्निपात' लघुकथासङ्ग्रहमा बाबुराम खपाङ्गीले उनको प्रकाशित फुटकर लघुकथा 'नियति', 'शोक' र 'पराजित मुद्दा'लाई शोधपत्रमा विश्लेषण गरिएको छ ।

कृष्ण गौतमले 'सूक्ष्म शिखाहरू' (२०६५) लघुकथासङ्ग्रहको भूमिकामा उनको कलममा एउटा फक्रन लागेको कोपिलाको सम्भावना छ र त्यो सम्भावना सुन्दर फूल भएर फुलोस् भनेका छन् ।

रामचन्द्र शाहले 'सूक्ष्म शिखाहरू' (२०६५) लघुकथासङ्ग्रहको प्रकाशकीयमा नेपाली साहित्यको फक्रँदो अवस्थाको विधा लघुकथामा लघुकथाकार कृष्ण शाह 'यात्री'को प्रकाशित लघुकथासङ्ग्रह एउटा गुणात्मक इँटा थप्ने विश्वास लिन सकिन्छ भनेका छन् ।

ध्रुव मधिकर्मीले गोरखापत्र दैनिक, २०५६, फाल्गुन २१ मा कृष्ण शाह 'यात्री'ले समाजका वा जीवनमा हुन सक्ने घटना, दृश्य वा विचारलाई कथाको संरचनामा प्रस्तुत गर्ने खुबी राख्छन्, उनका लघुकथामा कथाकारिताका केही राम्रा नमुनाहरू छन् भनेर विश्लेषण गरेका छन् । ईश्वरी प्रसाद पोखरेल, नेपाली लघुकथा परम्परा (२०५७-०५९) स्नातककोत्तर तह, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय (अप्रकाशित) शोधपत्रमा लघुकथाकार 'यात्री'को लघुकथा र लघुकथाकारको रूपमा चर्चा गरिएको छ ।

श्री ओम रोदनले 'आणविक अस्त्र' (२०६६) को लघुकथासङ्ग्रहको भूमिकामा कृष्ण शाह 'यात्री'ले समाजमा भएका नग्नपक्ष र लुकेको सत्यलाई उजागर गरिएका लघुकथाले नै 'आणविक अस्त्र' सङ्ग्रह बनेको छ भनी उल्लेख गरेका छन् ।

बाबुराम खपाङ्गीले 'सन्निपात' सिर्जनात्मक पत्र (२०६६) स्नातककोत्तर तह, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय (अप्रकाशित) मा समसामयिक चरण वि.सं. २०४० पछिका लघुकथाकारहरूमध्ये कृष्ण शाह 'यात्री'ले नेपाली लघुकथाको क्षेत्रलाई अझ उन्नत र विस्तृत तुल्याएका छन् भनी चर्चा गरेका छन् ।

शारदा देवी खतिवडाले, उदयपुर जिल्लाका कथाकारहरूको कथाहरूको अध्ययन (२०६६) मा कथाकार 'यात्री' र उनका प्रकाशित दुई लघुकथासङ्ग्रह 'सूक्ष्म शिखाहरू' (२०५६) र 'आणविक अस्त्र' (२०६४) को बारेमा चर्चा गरेकी छन् ।

डा.केशव प्रसाद उपाध्यायले, 'अतिरिक्त यात्रा' (२०६७) नाटकसङ्ग्रहको भूमिकामा कृष्ण शाह 'यात्री'को प्रमुख विधा नाटक र लघुकथा हो भनेर उल्लेख गरेका छन् ।

मोहन हिमांशु थापाले, 'निर्वासित मनहरू' (२०६७) नाटकसङ्ग्रहको भूमिकामा कृष्ण शाह 'यात्री' (वि.सं.२०३२) नेपाली साहित्यमा लघुकथाकार र नाटककारका रूपमा सुपरिचित छन् भनेका छन् ।

उपर्युक्त पूर्वकार्यको समीक्षाबाट कृष्ण शाह 'यात्री'को लघुकथा लेखन र 'आणविक अस्त्र' लघुकथाको विकासमा महत्त्वपूर्ण कार्य भएको मानिन्छ । उक्त पूर्वकार्यमा उनका बारेमा अनुसन्धानमूलक अध्ययन हुन बाँकी रहेकाले यस शोधकार्यको औचित्य पुष्टि भएको छ ।

## १.७ शोधको औचित्य

हालसम्म लघुकथाको सिद्धान्त र लघुकथा परम्परा सम्बन्धी केही अनुसन्धान भए पनि लघुकथा र लघुकथाकारहरूको बारेमा अध्ययन-अनुसन्धान भएको देखिँदैन । त्यसैले लघुकथाकार 'यात्री' र उनको लघुकथासङ्ग्रह 'आणविक अस्त्र' कृतिमा अनुसन्धान कार्य हुन सकेमा लघुकथाको क्षेत्रमा ठोस योगदान पुग्ने भएकाले यो प्रस्तावित शोधकार्यको औचित्य सिद्ध हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

कृष्ण शाह 'यात्री'को 'आणविक अस्त्र'को कृतिपरक विश्लेषण मात्र गरिने छ । लघुकथासङ्ग्रहको कृतिपरक विश्लेषण गर्ने क्रममा लघुकथा र लघुकथाकार 'यात्री'को बारेमा सामान्य चर्चा गरिने छ ।

## १.९ शोधविधि ढाँचा

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा प्रथमतः प्राथमिक र द्वितीय स्रोतका सामग्री सङ्कलन गरिने छ । सङ्कलित सामग्रीलाई सम्पादन, सत्यापन र सैद्धान्तिक ढाँचाभित्र राखेर विश्लेषण गरिने छ । यस क्रममा पुस्तकालीय सामग्री सङ्कलन र तुलनात्मक एवं कृतिपरक विधागत तत्त्वका आधारमा विश्लेषण गरिने छ ।

## १.१० शोधको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । सबै परिच्छेदका विभिन्न शीर्षक, उपशीर्षकहरूलाई दशमलव प्रणाली अनुसार व्यवस्थित गरिएको छ । सामान्यतः शोधपत्रको रूपरेखा निम्न प्रकारको रहेको छ ।

| | | |
|---|---|---|
| परिच्छेद - एक | : | शोध परिचय |
| परिच्छेद - दुई | : | कृष्ण शाह यात्रीको जीवनी र व्यक्तित्व सङ्क्षिप्त परिचय |
| परिच्छेद - तीन | : | लघुकथा सिद्धान्त र नेपाली लघुकथा परम्पराको चर्चा |
| परिच्छेद - चार | : | 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन |
| परिच्छेद - पाँच | : | उपसंहार/निष्कर्ष |

# परिच्छेद दुई

# लघुकथाकार कृष्ण शाह ‘यात्री’को जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय

## २.१ लघुकथाकार कृष्ण शाह ‘यात्री’को जीवनी

### २.१.१ जन्म र जन्मस्थान

लघुकथाकार कृष्ण शाह ‘यात्री’को जन्म आफ्नो बाबुआमा वि.सं. २०१५ सालतिर व्यापारिक र व्यावसायिक कार्यलाई अगाडि बढाउन नारायणी अञ्चलको रौतहटबाट सगरमाथा अञ्चलको उदयपुर कटारी गएपछि वि.सं. २०३२ भदौ १० गते कृष्णजन्माष्टमीका दिन तद्अनुसार २६ अगस्त, १९७५ मा बुबा विन्देश्वर र आमा कौशल्याका चौथो सन्तानको रूपमा भएको हो । कृष्णजन्माष्टमीका दिन जन्मिएका कारण नै उनको नाम कृष्ण शाह रहन गएको हो ।

### २.१.२ बाल्यकाल र शिक्षा

उदयपुर जिल्लाको महत्त्वपूर्ण मनोरम तथा प्राकृतिक वातावरण भएको सुन्दर व्यापारिक क्षेत्र कटारीमा एक मध्यमवर्ग परिवारमा कृष्ण शाह ‘यात्री’को जन्म भएको हो । बाबु व्यापारी भएका कारणले उनको बाल्यकाल अभावविना नै सुखमय बित्यो । सानैदेखि नै नयाँनयाँ कुराहरूमा चाख राख्ने ‘यात्री’ साथी समूह जम्मा गरेर चित्र बनाउने, फुटबल खेल्ने, कथा सुनाउने गर्दथे । बाल्यकालदेखि नै पुस्तक पढ्नुमा उनी निकै रुचि राख्दथे । रेडियोबाट प्रसारित बालकार्यक्रमहरूको प्रतिक्रिया लेखेर पठाउनु उनको विशेष रुचि थियो । खेलकुद, मनोरञ्जनमा सक्रिय हुन रुचाउने ‘यात्री’को प्रारम्भिक शिक्षा घरायसी-पारिवारिक वातावरणमा सुरु भए पनि औपचारिक शिक्षा वि.सं. २०३६ सालदेखि सगरमाथा शिशु सदन बोर्डिङ स्कुल, कटारीबाट ४ वर्षको हुँदाबाट सुरु भएको हो । स्थानीय बोर्डिङ स्कुलमा नर्सरीदेखि कक्षा तीनसम्म अध्ययन गरेपछि कक्षा ४ देखि उनले त्रिवेणी मा.वि.का छात्र बनेर एस.एल.सी.परीक्षा वि.सं. २०५० सालमा प्रथम श्रेणीमा उत्तीर्ण गरे । उच्च शिक्षा लिने क्रममा काठमाडौं त्रिचन्द्र क्याम्पस घन्टाघरमा आई.एस्सी.अध्ययनका लागि भर्ना भए । आई.एस्सी.सँगै उनमा व्यवस्थापन सङ्कायपट्टिको रुचि तीव्र भएपछि उनी शङ्करदेव क्याम्पस भर्ना भई आई.कम.पनि उत्तीर्ण गरे ।

यसरी कहिले विज्ञान त कहिले व्यवस्थापन सङ्काय पढ्ने 'यात्री'ले उच्च शिक्षा रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँबाट मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत नेपाली र पत्रकारिता तथा आमसञ्चारमा स्नातक गरेर सोही क्याम्पसबाट वि.सं. २०६४ सालमा आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तरसम्मको अध्ययन पुरा गरेका छन् ।

### २.१.३ साहित्यिक प्रेरणा र प्रवेश

बाल्यकालदेखि नै बालकथा, पुस्तक, पत्रिका अध्ययन गर्नु तथा रेडियोबाट प्रसारित बालनाटक, बालगीत, बालकथा सुन्नु उनको रुचि थियो । स्थानीय कटारी बजारमा विभिन्न चाडपर्वमा देखाइने नाटक र अभिनयले पनि उनलाई विशेष प्रभावित पारेको थियो । बाल्यकालदेखि नै उनी कला, सङ्गीत र साहित्यतर्फ बढी आकर्षित हुने गर्दथे । एक्लै हुँदा नयाँनयाँ किताबहरू पढ्ने, पूर्वीय र पाश्चात्य कलासाहित्यमा रुचि राख्ने 'यात्री'मा १४/१५ वर्षदेखि नै आफूलाई अरूभन्दा भिन्न नाम राख्ने र चर्चित हुने रहर पलाएको थियो । 'यात्रा' शब्दलाई आफ्नो जीवनसँग तुलना गर्न रुचाउने हुनाले आफ्नो जीवनलाई सिर्जनात्मक बनाउने लक्ष्य उनमा बाल्यकालदेखि नै थियो । उनले भविष्यमा 'यात्री' बन्ने अभिलाषा लिएर आफ्नो नामको पछाडि 'यात्री' शब्द थप्न थाले । आफूलाई भविष्यमा "सडक" (साहित्य, डाक्टर र कलाकार) अर्थात् कलाकारिता र साहित्यको क्षेत्रमा लागि विद्यावारिधि (पिएचडी) सम्म पुग्ने अथवा यात्रा गर्ने लक्ष्य लिएर सडकमा यात्रा गर्ने पथिक वा 'यात्री' बन्न प्रेरित भएकै कारणले आफूलाई कृष्ण शाह 'यात्री' नामले चिनाउन साहित्य र कलाकारिता क्षेत्रमा लागेका हुन् (पाण्डेय, २०६७:३०) ।

कक्षामा विभिन्न लेखकहरूको जीवनी र कृतिहरू अध्यापन गराइँदा र आफूले बालकृष्ण सम, सरुभक्तका नाटकहरू तथा विभिन्न कथाहरूको अध्ययन गर्दा आफूले पनि उनीहरूले जस्तै साहित्यिक रचना लेख्न पाए हुन्थ्यो भन्ने सोच उनमा आइरहन्थ्यो । यसकै फलस्वरूप बिस्तारै उनी साहित्यिक रचना नाटक लेखन, अभिनय तथा लघुकथातिर क्रियाशील रहन थाले ।

विशेषत: काठमाडौं आइसकेपछि वि.सं. २०५४ मा यात्री रङ्गकर्मी तथा नाटक निर्देशक हरिहर शर्मासँग सम्पर्कमा आएर उनकै प्रेरणा पाई वि.सं. २०५५ मा सांस्कृतिक

संस्थानबाट रङ्गमञ्चको प्रशिक्षण लिन पुगे भने लघुकथा क्षेत्रमा नियमित क्रियाशील रहेका कारण नै लघुकथा लेखन तथा प्रकाशनमा सक्रिय रहे ।

## २.२ व्यक्तित्व

साहित्यमा विशेष रुचि भएका कृष्ण शाह 'यात्री'लाई बहुआयामिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । आफ्नो जीवनमा साहित्य सिर्जना, नाटक निर्देशन तथा अभिनयपूर्ण समर्पित यात्री साहित्यका नाटक, लघुकथा, कविता क्षेत्रमा निरन्तर कलम चलाउँदै छन् । बालसाहित्यको क्षेत्रमा समेत समर्पित 'यात्री'को व्यक्तित्वका विविध आयामहरूलाई विभिन्न शीर्षक अनुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.२.१ लघुकथाकार व्यक्तित्त्व

नेपाली साहित्यको आख्यान विधा अन्तर्गत लघुकथा उपविधालाई विशेष महत्त्व दिने लघुकथाकार व्यक्तित्वका रूपमा सुपरिचित नाम हो कृष्ण शाह 'यात्री' । नेपाली लघुकथा लेखन परम्परामा वि.सं. २०४६ पछि देखा परेका सशक्त र प्रतिबद्ध स्रष्टा व्यक्तित्वहरूमध्ये वि.सं. २०५० को दशकमा लघुकथा लेखनमा सक्रिय र प्रतिबद्ध रहेका छन् (पोखेल २०६०, १०७) । हालसम्म उनका दुई लघुकथासङ्ग्रह 'सूक्ष्म शिखाहरू' (२०५६) र 'आणविक अस्त्र' (२०६४) प्रकाशित भएका छन् ।

चालिसकै दशकबाट विभिन्न भित्ते पत्रिकाका लागि फुटकर कथा लेखन कार्य आरम्भ गरेका 'यात्री'ले पचासको दशकमा २९ पूर्णाङ्कसम्मको 'प्रोत्साहन' साहित्यिक हवाई पत्रिका सम्पादन गर्दा लघुकथाको सीमा र अर्थलाई बुझ्ने अवसर मिलेको देखिन्छ (यात्री, २०६४, ७) ।

वास्तवमा लघुकथा पनि जीवनलाई हेर्ने सूक्ष्म दृष्टि वा आँखीझ्याल नै हो । यसबाट जीवनका धेरै रङ्गहरू थाहा पाउन सकिन्छ (यात्री, आणविक अस्त्र) । यात्रीका लघुकथाहरूमा जीवनका विभिन्न यथार्थ पक्षको उद्घाटन र सत्य पक्षको सहज निरूपण प्राप्त गर्न सकिन्छ । वि.सं. २०५० को दशकपछि नेपाली राजनीतिमा भित्रिएको गलत प्रवृत्ति र चिन्तनबाट समाजमा परेको विभिन्न नकारात्मक प्रभाव उनका लघुकथामा समेटिएको छ । नेपाली समाज, नेपालको राजनीतिक अवस्था, शिक्षा, स्वास्थ्य, मानवता, आर्थिक अवस्था आदि क्षेत्रमा देखिएका विषम परिस्थिति, भ्रष्टाचार, अन्याय, शोषण,

दमन, विश्वासघात, अन्योल, आतङ्क, भिडतन्त्र, बनावटीपन, नेपाली समाजमा व्याप्त द्वन्द्व, गरिबी, हत्या, आतङ्कजस्ता सामाजिक जीवनका मावनीय पक्षमा दुःख, पीडा र समस्यालाई प्रतीकात्मक ढङ्गले कलात्मक भाषाको प्रयोग गरी उत्कृष्ट लघुकथा लेख्न सफल भएका छन् । समाजका विभिन्न विकृति र विसङ्गतिलाई केन्द्रीय कथ्यका रूपमा नवीन भाषाशैलीका माध्यमबाट कहिले प्रथम पुरुष दृष्टिबिन्दुको त कहिले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी लघुकथाको कथावस्तुलाई मर्मस्पर्शी बनाउन लघुकथासङ्ग्रह 'सूक्ष्म शिखाहरू' (२०५६) र 'आणविक अस्त्र' (२०६४) सफल देखिन्छन् । उनको प्रकाशित लघुकथाहरूमा व्यङ्ग्य र चेतना प्रभाव प्रशस्त पाउन सकिन्छ । नेपाली समाजमा आफूलाई रङ्गभैँ परिवर्तन गर्न सक्ने छेपारे प्रवृत्तिलाई लघुकथामा पात्रका रूपमा उभ्याएर नङ्ग्याएका छन् । यस लघुकथासङ्ग्रहमा 'यात्री'ले मान्छेका निम्ति मान्छेभन्दा खतरनाक अरू कोही नहुने, मान्छे आफ्नै महत्त्वाकाङ्क्षाले दुःखी हुनुपर्ने, मान्छे स्वार्थका लागि कतिसम्म गिर्न सक्छ भन्ने कुराको पनि उल्लेख गरेका छन् । 'यात्री'का लघुकथाहरूमा नारी चेतना, नारीका बाध्यता, चेलीबेटी बेचबिखन, सामाजिक रूपले अन्धो परम्परा, सहिदको उपेक्षा, मुक्तिको हतियार, अमेरिका र विदेश जान सबै त्याग्ने प्रवृत्ति, अहिलेका राम र रक्षक बन्ने भक्षकप्रति गतिलो व्यङ्ग्य प्रहार गर्न उनका लघुकथाहरू अग्रसर देखिन्छन् (रोदन, २०६४: ६) ।

समाजवादी/प्रगतिवादी यथार्थवादी रीतिभित्र विभिन्न मूल्यमान्यता स्वरूप पृथक् रूपमा देखा परेका समाजवादी यथार्थवादी रीति हो । खासगरी समाजवादी रीतिले राजनीतिक चिन्तन, मार्क्सवादी वा प्रगतिवादीसँग नजिकको सम्बन्ध राखेको हुन्छ । यसको मूल रुचि जनपक्ष हुन्छ । प्रगतिवादी रीतिले आर्थिक नियतिलाई केन्द्रमा राखेको हुन्छ र यसको आदर्श न्यायपूर्ण समाजको चाहना रहेको हुन्छ । मूलतः यस्तो किसिमको रीतिलाई आत्मसात् गरेर लघुकथा लेख्ने मुख्य लघुकथाकारहरूमध्ये कृष्ण शाह 'यात्री' पनि हुन् (पोखरेल, २०६७: ९७) ।

निश्चय पनि कृष्ण शाह 'यात्री' एक आसलाग्दा लघुकथा शिल्पीका रूपमा देखा परेका छन् । युगीन चिन्तन अन्तर्गत उनले राजनीतिक वातावरणभित्रका गम्भीर विकृतिहरूका साथै समाजमा मानवीय समस्याहरूको निकै राम्रो चित्रण गर्न सकेका छन् र तिनलाई उनले विभिन्न प्रतीक एवं साङ्केतिक प्रसङ्गका माध्यमबाट व्यक्त गरेका

छन् (अश्क, २०६५: ७७) । नेपाली लघुकथाको इतिहासमा वि.सं. २०४० को दशकमा उदाएका प्रमुख लघुकथाकार कृष्ण शाह 'यात्री' हुन् (कसजु, २०६५: ३०) ।

'यात्री' नेपाली कथा साहित्यको श्रीवृद्धिको निम्ति निरन्तर क्रियाशील एक उल्लेख्य प्रतिभा हुन् । विशेषतः आधुनिक कथा साहित्यमा देखा परेको लघुकथाको क्षेत्रको 'यात्री'ले पुऱ्याएको योगदान नेपाली साहित्यले कहिल्यै नबिर्सिने गरी अमिट बनेर रहने छ । साामाजिक यथार्थवादी कथाकार कित्तामा रही त्यसभन्दा पनि पर प्रगतिवादी र आलोचनात्मक यथार्थवादी लेखन कार्यमा समेत होमिएका 'यात्री'को कथा साहित्यमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनका कथाहरूमा प्रयुक्त मानवीय र मानवेतर पात्रहरू छन् । साधारण घटनाक्रमलाई सरल र सुबोध भाषाको माध्यमबाट पाठकहरूलाई डोऱ्याउँदै अचानक गम्भीर अर्थ र समस्याको गहिराइमा पुऱ्याउनु उनको लघुकथाको विशेषता हो (खतिवडा, २०६६: १३९) ।

कृष्ण शाह 'यात्री'लाई नेपाली साहित्यमा क्रियाशील रहँदै आएका चम्किलो तारा मान्न सकिन्छ । 'यात्री'मा प्रशस्त प्रतिभा र सिर्जनात्मक योग्यता छ र जो नेपाली लघुकथा क्षेत्रमा आधुनिक युगका विकृति र विसङ्गतिलाई भित्री तहदेखि नै खोतल्दछन् । हामी कहाँ उभिएका छौँ र कता जाँदैछौँ भन्ने पनि उनी बुझ्दछन् । ओह्रालो लाग्दै गरेको विसङ्गतिले जेलिएका, विकृतिको घेरमा बाँधिएको आधुनिक यथार्थ जीवनका कथाकार हुन् (गौतम, २०५५: ५) ।

यसरी 'यात्री'का लघुकथासङ्ग्रहमा 'सूक्ष्म शिखाहरू'मा रहेका लघुकथा समाजवादी, प्रगतिवादी/यथार्थवादी कथाका रूपमा प्रस्तुत भएर आएका छन् । नेपालको राजनीति, सामाजिक र मानिसका व्यावहारिक जीवनशैलीसँग सम्बन्धित विविध घटनाहरूको पृष्ठभूमिमा लेखिएको छ । समाजका विकृति-विसङ्गति व्यङ्ग्यात्मक शैलीमा आख्यानीकरण गरी मानव जीवनका सूक्ष्म र स्थूल घटनालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । समाजमा रहेका नकारात्मक पक्षहरू गरिबी, शोषण, अभाव, असुरक्षा, विभेद, भ्रष्टाचार आदिका विरुद्धमा आवाज उठाउने लघुकथाहरू अत्यन्त मर्मस्पर्शी र गम्भीर छन् । त्यसै गरी वि.सं. २०६४ मा ३६ वटा लघुकथाहरूको सँगालो 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा प्रकाशित भएपछि लघुकथाका क्षेत्रमा सशक्त लघुकथाकारका रूपमा आफ्नो पहिचान बनाउन कृष्ण शाह 'यात्री' सफल भएका छन् ।

समाज वास्तविक घटना र मानवीय पक्षसँग मेल खाने स्वभाव र आचरणलाई सरल, सहज, स्पष्ट भाषाशैलीका माध्यमबाट प्रस्तुत गर्नु, लघुकथालाई सजीव बनाउन प्रयत्न गर्नु उनको विशेषताका रूपमा लिन सकिन्छ । नेपाली लघुकथा लेखनमा अटुट र निरन्तर सक्रिय 'यात्री' नेपाली साहित्याकाशमा बहुमुखी प्रतिभा सम्पन्न चम्किला ताराका रूपमा लिन सकिन्छ ।

### २.२.२ नाटककार व्यक्तित्व

कृष्ण शाह 'यात्री' नेपाली साहित्यका बहुआयामिक व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका विधि विधामा कलम चलाउँदै आएका छन् तापनि उनको मूल योगदान तथा सिर्जनशीलताको प्रमुख एवं सशक्त पक्ष भनेको नाटक सिर्जना हो (खतिवडा, २०६६: ४२) । औपचारिक नाट्य लेखन यात्रा 'चिसो वस्ती', 'क्षितिज' (२०४७) सँगै आरम्भ गरेका 'यात्री'ले हालसम्म तीन ओटा नाटकसङ्ग्रह 'समय अवसान' (२०६१), 'मान्छे/मान्छेहरू' (२०६४) र 'अतिरिक्त यात्रा' (२०६७) प्रकाशित गरेका छन् । उनको पहिलो नाटक सङ्ग्रहभित्र रहेको 'निर्वासित मनहरू' (२०६७) पूर्णाङ्की नाटकका रूपमा प्रकाशित भएको छ । 'यात्री'ले बालनाटकका रूपमा हालसम्म 'फुच्चे रोबट' (२०६५), 'हिङमाङको चौरी (२०६५), 'जलपरी' (२०६७), 'प्रतिनिधि नेपाली बालनाटक' (२०६४) जस्ता बालनाटक लेखन तथ सम्पादन गरी प्रकाशित गरेका छन् (पाण्डेय, २०६७: ४२) ।

विषयवस्तुको बौद्धिक प्रस्तुति र प्रयोगशीलतालाई रुचाउने तथा युगीन वेथिति र मूल्यहीनताका विरुद्ध आफूलाई उभ्याने 'यात्री' बौद्धिक एवं चिन्तनशील व्यक्तित्व हुन् । यति सानो उमेरमा नै रङ्गकर्मका क्षेत्रमा आफूलाई परिचित गराउन सफल 'यात्री'को नाट्यलेखन र निर्देशनको कर्मलाई हेर्दा उनमा हुने बिरुवाको चिल्लो पातका लक्षणहरू प्रशस्त देखिन्छ । उनी जाँगरिला एवं कमण्र्य नाट्यकर्मी हुन् (पौडेल, २०६१: १६) ।

वरिष्ठ नाटककार सरुभक्तले कृष्ण शाह 'यात्री'को नाट्य व्यक्तित्वमाथि यसरी प्रकाश पारेका छन्- "जीवन एक यात्रा हो, सायद सिर्जनाका क्षेत्रमा अभिशापहरू पनि वरदान बन्छन् । कृष्ण शाहलाई म यस्तै सर्जक सम्झन्छु जो जीवन र जगत्का अभिशापहरूमा सिर्जनाका बिम्बहरू खोज्छन्" (नेपाली राष्ट्रिय दैनिक, हिमालय टाइम्स, वर्ष १, अङ्क २११) ।

'यात्री'को जीवन नाटकले निर्मित छ । नाटकमा समर्पित छ । त्यसैले यो समयलाई के कस्ता नाटक आवश्यक पर्दैन । नेपाली नाटक कहाँ पुगेर कता लाग्दै छ ? अब कता जान सक्छ ? भन्ने विषयको आवश्यक चेतना उनमा छ । त्यही चेतनाले यात्रीलाई नयाँ नाटक लेखाइरहेको छ (भट्टराई, २०६७: ३३) ।

'यात्री'को नाट्य व्यक्तित्वलाई प्रस्ट्याउँदै नाटककार अशेष मल्ल भन्छन्- "नाटककार 'यात्री'का नाटकहरूमा लेख्य, कथ्य र रङ्गमञ्चीय शिल्पको उत्कृष्ट सामञ्जस्यता भेटिन्छ । नाटकको कार्यव्यापारमा शिल्पगत सम्भावना रहेन भने नाटकले गति लिन सक्दैन । नाटकको प्राण त्यही शिल्प हो । 'यात्री'का नाटकमा भेटिने महत्त्वपूर्ण विशेषता पनि त्यही हो" (मल्ल, २०६१: ५) ।

प्रा.डा.केशव प्रसाद उपाध्याय नाटककार 'यात्री'को प्रशंसा गर्दै भन्छन्- "रङ्गमञ्चीय प्रयोगका सन्दर्भमा होस् वा विचार अथवा चिन्तनका विचारमा होस् अन्य नाटकारझैँ उनी पनि पश्चिमी प्रभावमा देखिन्छन् । उनी यथास्थिति नभएर परिवर्तनवादी छन् । उनी समयप्रति सचेत छन् र सुन्दर भविष्यको परिकल्पना गर्ने आशावादी नाटककार व्यक्तित्वका रूपमा देखिन्छन्" (उपाध्याय, २०६५: ४३) ।

आफ्ना नाटकहरूमा उनले समकालीन समाजमा घटिरहेका यथार्थ घटनाहरू उल्लेख गर्नुका साथै पीडित वर्गको पक्षमा न्यायको वकालत गरी समाज सुधारको चाहना व्यक्त गरेका छन् । उनका नाटकहरूले मनोरञ्जनका अतिरिक्त मुलुकको परिस्थिति एवं सामाजिक विषयहरूलाई तीव्रतापूर्वक प्रतिबिम्बित गर्न र पाठकको रुचिलाई परिष्कृत गर्न सकून् भन्ने धारणा उनले आफ्ना सरल र स्वाभाविक भाषामा देशको भौगोलिक, सांस्कृतिक, राजनीतिक, आर्थिक जस्ता विविध पक्ष र जनजीवनको प्रस्तुति गरेका छन् । प्रयोग र परीक्षणका लागि लेखिएका नाटक दर्शक माझ लोकप्रिय हुन पुगेका छन् । साङ्केतिक भाषामा नाटक रचना गरी प्रथम नेपाली सङ्केत नाटकका सूत्रधार, प्रयोक्ता, नाटकप्रति देखाएको सद्भाव, प्रतिक्रिया र विश्वासबाट उत्साहित हुँदै गम्भीरतापूर्वक नाटक क्षेत्रमा समर्पित देखिन्छन् (पाण्डेय, २०६४: ४५) ।

'यात्री'का नाटकले द्वितीय विश्वयुद्ध पश्चात् मानवीय जनजीवनमा देखिएको अस्तव्यस्तताका साथै विश्वजीवन अवस्थामा देखा परेका हत्या, हिंसा, आतङ्कजस्ता सन्त्रासमय वातावरणमा निरीह, निरर्थक र अस्तित्वहीन भएर बाँच्नु पर्ने वाध्यात्मक

परिस्थितिको चित्रण गरेका छन् । उनका नाटकमा नेपालको परिप्रेक्ष्यमा विद्यमान राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक विकृति तथा विसङ्गति; माओवादी सशस्त्र द्वन्द्वकालीन समयको यथार्थ चित्रण पाइन्छ । नेपालमा द्वन्द्वले पारेको प्रभाव, हत्या, हिंसा र आतङ्कबाट आक्रान्त भएर बिदेसिनु पर्ने अवस्था सिर्जना भएर भयमुक्त वातावरणका लागि बिदेसिएका नेपालीले विदेशमा समेत भोग्नु परेको पीडाजनक स्थितिलाई आफ्नो नाटकको विषयवस्तु बनाएका छन् । त्यति मात्र नभएर शरणार्थी जीवन जिउन बाध्य सीमान्तकृतका समस्या, लागूपदार्थ दुर्व्यसनी, चेलीबेटी बेचबिखन र वैज्ञानिक आविष्कारबाट हुने भावी विनाशजस्ता विषयवस्तुलाई बिम्ब र प्रतीकका माध्यमबाट नाटकीय स्वरूप दिन सफल भएका छन् ।

यसरी विभिन्न नाटकसङ्ग्रह, सङ्केत नाटक लगायत बालनाटक सङ्ग्रहका माध्यमबाट कृष्ण शाह 'यात्री'ले उत्तर आधुनिक नेपाली नाटकको विकासमा उल्लेखनीय योगदान दिँदै सशक्त नाटककारका रूपमा आफूलाई स्थापित गराएका छन् ।

### २.२.३ कवि व्यक्तित्व

साहित्यका विविध विधाहरूमा सशक्त ढङ्गले कलम चलाउने कृष्ण शाह 'यात्री'ले वि.सं. २०४६ देखि कविता लेखनमा कलम चलाएको देखिन्छ । आरम्भमा उनका कविता 'ज्योतिपुञ्ज', 'क्षितिज' लगायतका पत्रिकामा प्रकाशित भएको पाइन्छ । उनको दर्जनौँ फुटकर कविताहरू 'करेन्ट साप्ताहिक', 'राष्ट्रवादी साप्ताहिक', 'मुना मासिक', 'युवा मञ्च', 'नवकविता' आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएको छ । उनी कविता लेखनबाट मनोभाव मासिक त्रिचन्द्र साहित्य सदन र रत्नराज्यलक्ष्मी कलेजमा भएका कार्यक्रमहरूमा सहभागी भै पुरस्कृत समेत भएका छन् । उनले बालकविता क्षेत्रमा पनि कलम चलाएका छन् (पाण्डेय, २०६७: ५३) ।

### २.२.४ रङ्गकर्मी व्यक्तित्व

कृष्ण शाह 'यात्री' निकै लामो समयदेखि रङ्गकर्म क्षेत्रमा क्रियाशील र समर्पित देखिन्छन् । आफ्नै जन्मस्थान उदयपुरको कटारीबाट नाटक लेखन, निर्देशन तथा अभिनय गर्दै वि.सं. २०४७/०४८ देखि नै रङ्गकर्म क्षेत्रमा अग्रसर देखिन्छन् । वि.सं. २०४८ मा

मोदनाथ प्रश्रितको 'आमको काख' एकाङ्की नाटकका साथ रङ्गमञ्चीय यात्रा सुरु गरेका हुन् । 'यात्री'ले नेपाली रङ्गमञ्चमा विभिन्न समकालीन तथा प्रयोगवादी उत्तर आधुनिक नाट्यवस्तुको विधान भएका एकाङ्की नाटकहरू मञ्चन गरेका छन् । 'यात्री' दर्शकहरू माझ र नाट्य परम्पराभित्र आफ्नो मौलिक पहिचान बनाउन सफल व्यक्तित्वको रूपमा लिन सकिन्छ ।

विद्यालयीय उमेरदेखि हालसम्म नाटक लेखन, निर्देशन तथा अभिनयमा निरन्तर सक्रिय रहेका 'यात्री' आफूलाई नाटककार र रङ्गकर्मीका रूपमा परिचित गराउन बढी रुचाउँछन् । नाटक र रङ्गमञ्चका क्षेत्रमा अनवरत रूपमा संलग्न उनका धेरैजसो नाटकहरू उनकै निर्देशनमा सफलतापूर्वक मञ्चित भइसकेका छन् । वि.सं. २०४७ मा 'चिसो वस्ती' नाटकमा सूत्रधारको भूमिका खेलेर आफ्नै लेखन तथा निर्देशन लगायत पात्रगत भूमिका निर्वाह गरी दर्शकमाझ लोकप्रिय बनेका 'यात्री' वि.सं. २०४८ मा मोदनाथ प्रश्रितको 'आमाको काखमा' नाटकको निर्देशन गरी औपचारिक रूपमा नाटक निर्देशन कार्य सुरु गरेका हुन् (उपाध्याय, २०६७: ७) ।

वर्तमान समयमा रहेका रङ्गकर्मीहरूको ठूलो जमातमा प्रतिबद्धतापूर्वक समर्पित भएर लाग्नेहरूमध्ये सशक्त रङ्गकर्मी 'यात्री' विश्वव्यापी रूपमा सङ्केत नाटक र रङ्गकर्मका प्रयोक्ता भएर उनी 'ज्योतिपुञ्ज साइन थिएटर'मा अहिलेसम्म 'मान्छे/मान्छेहरू' सङ्केत नाटक लगायत आधा दर्जनजति सङ्केत नाटकहरू सफलतापूर्वक मञ्चन गरी रङ्गमञ्चीय नवप्रयोग गर्न सफल भएका छन् भने बहिरा पात्रहरूलाई रङ्गमञ्चमा उतार्ने क्रममा पहिलो सङ्केत नाटक 'मान्छे/मान्छेहरू' (२०५८) मार्फत सङ्केत नाटक तथा रङ्गमञ्च प्रयोक्ताका रूपमा प्रसिद्धि पाएका छन् (पाण्डेय, २०६७: ४९) ।

डा.अभि सुवेदीले उनको रङ्गकर्मी व्यक्तित्वको खुलेर यसरी प्रशंसा गरेका छन्- "कृष्ण शाह 'यात्री'को नाटकमा नवयथार्थवाद देखिन्छ जुन नेपाली नाटकका निम्ति नवीन प्रयोग हो । लेखन, निर्देशन र अनुसन्धान विभिन्न क्षेत्रमा क्षमता भएका प्रतिभाशाली नाट्यकर्मी 'यात्री'का नाटकमा मूल विशेषता आलेखमा रङ्गमञ्च पनि भैराखेको हुन्छ । साथै नाटकमा वैयक्तिक भएर उनले विभिन्न समयको रचना गरेका छन् उनी युवापुस्ताका प्रतिनिधि नाट्यकर्मी हुन्" (सुवेदी, २०६४: ६) ।

वरिष्ठ समालोचक प्रा.डा.मोहन हिमांशु थापा 'यात्री'को रङ्गकर्म व्यक्तित्वप्रति खुलेर भन्छन्- "सङ्केत नाटकको सुरुवात गर्ने 'यात्री' समकालीन युगका एक विशिष्ट रङ्गकर्मी हुन्" (घटना र विचार राष्ट्रिय साप्ताहिक, ९ गते, ०६४, रङ्गमञ्चका यात्री)। नाटककारले नाटक निर्देशनदेखि अनुसन्धान र व्यवस्थापनसम्म गर्ने परिपाटीको सुरुवात समेत गरेका थिए जसको निरन्तरतामा पृथक्तासहित 'यात्री' देखिएका छन्। कृष्ण पहिलो रङ्गकर्मी हुन् त्यसपछि नाट्यकर्मी (नेपाल, श्रावण २३, २०६२, पृ. ५५)।

'ज्योतिपुञ्ज साइन थिएटर'लाई राजधानीमा पुनःस्थापना गर्दै सांस्कृतिक संस्थानबाट प्रशिक्षितहरूको समूह 'सान' (२०४७) संस्था आफ्नै अध्यक्षतामा गठन गरी रङ्गमञ्चीय गतिविधिहरूलाई अगाडि बढाउन 'यात्री' दत्तचित्त देखिन्छन्। ऊ बहुमुखी प्रतिभा हो। अझ रङ्गमञ्चको त सक्रिय, सशक्त र प्रभावशाली युवक कृष्ण केवल लेखक मात्र होइन; स्वयम् एउटा कुशल रङ्कर्मी हुन्। कुशल अभिनेता र कुशल निर्देशक पनि। रङ्गमञ्चका सीमाहरूलाई उनले राम्ररी बुझेका छन्, पछिल्लो पुस्ताका उनी एक सशक्त रङ्गकर्मी हुन् (नेपाली राष्ट्रिय दैनिक, हिमालय टाइम्स, वर्ष १०, अङ्क २११)।

### २.२.५ नाट्य निर्देशक तथा अभिनेता व्यक्तित्त्व

आफ्नो जीवनमा नाटक र रङ्गमञ्चलाई सानै उमेरदेखि नै आफ्नो रुचिको विषय बनाएका कृष्ण शाह 'यात्री' बहुप्रतिभाशाली युवा निर्देशक तथा अभिनेता हुन्। अध्ययनकै क्रममा आफ्नो जन्मस्थल उदयपुरको कटारीमा वि.सं. २०४८ मा 'ज्योतिपुञ्ज' नाट्यसमूह स्थापना गरी सर्वप्रथम मोदनाथ प्रश्रितको 'आमाको काखमा' नाटकबाट निर्देशन गर्ने व्यक्तित्वको रूपमा 'यात्री' सफल मानिन्छन्। सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) बाट नाटक निर्देशकको एक बर्से औपचारिक अध्ययन कोर्स पुरा गरेका 'यात्री'ले नाटक र वृत्तचित्रको पनि निर्देशन गरेका छन् (अधिकारी, २०६६: ११)।

बालनाटक, सडकनाटक, कवितात्मक नाटक र सङ्केत नाटक समेतको निर्देशन गरिसकेका 'यात्री'ले नाटक निर्देशन मात्र नभएर अभिनयलाई पनि उत्तिकै सशक्त ढङ्गले अगाडि बढाएका छन्। नेपाली रङ्गमञ्चका क्षेत्रमा सक्रिय र प्रभावशाली युवा अभिनेताका रूपमा अशेष मल्लको 'हारेका मान्छेहरू' (२०५४) मा व्यक्ति 'क'को भूमिका, विप्लव ढकालको निलाम्बरको आकाश युद्ध (२०५३) मा सूचना सम्प्रेषकको भूमिका, आफैद्वारा लिखित र निर्देशित 'आवाजहीन आवाजहरू' (२०४९) मा सूत्राधारको भूमिका,

'प्रतिशोध' (२०५०) मा प्रमुख गाउँलेको भूमिका, 'मृत शरीरका लासहरू' (२०५२) मा अनामको भूमिका, 'प्रजातन्त्र' (२०५१) मा योद्धाको भूमिका, 'अपात्र र सारङ्गीको धुन' (२०५८) मा सूत्रधारको भूमिका, विप्लव ढकालकै 'निरजन बन्दरगाह' कवितालाई नाट्य रूपान्तर गरी सूत्राधारको भूमिका समेत निर्वाह गरेका छन् (गुरागाइँ, २०५८: ७) ।

आफैले लेखेका र आफैले निर्देशन गरेका नाटकहरूमा विशेष रूपमा छोटो भूमिकामा अभिनय गर्ने 'यात्री'ले नाटकका अतिरिक्त वि.सं. २०५६/०५७ तिर थुप्रै टेलिचलचित्र तथा ठूला पर्दाका चलचित्रहरूमा विभिन्न पात्रहरूको पात्रगत अभिनय गरेका छन् । 'सम्झौता', 'सम्बन्ध', 'सञ्चेतना', 'कथा बुढो दर्जीको' जस्ता थुप्रै टेलिचलचित्रहरूमा आफ्नो अभिनय कला प्रदर्शन गरेका 'यात्री'ले अनागरिक (२०६१) मा अतिथिको भूमिकामा अभिनय गरेका छन् (पाण्डेय, २०६७: ५०) ।

आधुनिक नेपाली नाटकका प्रारम्भकर्ता बालकृष्ण समदेखि गोपी सापकोटासम्मका नाटककारहरूका नाटकको भित्री तहसम्म पुगेर नाटक स्पर्श गरिसकेका 'यात्री'ले दुई बालनाटक 'पुन्टे गुगल' र 'सानी र पुतली'; दुई कविता नाटक 'त्यो योद्धा को हो ?' र 'निर्जन वस्ती'; दुई सडक नाटक 'सचेतना' र 'परिणाम'; पाँच सङ्केत नाटक 'मान्छे, युद्ध र शान्ति', आवाजही आवाजहरू', 'आवाज', 'निजी आँखाहरू' र 'मान्छे/मान्छेहरू' नाटकका साथै अरू थुप्रै नाटकहरूको कुशलतापूर्वक निर्देशन गरी आफूलाई सफल निर्देशकका रूपमा परिचित गराउन सफल भएका छन् । 'यात्री'ले नाटक निर्देशनका अतिरिक्त 'मिसन थ्री', 'सप्तरङ्गी', 'प्रेरणा', 'आकृति', हुम्ला नामक वृत्तचित्रहरू 'भत्किएको पर्खाल', 'उज्यालोको खोजीमा' आदि वृत्तनाटक र थुप्रै म्युजिक भिडियोको पनि सफल निर्देशन गरेका छन् ।

वि.सं. २०५४ देखि वि.सं. २०५८ को बिचमा सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) को आयोजनामा 'नाम नभएको मानिस' र 'एउटा कथाको अन्त्य', विप्लव ढकालको 'निलाम्बरको आकाश युद्ध', विजय मल्लको 'पत्थरको कथा', गोविन्द बहादुर मल्ल गोठालेको 'च्यातिएको पर्दा', सरुभक्तको 'कोलाज' लगायतका समकालीन तथा प्रयोगवादी नाटककारहरूका एकाङ्की तथा नाटकहरूको निर्देशन गर्नुका साथै सांस्कृतिक संस्थानको आयोजनामा विभिन्न क्षेत्रीय नाटक उत्सवहरूमा 'यात्री'द्वारा निर्देशित नाटकहरू पुरस्कृत भएका छन् भने त्यसले उनको निर्देशकीय व्यक्तित्वको चिनारी दिएको छ ।

उनले लेखन, निर्देशन र अभिनय गरेका नाटकहरूले उत्कृष्ट राष्ट्रिय पुरस्कारहरू प्राप्त गरेका छन् । गोपाल सापकोटाको कालो आकृतिले उत्कृष्ट अभिनय र उत्कृष्ट प्रस्तुति पुरस्कार पश्चिमाञ्चल नाटक महोत्सव (२०५७), सर्वोत्कृष्ट नाटक निर्देशक, उत्कृष्ट नाटक निर्देशक अभिनेता/चरित्र अभिनेता पुरस्कार 'दोषी स्वरूप' (पूर्वाञ्चल स्तरीय क्षेत्रीय नाटक उत्सव धरान) २०५९, उत्कृष्ट नाटक निर्देशक/प्रस्तुति पुरस्कार पत्थरको कथा मध्यमाञ्चल स्तरीय क्षेत्रीय नाटक उत्सव (२०६१), सर्वोत्कृष्ट नाटक निर्देशक पुरस्कार 'मान्छे/मान्छेहरू', राष्ट्रिय नाटक महोत्सव, राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, २०५८, उत्कृष्ट नाटक प्रस्तुति पुरस्कार (२०६१), 'ऊ फेरि मऱ्यो', 'आफ्नै निर्वासित मनहरू' मध्यमाञ्चल नाटक उत्सव, २०६१, नारायणघाटले उत्कृष्ट निर्देशक, उत्कृष्ट अभिनेता, उत्कृष्ट नाटक पुरस्कार प्राप्त गरेको थियो ।

यसरी नाटक, लेखन, रङ्गमञ्च, अभिनय, निर्देशन तथा दर्शकको चाहना अनुसारको नाटक प्रस्तुत गर्ने कला भएका निर्देशकीय यात्रीको व्यक्तित्व निर्देशन र अभिनय व्यक्तित्वको रूपमा ओजपूर्ण देखिन्छ ।

### २.२.६ स्तम्भ तथा भूमिकाकार व्यक्तित्व

बहुमुखी व्यक्तित्व कृष्ण शाह 'यात्री' साहित्यिक पत्रपत्रिका तथा साहित्यिक कृतिहरूमा स्तम्भ तथा भूमिका लेखन क्षेत्रमा पनि सक्रिय देखिन्छन् । उनले साहित्यका अनुरागीहरू माझ साहित्यिक पत्रपत्रिकाहरूमा नेपाली कला, साहित्य, नाटक, लघुकथा र रङ्गमञ्च सम्बन्धी स्तम्भ लेखेका छन् । वि.सं. ०५७/०५८ मा 'सर्वोत्तम' मासिक, २०५८/२०६० सम्म युवामञ्चमा 'रङ्गमञ्च' स्तम्भ लेखन त्यसै गरी हिमाल खवर पत्रिकाका रमझममा वि.सं. २०५७/२०५९ सम्म कला साहित्य र सङ्गीत सम्बन्धी, काठमाडौं इन्फोटाइजर (अङ्ग्रेजी) मासिकमा वि.सं. २०६१, वि.सं. २०६३ सम्म 'थिएटर' शीर्षकमा, श्रम साप्ताहिकमा २०६२/६३ स्तम्भ कला शीर्षक अन्तर्गत र थिएटर डटकम, वेभ पत्रिकामा थिएटर शीर्षक आदि साहित्यिक स्तम्भका रूपमा आएका छन् (अधिकारी, २०६६: १३) ।

त्यसै गरी कुनै पनि साहित्यकारका सिर्जना कृतिहरूलाई गहिरिएर अध्ययन गरी आफूलाई लागेका सल्लाह-सुझाव तथा त्यस कृतिले दिन खोजेको अज्ञात सन्देशलाई सार सङ्क्षेपमा झल्काउने कार्यमा 'यात्री' अघि छन् । वि.सं. २०६० देखि वर्तमानसम्म पनि

निरन्तर रूपले भूमिका लेखनतर्फ अग्रसर 'यात्री'ले हालसम्म डम्बर रसिक भारतीको लघुकथासङ्ग्रह 'भुइँ कुहिरो' (२०६०), धनुषराज राईको लघुकथासङ्ग्रह 'सेतो हस्ताक्षर' (२०६१), विजयराज आचार्यको सचित्र नाटकसङ्ग्रह 'उज्यालोको खोजीमा' (२०६२), विष्णुकुमार पौडेलको बालकथासङ्ग्रह 'हात्तीको फुर्ती' (२०६५), प्रवीण प्रभाको पूर्णाङ्की नाटक 'हेप्पाकुच्छा' (२०६६), डा.देवी क्षेत्री दुलालको एकाङ्की सङ्ग्रह 'नाटक अनाटक' (२०६६), नारदमणि पौड्यालको गीतसङ्ग्रह 'रसरङ्ग' (२०६०) जस्ता विभिन्न साहित्यकारका कृतिमा भूमिका लेखेर आफूलाई स्तम्भ तथा भूमिका लेखन व्यक्तित्वका रूपमा उभ्याएका छन् ।

### २.२.७ अध्यापक व्यक्तित्व

साहित्यका क्षेत्रमा लागेका बहुआयामिक व्यक्तित्वका धनी कृष्ण शाह 'यात्री'ले विभिन्न स्कुल तथा कलेजहरूमा अध्यापन कार्य गर्दै आएका छन् । उनले ललितपुरको हात्तीवनस्थित लिटिल एन्जल्स स्कुल/कलेजमा वि.सं. २०६०/०६१ देखि नाटक अभिनय र रङ्गमञ्च सम्बन्धी अध्यापन तथा प्रशिक्षण दिँदै आएका छन् भने काठमाडौँकै धापासीस्थित त्रियोग हाइस्कुलमा पनि रङ्गमञ्च सम्बन्धी प्रशिक्षण दिएका छन् (अधिकारी, २०६६: १३) । त्यसै गरी उनले कलेज अफ मास कम्युनिकेसन एन्ड जर्नालिज्म, काठमाडौँमा वि.सं. २०६६ देखि स्नातकोत्तर दोस्रो वर्षलाई आमसञ्चार तथा पत्रकारिता विषयको अध्यापन गराइरहेका छन् । त्यति मात्र होइन; उनले एम.एस.भिजन सिर्जना कला केन्द्र जस्ता काठमाडौँका विभिन्न इन्स्टिच्युटहरूमा नाट्यकला र अभिनय सम्बन्धी प्रशिक्षण दिएका छन्, यी सबै कामहरूले नै उनको अध्यापक एवं प्रशिक्षक व्यक्तित्व निर्माण गरेका छन् ।

### २.२.८ शोधकर्ता तथा समालोचक व्यक्तित्व

कुनै पनि रचनाकारको रचना वा कृतिमा सकारात्मक तथा नकारात्मक दुबै पक्षको टीकाटिप्पणी र विश्लेषण गर्ने कार्यमा अग्रसर 'यात्री'ले हालसम्म सर्वनाम नाट्य समूहबाट गराइएको सर्वनाम आत्म-विद्वतवृत्तिसँग सम्बन्धित 'आधुनिक नेपाली रङ्गमञ्च' (२०६१) शीर्षक शोधग्रन्थ, नेपाल प्रज्ञा-प्रतिष्ठानबाट गराइएको '५० वर्षको नेपाली रङ्गमञ्च' (२०६३) विषयक शोधग्रन्थ र 'रङ्गमञ्चमा नारी कलाकार' गरी तीन

ओटा कृति तयार गरिसकेका छन् (अधिकारी, २०६६: १३) । यसै गरी सांस्कृतिक संस्थानका लागि 'नेपाली नाटक अभियान र रङ्गमञ्च' (२०६४), 'गुरुकुल आरोहण' का लागि '२०४६ सालपछिको नेपाली रङ्गमञ्च' (२०६३), नाटककार पहलमान सिंह स्वाँर स्मृति प्रतिष्ठानका लागि 'एक सय वर्षको नेपाली रङ्गमञ्च' (२०६३) जस्ता विभिन्न कार्यपत्रहरूको समेत प्रस्तुति गरिसकेका छन् ।

यी सम्पूर्ण शोध, समालोचना तथा कार्यपत्र प्रस्तुतिले गर्दा लेखकीय व्यक्तित्वको उचाइ बढ्नुका साथै 'यात्री' एक समालोचक तथा शोधकर्ता व्यक्तित्व पनि हुन् भन्ने कुरा प्रस्ट भएको छ ।

### २.२.९ प्राज्ञिक व्यक्तित्व

कृष्ण शाह 'यात्री'का विभिन्न कृति र कार्यहरूले उनलाई प्राज्ञिक व्यक्तित्वका रूपमा समेत चिनाएको छ । उनको नाटक र रङ्गमञ्चको योगदानको उच्च मूल्याङ्कन गर्दै नेपाल सरकारले २०६७ सालमा उनलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको गरिमामय प्राज्ञ सभा सदस्यका रूपमा समेत मनोनयन गरेको छ । नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठान ऐन, २०६४ अनुसार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी तथा सभामा मनोनयन हुने सदस्यहरूको नियुक्ति वा मनोनयनको सिफारिस गर्न गठिन समितिको सिफारिसअनुसार सम्माननीय प्रधानमन्त्री एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्रमुख संरक्षकबाट कृष्ण शाह 'यात्री'लाई प्रतिष्ठानको प्राज्ञ सभा सदस्य पदमा मनोनयन गरिएको छ (बल, २०६७: ८) । 'यात्री'का नाटकहरू स्कुल तथा विश्वविद्यालयस्तरीय पाठ्यक्रममा समेत समावेश गरिएका छन्  । यसरी 'यात्री' प्राज्ञिक व्यक्तित्वका रूपमा समेत अगाडि आएका छन् ।

## २.३ प्रकाशित कृतिहरू

नाटककार कृष्ण शाह 'यात्री'ले वर्तमान समयावधिसम्म निम्नलिखित कृतिहरू प्रकाशित गरिसकेका छन्:

| | |
|---|---|
| लघुकथासङ्ग्रह | सूक्ष्म शिखाहरू (२०५६) |
| | आणविक अस्त्र (२०६४) |

| | |
|---|---|
| नाटक सङ्ग्रह | समय अवसान (२०६१) |
| | मान्छे/मान्छेहरू (२०६४) |
| | अतिरिक्त यात्रा (२०६७) |
| नाटक | निर्वासित मनहरू (२०६७) |
| बालनाटक सङ्ग्रह | फुच्चे रोबट (२०६५) |
| | हिङमाङको चौंरी (२०६५) |
| | जलपरी (२०६७) |
| बालकथा सङ्ग्रह | मसिने मुसो र अरू कथाहरू (२०६६) |
| | भूतको बाँसुरी (२०६६) |
| | तीखेको सिङ (२०६६) |
| | सहरमा डमरू (२०६७) |
| | गुन्टे गैंडा (२०६७) |
| | जादुको टोपी (२०६७) |
| | चङ्खे र पङ्खे (२०६७) |
| सम्पादन-जीवनी/व्यक्तित्व | थिएटर आर्टिस्ट (२०६३) |
| | रङ्गकर्मी हरिबहादुर थापा (२०६३) |
| | शिखर कलाकार हरिप्रसाद रिमाल (२०६६) |
| सम्पादन-नाटक सङ्ग्रह | प्रतिनिधि नेपाली नाटक (२०६४) |
| | प्रतिनिधि नेपाली बालनाटक (२०६४) |
| | जङ्गलमा एक दिन (२०६७)- अशेष मल्ल |
| सम्पादन-बालकथा सङ्ग्रह | हाँस र फुच्ची केटी (२०६६), किशोर पहाडी |
| | हिलोमा हिराकली (२०६६), अनन्तप्रसाद वाग्ले |
| | ड्रागनको चित्र (२०६६), कृष्णदीप सिग्देल |
| | चिम्पु र चिम्पान्जी (२०६६), यशु श्रेष्ठ |
| | सानी र रानी (२०६७), अशेष मल्ल |
| | अजिङ्गरको जात्रा (२०६७), ध्रुव मधिकर्मी |
| | छट्टु स्यालको बिहे (२०६७), कृष्णराज सर्वहारी |

बाँदरको मुटु (२०६७), डब्बु क्षेत्री

लाक्पाको बेलुन (२०६७), तुलसीहरि कोइराला

ढाडे र बाघ (२०६७), जीवनाथ पोखरेल

रहस्यमय खेती (२०६७), भावकेशर बराल

भालुसँग कुस्ती (२०६७), नारदमणि पौड्याल

### २.३.१ सम्पादित पत्रिकाहरू

कृष्ण शाह 'यात्री'ले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गरेका छन् । उनले कला, साहित्य र रङ्गमञ्चसँग सम्बन्धित पत्रिकाको सम्पादकको विभिन्न समयमा कार्य गरेको देखिन्छ । उनले सम्पादन गरेको प्रमुख पत्रिकाहरू निम्न हुन्:

'ज्योतिपुञ्ज', साहित्यिक मासिक पत्रिका (२०४७)

'प्रोत्साहन', साहित्यिक द्वैमासिक हवाई पत्रिका (२०५०-२०५५)

'क्षितिज', साहित्यिक त्रैमासिक (२०४७-२०४८)

'अभिनव', साहित्यिक मासिक पत्रिका (२०५४-२०५५)

'गुञ्जन', लघुकथा विशेषाङ्क (२०५५)

'झन् पाक्षिक' कला पत्रिका (२०५९-२०६०)

'शैली पाक्षिक' कला पत्रिका (२०६२)

### २.३.२ कृष्ण शाह 'यात्री'द्वारा लिखित, अभिनित तथा निर्देशित नाटकहरू

वि.सं. २०४८ मा उदयपुरको कटारीमा 'ज्योतिपुञ्ज नाट्य समूह'को स्थापना गरी मोदनाथ प्रश्रितको 'आमाको काखमा' नाटकबाट निर्देशन कार्य र 'चिसो बस्ती' २०४७ बाट नाट्यलेखन प्रारम्भ गरेका कृष्ण शाह 'यात्री'का लिखित तथा निर्देशित नाटकहरूलाई तल प्रस्तुत गरिएका छन्:

| | | |
|---|---|---|
| २०४८ | निर्देशन/अभिनय | आमाको काखमा |
| २०४९ | निर्देशन/अभिनय | भाग्योदय |
| २०४९ | लेखन/निर्देशन/अभिनय | पश्चाताप |
| ४०५० | लेखन/निर्देशन/अभिनय | चिसो बस्ती |

| | | |
|---|---|---|
| २०५० | लेखन/निर्देशन/अभिनय | प्रतिशोध |
| २०५१ | लेखन/निर्देशन/अभिनय | प्रजातन्त्र |
| २०५२ | लेखन/निर्देशन/अभिनय | मृत सहरका लासहरू |
| २०५३ | लेखन/निर्देशन | एक रात |
| २०५४ | लेखन/निर्देशन/अभिनय | अस्तित्वपीडा |
| २०५४ | निर्देशन | शिशिरका अन्तिम दिनहरू |
| २०५५ | निर्देशन/अभिनय | च्यातिएको पर्दा |
| २०५५ | अभिनय | उत्कर्ष |
| २०५५ | अभिनय | वरै |
| २०५६ | निर्देशन/अभिनय | निलाम्बरको आकाशयुद्ध |
| २०५७ | निर्देशन/अभिनय | हारेका मान्छेहरू |
| २०५७ | निर्देशन | नाम नभएको मानिस |
| २०५७ | लेखन/निर्देशन | मान्छे/मान्छेहरू |
| २०५८ | लेखन/निर्देशन | दोषी स्वरूप |
| २०५८ | लेखन/निर्देशन | एउटा कथाको अन्त्य |
| २०५९ | निर्देशन | कोलाज |
| २०५९ | निर्देशन | प्रेम |
| २०५९ | लेखन/निर्देशन/अभिनय | मान्छे, युद्ध र शान्ति |
| २०५९ | निर्देशन | पत्थरको कथा |
| २०६० | लेखन/निर्देशन/अभिनय | परिणाम |
| २०६० | लेखन/निर्देशन | मृत्यु सम्पादन |
| २०६० | निर्देशन | नरदानव |
| २०६० | लेखन/निर्देशन | कथा |
| २०६० | लेखन/निर्देशन | समय अवसान |
| २०६० | लेखन/निर्देशन | अपात्र र सारङ्गीको धून |
| २०६० | लेखन/निर्देशन | समय अन्तर |
| २०६१ | निर्देशन | ऊ फेरि मऱ्यो |

| | | |
|---|---|---|
| २०६१ | निर्देशन | मिथक र स्वास्नीमान्छेहरू |
| २०६१ | निर्देशन | उज्यालोको खोजीमा |
| २०६१ | लेखन/निर्देशन | निर्वासित मनहरू |
| २०६१ | लेखन/निर्देशन | सचेतना |
| २०६१ | निर्देशन | निर्जन बन्दरगाह (कविता) |
| २०६२ | निर्देशन | फूलको आँखामा |
| २०६२ | लेखन/निर्देशन | आवाज |
| २०६२ | लेखन/निर्देशन | आवाजहीन आवाजहरू |
| २०६२ | लेखन/निर्देशन | शान्तिको लिलाम |
| २०६२ | लेखन/निर्देशन | चोक |
| २०६२ | लेखन/निर्देशन | अभिशप्त आँखाहरू |
| २०६२ | लेखन/निर्देशन | बारुद शताब्दी |
| २०६३ | निर्देशन | समयपीडा |
| २०६३ | लेखन/निर्देशन | अब रुँदैन देश |
| २०६३ | लेखन/निर्देशन | विस्थापन |
| २०६३ | लेखन/निर्देशन | निजी आँखाहरू |
| २०६३ | लेखन/निर्देशन | अनुभूति |
| २०६३ | लेखन/निर्देशन | सानी र पुतली |
| २०६४ | निर्देशन | बाँकी प्रश्नहरू |
| २०६४ | लेखन/निर्देशन | वन र मान्छे |
| २०६४ | लेखन/निर्देशन | अव्यवस्थित वर्तमान |
| २०६४ | निर्देशन | त्यो योद्धा को हो ? (कविता) |
| २०६४ | निर्देशन | समयपीडा |
| २०६५ | निर्देशन | हामी अर्थात् म |
| २०६५ | लेखन/निर्देशन | विचलन |
| २०६५ | लेखन/निर्देशन | पुन्टे गुगल |
| २०६५ | लेखन/निर्देशन | अब सानी हाँस्छिन् |

| | | |
|---|---|---|
| २०६५ | निर्देशन | माया |
| २०६५ | निर्देशन | मासिनेको शङ्का |
| २०६५ | निर्देशन | घरको माया |
| २०६६ | निर्देशन | समय चेतना |
| २०६६ | निर्देशन | अब तिमी नरोऊ किरण |
| २०६६ | लेखन/निर्देशन | अतिरिक्त यात्रा |
| २०६६ | लेखन/निर्देशन | कथा सडकको |
| २०६७ | निर्देशन | आवरण अनावरण |
| २०६७ | निर्देशन | बाघले बच्चा किन खान्छ ? (कविता) |
| २०६७ | निर्देशन | हामी (कविता) |
| २०६७ | निर्देशन | वैशाख (कविता) |
| २०६७ | निर्देशन | मलामी |
| २०६७ | निर्देशन | लासघर |

### २.३.३ संस्थागत संलग्नता

कृष्ण शाह 'यात्री' विगतदेखि वर्तमानसम्म विभिन्न सङ्घसंस्थाहरूमा संलग्न देखिन्छन् । विशेष गरी उनको निम्न संस्थाहरूसँग संलग्नता रहेको छ । उनी सुरुदेखि मिडिया, कला, साहित्य तथा सामाजिक सङ्घसंस्थाहरूसँग सम्बद्ध रहेका देखिन्छन् ।

| | |
|---|---|
| प्राज्ञ सदस्य | नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ |
| अध्यापन | कलेज अफ मास कम्युनिकेन एन्ड जर्नालिजम, काठमाडौँ |
| संस्थापक अध्यक्ष | सान नाट्य समूह, काठमाडौँ |
| संस्थापक अध्यक्ष | हवाई साहित्यिक समूह नेपाल (हसासने), काठमाडौँ |
| संस्थापक अध्यक्ष/निर्देशक | ज्योतिपुञ्ज साइन थिएटर, काठमाडौँ/उदयपुर |
| निर्देशक/निर्माता | मूभि नेपाल प्रोडक्सन, काठमाडौँ |
| संस्थापक उपाध्यक्ष | सिर्जना मझेरी प्रतिष्ठान, काठमाडौँ |
| संस्थापक उपाध्यक्ष | स्टोरी टेलर सोसाइटी (कथावाचक समाज), काठमाडौँ |
| केन्द्रीय उपाध्यक्ष | चलचित्र पत्रकार सङ्घ, काठमाडौँ |
| आजीवन सदस्य | नागार्जुन साहित्यिक प्रतिष्ठान, काठमाडौँ |

| | |
|---|---|
| आजीवन सदस्य | अनाममण्डली, काठमाडौँ |
| आजीवन सदस्य | कृष्ण मनोरथ प्रतिष्ठान, काठमाडौँ |
| प्रशिक्षक | अभिनय तथा नाट्यकला, लिटिल एन्जल्स स्कुल, हात्तीवन, ललितपुर |
| प्रशिक्षक | सिर्जना कला केन्द्र, काठमाडौँ |
| संस्थापक सदस्य | लघुकथा समाज नेपाल |
| सहायक सम्पादक | 'झन् पाक्षिक', हिमाल मिडिया (कला पत्रिका) |
| कार्यकारी सम्पादक | 'शैली पाक्षिक' (कला पत्रिका) |
| सम्पादक | 'थिएटर नेपाल डट कम' (अनलाइन पत्रिका) |

### २.३.४ पुरस्कार र सम्मान

रङ्गमञ्चीय गतिविधिहरूमा विगत दुई दशकदेखि अभिरुचिपूर्वक सक्रिय हुँदै आएका यात्रीले रङ्गयात्रा, नाट्यलेखन र निर्देशनका लागि निम्नलिखित पुरस्कार र सम्मानहरू प्राप्त गरेका छन्:

| | |
|---|---|
| काँचुली हवाई साहित्यक सम्मान (२०५५) | काँचुली साहित्यिक समूह, पाल्पा |
| सर्वोत्कृष्ट नाटक निर्देशक (२०५८) | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (राष्ट्रिय नाटक महोत्सव) |
| रङ्गमञ्च योगदान सम्मान (२०५८) | काठमाडौँ बहिरा सङ्घ स्रष्टा सम्मान |
| स्रष्टा सम्मान (२०६१) | गम्भीर साहित्य प्रतिष्ठान, उदयपुर |
| सर्वनाम आत्मविद्वत्वृत्ति (२०६१) | सर्वनाम नाट्य समूह (आधुनिक नेपाली रङ्गमञ्च शोधका लागि) |
| सिर्जना सम्मान (२०६२) | एन.एस.भिजन, काठमाडौँ |
| श्री ५ अधिराजकुमारी शारदा शाह फिल्म डाइरेक्सन स्कलरसिप (२०५८) | नेसनल स्टुडियो, काठमाडौँ |
| उत्कृष्ट निर्देशन प्रस्तुति पुरस्कार | नेसनल स्टुडियो अफ कलेज, काठमाडौँ |
| नागार्जुन रचना पुरस्कार (२०६४) | नागार्जुन साहित्यिक प्रतिष्ठान, काठमाडौँ |
| कृष्ण मनोरथ स्रष्ट सम्मान (२०६५) | कृष्ण मनोरथ प्रतिष्ठान नेपाल, काठमाडौँ |

## २.४ लघुकथाकार यात्रीका कथागत प्रवृत्ति

नेपाली साहित्यको लघुकथा लेखन तथा प्रकाशनमा सक्रिय रहेका कृष्ण शाह 'यात्री' लघुकथा विधामा सशक्त ढङ्गले कलम चलाउने लघुकथाकार हुन् । नेपाली लघुकथा लेखनका क्षेत्रमा वि.सं. २०५० को दशकदेखि सक्रिय 'यात्री' 'सूक्ष्म शिखाहरू' (२०५६) लघुकथासङ्ग्रह प्रकाशनपश्चात् लघुकथा लेखन मात्र नभएर कृति प्रकाशनका दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छन् । विशेषतः लघुकथाको विकासक्रममा वि.सं. २०४६ पछिका लघुकथाकारहरूको पङ्क्तिमा आफूलाई उभ्याउन सफल भएका छन् । लघुकथा लेखन कार्यमा निरन्तर लागिपरेका लघुकथाकार 'यात्री' समाजको असमानता, शोषित, पीडित, अन्याय, अत्याचारबाट प्रताडित असहाय, निम्नवर्ग माथि सहानुभूति राख्छन् । उनका लघुकथामा शोषक, सामन्त वर्गको तीव्र विरोधी, प्रगतिवादी सोच पाउन सकिन्छ । समाजमा घट्ने विभिन्न घटनाहरूलाई कथावस्तुको रूपमा उठान गरी समाजलाई विकृति, विसङ्गति मुक्त बनाउन व्यङ्ग्यात्मक तथा प्रतीकात्मक रूपमा प्रस्तुत गर्नु उनको मुख्य प्रवृत्तिका रूपमा लिन सकिन्छ । नेपाली लघुकथा विधामा सक्रिय 'यात्री'को लघुकथा लेखन परम्परामा वि.सं. २०४६ को दशकदेखि सक्रिय रहेको देखिन्छ । 'यात्री'लाई जीवनजगत्का गराइ र भोगाइलाई यथार्थ ढङ्गबाट प्रस्तुत गर्ने समाजवादी, प्रगतिवादी, यथार्थवादी कथाकारका रूपमा प्रस्तुत गर्न सकिन्छ । वि.सं. २०४६ पछि नेपाली राजनीतिमा आएका विचलनबाट समाजमा पर्न गएको नकारात्मक प्रभावलाई लघुकथामा कथानक र परिवेशका रूपमा चित्रण गर्ने गरेका छन् । 'यात्री'ले मानवीय कमजोरी, नीच भावना, मानवमा बढ्दो हिंसा, प्रतिहिंसाको भावनालई केलाउनु उनको लघुकथाको मुख्य प्रवृत्तिको रूपमा लिन सकिन्छ । समाजमा रहेका सामाजिक समस्या, देशको रहेको दूरवस्था, गरिबी, बेरोजगारीबाट सिर्जित समस्या निराकरणका प्रयासहरू उनको लघुकथामा पाउन सकिन्छ । मानवहरूमा बढ्दै गैरहेको अहम्, आडम्बर, व्यक्तिगत कमजोरी जस्ता विषयमा केन्द्रित रहेर प्रेम, अनुराग, यौनिक कुण्ठा, यौनिक भावना जस्ता विषयहरूलाई मार्मिक र गतिशील ढङ्गले उनका लघुकथा निर्देशित रहेको देखिन्छ । नेपाली साहित्य तथा रङ्गमञ्च क्षेत्रमा फैलिँदै गएका विकृतिहरूप्रति कटुआलोचना गर्दै समृद्ध साहित्य निर्माण योगदान दिनुपर्छ भन्ने आदर्शवादी सोच उनका लघुकथाहरूमा पाइन्छ । नेपालमा राजनीतिक विचलनपछि देखा

परेको दस बर्से सशस्त्र द्वन्द्व, त्यसले समाजमा पारेको सकारात्मक तथा नकारात्मक प्रभावलाई आकलन गर्नु तथा नेपालमा जनआन्दोलन भाग- २ पछि जनतामा आएको चेतना प्रभाव, गणतान्त्रिक सोच, नारीवादी, समाजवादी भावना, विविध सांस्कृतिक परिवर्तन साथै जीवनका विविध आयामको प्रस्तुति भिनो कथावस्तुको माध्यमबाट गर्नु उनको प्रवृत्तिगत विशेषताको रूपमा आएको छ । नवीन भाषाशैलीको प्रयोग गर्दै आफ्ना भावना र कल्पनालाई समाज सुधारका पक्षमा निरन्तर सक्रिय राख्ने 'यात्री'का प्रवृत्तिगत विशेषतालाई बुँदागत रूपमा निम्नानुसार रहेको छः

१. वहुदलीय व्यवस्थामा आएका राजनीतिक विचलनबाट समाजमा व्याप्त विकृति र विसङ्गतिको चित्रण,
२. राजनीतिमा देखा परेका अस्थिरता, बढ्दो भ्रष्टाचारी प्रवृत्ति, राजनीतिकरणको अभिव्यक्ति, समकालीन चेतनाको प्रबलता,
३. मानवीय जीवन र भोगाइका समस्या, देशको सामाजिक समस्या र देशको दुरवस्था, प्रतिभा पलायन, बढ्दो बेरोजगारी, गरिबीप्रतिको चिन्ता,
४. मानवमा देखिएको स्वार्थी तथा आडम्बरी आचरणको विश्लेषण तथा साहित्य र रङ्गमञ्च क्षेत्रमा देखिएका विकृतिको भन्डाफोर,
५. व्यक्तिहरूमा बढ्दै गैरहेको अन्याय, अत्याचार, शोषण, हत्या, हिंसा, द्वन्द्व तथा महिलाहरू विरुद्ध हुने गरेका विभेदप्रति सशक्त प्रस्तुति,
६. लघुकथामा प्रतीकात्मक प्रयोग, प्रगतिशील, समाजवादी र यथार्थपरक विश्लेषण,
७. देशको बदलिँदो परिवेश, जीवनका समसामयिक पक्षको विश्लेषण, दस बर्से सशस्त्र द्वन्द्वका क्रममा देखिएका तथा लोकतान्त्रिक गणतन्त्रपछिका सकारात्मक र नकारात्मक पक्षको चर्चा,
८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विविध पक्षको चित्रण आदि ।

# परिच्छेद तीन

# लघुकथाको स्वरूप र लघुकथाको परम्परा

## ३.१ लघुकथाको व्युत्पत्ति र अर्थ

लघुकथा शब्द 'लघु' र कथा शब्दको योगबाट बनेको समस्त शब्द हो । लघु छ जुन कथा भन्ने अर्थमा यो समस्त शब्द लघुकथाको निर्माण भएको हो । त्यसै गरी कथा ब्द लघु (सानो) जोडिन अइपुग्दा लघुकथा शब्द व्युत्पादन हुन्छ । सामान्थ अर्थमा लघुकथा शब्दले सानो कथा भन्ने अर्थ दिन्छ । लघुकथालाई अङ्ग्रेजी भाषामा short story को समानान्तर अर्थमा प्रयोग नगरी short-short story को समानान्तर अर्थमा प्रयोग भएको छ । लघुकथालाई अङ्ग्रेजी साहित्यमा ministory, sudden fiction micro fiction, little short story आदि धेरै नामबाट जानिन्छ । नेपालीमा प्रचलित लघुशब्द अङ्ग्रेजीमा प्रचलित short-short, mini, micro, little आदि शब्द लघुतावाचक नै भएकाले ती सबै शब्दहरूले छोटो भन्ने अर्थ दिन्छन् तापनि micro sotry को नेपाली रूपान्तरण नै लघुकथा हो ।

### ३..१.१ लघुकथाको परिभाषा

लघुकथालाई परिभाषित गर्दा लघुकथाको व्युत्पादन प्रक्रियालाई आधार मानिन्छ । लघुकथा अर्थात् साना र छोटा कथाहरूको आधार मानेर नै विभिन्न परिभाषाहरू विशिष्टीकृत हुँदै गएको पाइन्छ । लघुकथाको जन्म कथासँगै भएको हो । पूर्वीय वैदिक साहित्यमा पाइने छोटाछोटा आख्यानात्मक सूक्तहरू, अकबर र वीरवलका कथा, पश्चिमी साहित्यमा पाइने इसपका नीतिकथाहरू, बाइबलका आख्यानात्मक सूक्तहरू लघुकथाका प्राचीन नमुनाका रूपमा देखिन्छ । पूर्वीय साहित्यमा लघुकथाको सैद्धान्तिक स्वरूप पाइँदैन तर पाश्चात्य साहित्यमा सन् १९५० को दशकतिर देखि लघुकथाका बारेमा सैद्धान्तिक परिचर्चा हुन थालेको पाइन्छ । यसै पृष्ठभूमिमा लघुकथाका विभिन्न परिभाषाहरू देखिन थालेका हुन् । केही विशिष्ट विद्वान्का लघुकथा सम्बन्धी परिभाषा निम्नअनुसार रहेका छन्ः

१. लघुकथा एक स्वतःपूर्ण रचना हो, जसमा एक तथ्य प्रभावलाई अग्रसर गर्ने व्यक्ति केन्द्रित घटना वा घटनाहरूको आवश्यक उत्थान, पतन र मोडका साथै पात्रहरूको चरित्रमाथि प्रकाश पार्ने वर्णन हो- गुलाब राय ।

२. लघुकथा कमभन्दा कम शब्दमा प्रभावशाली ढङ्गबाट कथिएको कुनै पनि संवेदनाको प्रस्तुति हो- महावीर प्रसाद जैन ।

३. भोगेका क्षणका टुक्राहरूलाई त्यस्तै शब्दका टुक्राहरूमा नै प्राण भर्नु लघुकथा हो- दिनेश चन्द्र दुबे ।

४. सामान्यतयाः पाँच सयदेखि दुई हजार शब्दसम्म अनौठो तरिकाले कथानक बुनिएको र अन्त्यमा पाठकलाई स्तब्ध बनाउने छोटो कथा नै लघुकथा हो- थ्राल हिब्बर्ड होल्मान ।

५. मान्छेलाई चोट पुऱ्याउने, ब्यूँझाउने र असहज अवस्थामा ल्याएर मनलाई खलबल्याउने छोटो आख्यान नै लघुकथा हो- फ्रेड च्यापेड र गोन एल ह्युरेक्स ।

६. एक पृष्ठको आयाममा बिस्तारित दुई सय पचास शब्दभित्रको छोटो आख्यान नै लघुकथा हो ।

७. चातुर्यपूर्ण तरिकाले समापन गरिएको छोटो कथा नै लघुकथा हो- एच.ई. फुसिस ।

८. न त कविता जस्तो गद्य न त गद्य जस्तो कविता भन्न मिल्ने तर गद्यको शक्ति नभएको तथा संयोग र अनुकूलित छोटा घटनायुक्त आख्यान नै लघुकथा हो- रोबर्ट केली ।

९. केही क्षणका लागि चिन्तन गर्नुपर्ने र पचपन्न शब्दभित्रै पुरा हुने छोटा कथा नै लघुकथा हुन्- स्टेभ थोस ।

१०. एक मिनेटका कथाहरूलाई लघुकथा भनिन्छ- आर होगाटे ।

११. कम्तीमा दुई वटा यथार्थ वा कल्पित स्वतन्त्र घटना अथवा स्थितिले कालक्रमिक प्रतिनिधित्व भएको लघुतम आख्यानलाई लघुकथा भनिन्छ ।

१२. क्षणभरमै विचार वा भावको प्रभावकारी विस्फोटन हुन सक्ने भित्री अणुसामर्थ्य भएको छोटो कथा नै लघुकथा हो- दयाराम श्रेष्ठ ।

१३. लघुकथा आफैँमा स्वतन्त्र हो र निरपेक्ष हो; पूर्ण र अस्तित्वबोधक हो; त्यसैले यो (लघुकथा) एउटा विधा हो, कथाको प्रविधि हो- राजेन्द्र सुवेदी ।

१४. लघुकथा जीवनाकाशलाई हेर्ने दूरबीन हो- मनु ब्राजाकी ।

१५. लघुकथाको आयामिक संरचना छोटो, सूत्रात्मक र स्वयम् पूर्ण हुन्छ- रोशन थापा 'निरव' ।

१६. लघुकथा कुशल फोटोग्राफरले खिचेको विशाल र सुन्दर दृश्यको सानो फोटो हो । थोरै समयमा धेरै शब्द पढेर धेरै शब्दको स्वाद लिन सक्ने विधा हो- श्रीओम श्रेष्ठ 'रोदन' ।

१७. लघुकथाको आयामिक संरचना छोटो र स्वयम्मा पूर्ण हुन्छ- लक्ष्मण प्रसाद गौतम ।

१८. संरक्षित सरल सुरुचिपूर्ण प्रहारक एवं सम्प्रेषक कथात्मक अभिव्यक्ति नै लघुकथा हो- रबिन्द्र 'समीर' ।

यी परिभाषा लघुकथा सम्बन्धी महत्त्वपूर्ण परिभाषा हुन् । यी बाहेक पनि विभिन्न पाश्चात्य, विद्वान् र नेपाली लघुकथाकारहरू निमेश निखिल, कुमार प्रसाद कोइराला, कृष्ण शाह 'यात्री', रामविक्रम थापा आदिले लघुकथालाई परिभाषित गरेका छन् । उपयुक्त र अन्य परिभाषाहरूलाई समेत दृष्टिगत गरी लघुकथालाई यस प्रकार परिभाषित गर्न सकिन्छ ।

सूत्रात्मक, छोटोछरितो, साङ्केतिक, बिम्बात्मक, स्वतन्त्र, प्रस्ट, कसिलो, पोटिलो र स्वयम्मा पूर्ण एवं दुई सय पचास शब्दसम्मको आख्यान रचनालाई लघुकथा भनिन्छ (गौतम, २०६७: ) ।

## ३.१.२ लघुकथाको विशेषता

लघुकथाको परिभाषामा लघुकथाको आकार छोटो हुन्छ, कथाको विषयवस्तुमा सूक्ष्मता पाइन्छ । घटनाको विस्तृतता हुँदैन वर्णनमा सीमितता र चरित्रचित्रणमा न्यूनता हुन्छ भन्ने तथ्यहरू उद्घाटित भएको छ । यसका साथै लघुकथा लेखनमा व्यङ्ग्य र लेखन संरचनाको आवश्यकता रहने गर्छ । साहित्यका प्रत्येक विधाका आआफ्नै विशेषता र गुणहरू हुन्छन् । त्यसको रचना प्रक्रिया, तत्त्व आदिबाट निर्मित हुने विधिमा बरु केही

कमजोरी भए पनि त्यसको विशेषतालाई हेर्नुपर्ने हुन्छ । यसरी लघुकथाको परिभाषाले नै लघुकथाको विशेषतालाई प्रस्ट्याएको छ ।

यस प्रकार लघुकथाको परिभाषाको आधारमा लघुकथाका विशेषतालाई सङ्क्षिप्त रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

(क) सङ्क्षिप्तता

(ख) सूक्ष्मता

(ग) संवेदना

(घ) व्यङ्ग्यचेतना

(ङ) अप्रत्याशितता

(च) सम्पूर्णता

(छ) प्रतीकात्मकता

(ज) प्रभावकारी गति

(झ) जीवनका विविध अनुभवहरूको क्षणवादी प्रस्तुति । (अश्क, २०६५: १५)

## (क) सङ्क्षिप्तता

लघुकथा छोटो आकासमा लेखिने आख्यानको विधा हो । सङ्क्षिप्तता लघुकथाको अनिवार्य तत्त्व नभए पनि अधिकांश विचारहरूको प्रतिनिधित्वको आधारमा लघुकथाको प्रथम विशेषताको रूपमा लिन सकिन्छ । अति लघुकथा लघुकथाभन्दा आकारमा छोटो हुन्छ । यस्ता अति लघुकथा जसबाट आँखाको एक झप्काइ, यौना शीघ्र प्रतिक्रिया जस्ता आनन्द नै तिनको विशेषता हो । लघुकथा सङ्क्षिप्त आकारको त्यो प्रभावपूर्ण कथात्मक गद्य विधान हो जसले मानवीय संवेदनाहरूको कुनै क्षणलाई आफ्नो प्रभावशाली एवं कलात्मक शिल्पद्वारा सघनताका साथ प्रकट गर्दछ यिनै करणले लघकुथाको प्रथम विशेषता सङ्क्षिप्तता हो ।

## (ख) सूक्ष्मता

लघुकथाको अर्को प्रमुख विशेषता सूक्ष्मता हो । लघुकथामा व्यापक प्रस्तुति सम्भव मानिँदैन । हरेक दृष्टिकोणलाई सूक्ष्म रुपले प्रस्तुति गर्नु लघकुथाको आफ्नो मौलिक विशेषताको रूपमा लिन सकिन्छ । आफ्नो अनुभूतिहरूलाई सूक्ष्म तरिकाले

अभिव्यक्त गर्ने क्षमताको अभावमा लघुकथाकारले लघुकथामा प्रभावशाली प्रस्तुतिको कल्पनासम्म गर्न सक्दैन । लघुकथाका लागि अलिक हलुक अनुभूति संसर्गी प्रभावको सिर्जना नितान्त आवश्यक देखिन्छ । सूक्ष्म अनुभूतिका स्थूल दृश्यलाई रेखाङ्कित गरी अदृश्य तत्त्वलाई सूक्ष्म रूपमा शब्दमा दृश्याङ्कन गरिएको हुन्छ । सूक्ष्मताको अभिव्यक्ति कौशलताको अभावमा राम्रो र सजीव लघुकथाको सृष्टि गर्न सकिँदैन ।

### (ग) संवेदना

संवेदना लघुकथाको अर्के विशेषता हो । कुनै पनि कलाकृतिको सिर्जनाका लागि लेखमा संवेदना हुनु नितान्त आवश्यक देखिन्छ । संवेदनाबिना कुनै पनि कलाकृतिले सफलता प्राप्त गर्न सक्दैन । कुनै घटनाप्रति सर्जकमा निहित संवेदनाले मनमस्तिष्कलाई प्रभावित गर्दछ अनि मात्र सर्जक त्यस घटनाप्रति आफ्नो कुनै न कुनै क्रिया वा प्रतिक्रिया अभिव्यक्त गर्न विवश वा प्रेरित हुन्छन् । त्यस्ता अभिव्यक्तिले दिने क्रिया-प्रतिक्रियालाई लेखले आफ्नो संवेदनाको आधारमा निजत्व प्रदान गर्दछ र आफ्नो लेखनमा सूक्ष्म अनुभूतिको आधारमा अभिव्यञ्जित गर्दछ ।

### (घ) व्यङ्ग्य चेतना

आजको सामाजिक परिवेश र परिस्थितिमा व्यङ्ग्यका लागि पर्याप्त विसङ्गति, विकृति र बिडम्बना रहेको पाइन्छ । सोझो, सरल बयान गर्ने भाषाले मानवीय संवेदनालाई त्यति प्रभावपूर्ण ढङ्गबाट आकर्षित गर्न सक्दैन जति व्यङ्ग्यात्मक भाषाले गर्न सक्छ । व्यङ्ग्यको पुट लघुकथामा समाहित गर्दा त्यसको प्रभावान्विति तीव्र हुनाका साथै पाठकको आकर्षण सजिलै पाउन सक्छ । आजका लघुकथाले समाजमा सबल र दुर्बल पक्षको समालोचनात्मक रूपमा व्यङ्ग्य गर्ने गरेको छ । लघुकथामा हुने चोटिलो व्यङ्ग्यलाई एउटा प्रमुख विशेषताको रूपमा लिन सकिन्छ ।

### (ङ) अप्रत्याशितता

लघुकथामा कुनै पनि कथ्यलाई नाटकीय, आकस्मिक र अप्रत्याशित ढङ्गले टुङ्ग्याउँदा पाठक मन चमत्कृत हुन जान्छ । अप्रत्याशित अन्त्यले पाठकले लघुकथाबाट भिन्न स्वादको महसुस गर्न पुग्छ र ऊ आन्दोलित र उद्वेलित हुन पुग्छ । लघुकथाको

यही विशेषताले पाठक लघुकथाप्रति पुनःआकर्षित हुन पुग्दछन् । कुनै पनि घटनाक्रमको अप्रत्याशित अन्त्य एउटा प्रमुख विशेषताको रूपमा लिन सकिन्छ ।

### (च) सम्पूर्णता

अन्य आख्यान अध्ययनका क्रममा कहिलेकाहीँ रचना अधुरोझैँ लाग्छ । कतिपय विषयवस्तुको उठान गर्दा घटनाको वर्णनमा केही कुरा नपुगेको खल्लो अनुभव हुन्छ । पाठकको मनले अधुरोपनलाई अनुभव गर्छ र आनन्दमा बाधा आएको पाउँछ । तर लघुकथाको अध्ययनमा पाठकले सम्पूर्णताको बोध गर्न पुग्दछ । लघुकथाको अध्ययनपश्चात् पाठक एक सफल कथाकारले आफ्नो सिर्जनालाई सम्पूर्ण विषयवस्तुको उठानका साथै लघुकथाका सम्पूर्ण तत्त्वहरू पूर्ण प्रयोग गर्दै कसिलो ढङ्गबाट कसरी प्रस्तुत गर्दछ भन्ने भाव उसले अनुभव गर्दछ । त्यहाँ कथाभित्र कुनै थपघटको कुनै सम्भावना पाठकले प्राप्त गर्न सक्दैन । कुनै रचना सफल रहेको महसुस हुनु र पाठक रचनाबाट सन्तुष्ट हुन पुग्नु नै सम्पूर्णता मान्न सकिन्छ । तसर्थ, लघुकथाको एक विशेषता सम्पूर्णतालाई लिन सकिन्छ ।

### (छ) प्रतीकात्मकता

लघुकथाको महत्त्वपूर्ण विशेषताको रूपमा प्रतीकात्मकतालाई लिन सकिन्छ । बिम्ब र प्रतीक साहित्य रचनाका लागि आवश्यक तत्त्व हो जसको प्रयोग लेखकको योग्यता माथि निर्भर गर्दछ । लघुकथाका लागि कुनै निश्चित शिल्प र शैली नभए तापनि लेखकमा हुने मिथक, उखान-टुक्का आदिको ज्ञानको भण्डार र त्यसको स्वाभाविक प्रयोगले लघुकथा प्रतीकात्मक रूपमा प्रस्तुत हुन पुग्दछ । प्रतीकात्मक रूपमा आएका जीवनका विविध पक्षले लघुकथालाई पूर्ण प्राप्त हुन्छ ।

### (ज) प्रभावकारी गति

गतिबिना कुनै रचनाको प्रभाव अस्तित्वहीन हुन पुग्दछ । लघुकथाको जीवन भनेकै कथाभित्रको गति हो । कुनै पनि घटनालाई प्रभावकारी गति दिई प्रस्तुत गर्नु लघुकथाको विशेषताको रूपमा लिन सकिन्छ । एक लघुकथाकारले रचनालाई प्रभावकारी गतिका माध्यमबाट जीवन्तता दिएको हुन्छ ।

### (झ) जीवनका विविध अनुभवहरूको क्षणवादी प्रस्तुति

अहिलेको परिवर्तनशील समाजमा विभिन्न घटनाहरू घटिरहेका हुन्छन् । ती घटनाहरूबाट मानिसले विभिन्न अनुभूति र नयाँ अनुभव सँगाल्न पुग्दछ । ती जीवनका प्रत्येक क्षणका अनुभवहरूलाई विलक्षणतासहित प्रस्तुत गर्नु लघुकथाको एउटा विशेषताको रूपमा लिन सकिन्छ । लघुकथाको रचना गर्दा जीवनका भोगाइ र गराइका विविध पक्षलाई समेटेर कौतूहलतापूर्ण ढङ्गले वर्णन गर्नु र कुनै पनि क्षणलाई साङ्केतिक तवरमा वर्णन गर्नु लघुकथाको प्रमुख विशेषताको रूपमा लिन सकिन्छ ।

## ३.१.३ सूत्रकथाका रूपमा लघुकथा

सङ्क्षिप्तता व्यङ्ग्यचेतना जीवन्तता तथा संवेदनशीलता आदि विशेषतालाई लघुकथाले आफूमा समाहित गरी आज साहित्य जगत्मा लोकप्रिय विधाको रूपमा अगाडि बढेको तथ्य स्पष्ट हुन्छ ।

नेपाली साहित्यमा विशेष गरी नवप्रवृत्ति, नवधारा तथा नवयुगचेतनाका अनुभूतिहरू पूर्ण सजीवताका साथ रेखाङ्कित भएको पाइन्छ । आजको नवयुग र आधुनिक समाजका मानवहरू कम समयमा धेरैभन्दा धेरै कार्य प्रतिफल प्राप्त गर्न तल्लीन रहेका छन् । मानिसहरू र समाज व्यस्ताको कारण कम समय र कम पृष्ठ व्यय गरेर अपरिहार्य कुराहरूबाट वञ्चित प्रभाव अनुभूत गराउन लेखकहरू, साहित्यकारहरू क्रियाशील छन् ।


बदलिँदो परिवेश अनुसार मान्छेको जीवनशैली, रहन-सहन, खानपिन तथा कार्यव्यापारहरू पनि बदलिसकेका छन् । आज त झन् सम्पूर्ण क्षेत्रमा समयाभाव देखिन्छ । त्यही समयाभावकै बिचबाट आफ्नो रचनाका लागि पाठक खोज्ने क्रममा र कमभन्दा कम वाक्य र अनुच्छेदमा नै चरम आनन्द दिलाउने प्रयासको परिणतिस्वरूप सूत्रकथा र सूत्रउपन्यासको जन्म र विकास भएको छ । नेपाली आख्यान साहित्यको फाँटमा यस्ता केही सफल प्रतिभा सम्पन्न कथाकारहरू भेटिन्छन् जसको कलमले नित्य, नवीनतम शैली, नवीनतम धाराको प्रादुर्भाव गर्दै आफ्ना पाठकहरूको मन जित्न सफलता प्राप्त गरेका पाइन्छन् । सूत्रकथाका रूपमा लघुकथाको विकास हुँदा लघुकथाको परिभाषामा झन परिवर्तन आएको देखिन्छ । सूत्रकथामा लघुकथाको जस्तो विस्तृतता र

वर्णनको ठाउँ हुँदैन यसको आकारगत स्वरूप झन् छोटो हुन्छ । यसमा पात्रहरूको न्यूनताको अपरिहार्यता झन महत्त्वपूर्ण देखिन्छ । सूत्र बारे निकै चर्चा-परिचर्चा भए तापनि त्यसको शास्त्र सम्मत विन्दुमा अझ पनि मतैक्य नरहेको पाइन्छ । सूत्रका अरू जेजति परिभाषा भएता पनि सूत्रद्वारा एउटा चरित्र र उद्देश्यादिलाई उनेर एक आवश्यक फूलजस्तो अवयवको सिर्जना गर्न सकिन्छ भन्ने मान्न सकिन्छ । यसरी २०४० को दशकदेखि नै प्रचलनमा आएको सूत्रकथालाई लघुकथाकै सङ्घटकका रूपमा लिन सकिन्छ ।

### ३.१.४ लघुकथाको स्वरूप र आयाम

लघुकथाको स्वरूप र आयामका सन्दर्भलाई यसका परिभाषा र विशेषताले पनि स्पष्ट पारिसकेका छन् । लघुकथाको संरचना छोटो छरितो किसिमको हुने भएकाले यस कथानक विन्यास र वस्तुविन्यास पनि छोटो र मौखिक किसिमको हुन्छ । यसलाई कथाको कथाविन्यास र वस्तुविन्यास सवनीकरण गरेर देखाउनु सान्दर्भिक हुन्छ ।


**आख्यानतन्तु**




झ्वाट्ट हेर्दा देखिने एउटा आकार वा आकृतिको लघुसंरचना नै लघुकथा हो । जसमा आख्यानको तीव्र र तीव्रतम अभिव्यक्ति हुन्छ । कथाको कथानक विन्यास र वस्तु विन्यास केही बाङ्गो वा घुमाउरो हुन सक्छ तर लघुकथाको कथानक विन्यास माथि देखाइएझैँ सरलरेखा जस्तो सोझा हुन्छ । अतः कथानकको विस्तार लघुकथामा निषेध हुन्छ । वस्तुगतता नै लघुकथाको आन्तरिक स्वरूप भएकाले यो जतिसुकै छोटो भए पनि स्वयम्मा पूर्ण हुन्छ । लघुकथाको वस्तुविन्यास पनि कथाका तुलनामा भिन्न हुन्छ । कथाको प्रवाहमा विश्राम हुन्छ र विभिन्न मोडहरू देखिई त्यसमा विभिन्न शृङ्खलाहरू


रहेका हुन्छन् भने लघुकथामा विश्राम नभई एकै चोटि उत्कर्षका साथ विराम (अन्त्य) हुने हुँदा शृङ्खला पनि एउटै हुन्छ ।

**कथा**




१. आदि २. विकास ३. उत्कर्ष ४. ह्रास/अपकर्ष ५. अन्त्य

**लघुकथा**




१. आदि २. उत्कर्ष-अन्त्य

*(गौतम, २०६७: ३)*

यी दुई आलेखले कथा र लघुकथाका कथानक विन्यासका भिन्नतालाई स्पष्ट पार्छन् । यसबाट लघुकथाको स्वरूप स्पष्ट हुन्छ । लघुकथाको आयाम वा आकार प्रकार बारेमा विद्वान्हरू बिच मतैक्य पाइँदैन । विभिन्न विद्वान्हरूले पचपन्न शब्ददेखि दुई हजार शब्दसम्मको सीमामा लघुकथालाई राखेका छन् । तापनि लघुकथाको परिभाषा, अभिलक्षण र स्वरूपका आधारमा दुई सयदेखि दुई सय पचास शब्दसम्म सीममा आबद्ध हुनु मानक लघुकथाको अभिलक्षण हो । मुक्तकीय झट्का दिने अभिलक्षण र विशेषणका कारण लघुकथा मुक्तकसँग निकै नजिक रहेको कुरा स्पष्ट भइसकेको छ ।

### ३.१.५ लघुकथाका तत्त्व

लघुकथालाई संरचनागत पूर्णतामा पुऱ्याउन केही उपकरणहरूको आवश्यकता पर्दछ । त्यस्ता उपकरणहरू लघुकथाका तत्त्वहरू हुन् । लघुकथा न्यूनतम भाषिक प्रयोगद्वारा सरल, सहज र सटीक लघुसंरचना (आख्यान) का रूपमा लिन सकिन्छ । जीवन र जगत्मा घटेका वा घट्न सक्ने सूक्ष्म घटनाहरूलाई समेटेर विभिन्न देशकाल परिस्थितिको आधारमा उत्कृष्ट भाषाशैलीको प्रयोग गरी लेखिएको हुन्छ । समाजका विभिन्न विकृति तथा विसङ्गतिप्रति चोटिलो प्रहार गर्नु र ज्यादै सटीक प्रहारात्मक, व्यङ्ग्यात्मक र प्रतीकात्मक शैलीमा लेखिएको आख्यान विधाको रूपमा आफैँमा पूर्ण विधाको रूपमा लिन सकिन्छ । यसरी आख्यानका अन्य विधा कथा र उपन्यासझैँ लघुकथा निर्माणमा विभिन्न उपकरणहरूको अनिवार्य मानिन्छ लघुकथाका अनिवार्य उपकरण (तत्त्व) हरू निम्नलिखित रहेका छन् ।

### (क) कथानक/कथावस्तु

पात्रद्वारा गरिने कार्य र सो कार्य गर्दा घट्ने घटनालाई कथानक भनिन्छ । कथानक कथात्मक प्रकरणहरूको समन्वय हो । लघुकथा लेखनमा कथानक वा कथावस्तुलाई महत्त्वपूर्ण मानिन्छ । समाजमा घटित विभिन्न घटनालाई कार्यकारण शृङ्खला संयोजन तथा पात्र तथा चरित्रका कार्यव्यापारको एक मूर्त आकृति नै कथानक हो । लघुकथामा आरम्भ, उत्कर्ष र निष्कर्षको रैखीय ढाँचामा कथानकको गति तीव्र रूपमा अगाडि बढेको हुन्छ । लघुकथामा घटना, अवस्था, स्थिति, प्रसङ्ग परिवेश आदिको योजना गरिएको हुन्छ । आख्यानमा कल्पना र बुद्धितत्त्वको प्रयोग गरेर कथानकको निर्माण गरिन्छ । तर्क बुद्धि कल्पना, व्यङ्ग्य, लघुकथाका कथानक बनाउने प्रमुख तत्त्व हुन् । इतिहास, यथार्थ, मिथक, रागात्मक सौन्दर्य स्वैरकल्पना, समाजका विकृति र विसङ्गति लघुकथाका कथानको स्रोत हुन् । कथानकलाई कथात्मक संरचना दिन आदि, मध्य र अन्त्यको संरचना दिएको हुन्छ । त्यसैले लघुकथाको कथानक अन्त्य सटीक पाराले अप्रत्यासित रूपमा प्रारम्भ भई मध्य अझ उत्कर्ष हुँदै व्यङ्ग्य, विकृति, विसङ्गतितर्फ अगाडि बढी चोटिलो प्रहारसँगै पूर्ण अन्त्योकर्षमा लघुकथा टुङ्गिएको हुन्छ । समाजका सूक्ष्म घट्नाक्रम र छोटो अवधिमा घटेका घटनालाई लघुकथाको तत्त्व कथानक कथावस्तुको रूपमा लिन सकिन्छ ।

### (ख) पात्र/चरित्र

कथानकका सम्पूर्ण घट्ना पात्रमा निहित हुन्छन् । आख्यानमा कुनै घटनाको कल्पना गरी प्रस्तुतीकरण गर्ने माध्यम पात्र वा चरित्र हो । लघुकथा आख्यानकै उपविधा भएकाले पात्रविनाको लघुकथा कल्पना गर्न सकिँदैन । लघुकथामा पात्र कहिले मुख्य र कहिले गौण भूमिकाबाट समाज, राजनीति, व्यक्ति परिवेश विकृति र विसङ्गति वाहक भएर आएको हुन्छ । लघुकथा सूक्ष्म कथानक र कथावस्तुमा आधारित हुने गर्दछ । कथा र उपन्यासको जस्तो पात्र चरित्रको उपस्थिति लघुकथामा पाइँदैन । लघुकथा प्रतीकात्मक र सूक्ष्म प्रकृतिको हुन्छ । जसमा मानव, मानवेतर प्राणी वा कुनै वस्तुलाई पात्रको रूपमा सिर्जना गरी लघुकथा लेखिन्छ । लघुकथामा समाजका विकृति र विसङ्गति पक्ष बलियो हुने भएकाले पात्रको मन र मस्तिष्कमा विपरीत सोच र द्वन्द्वकै स्थिति उत्पन्न हुन पुग्छ यसरी आख्यानको आयाम निर्धारण, द्वन्द्व, कौतूहलता प्रदान गर्ने तत्त्व पात्र/चरित्र हो ।

## (ग) परिवेश

पात्रले भोगेको जीवनजगत् चित्रण गर्ने भावभूमि परिवेश हो । परिवेशलाई वातावरण, देशकाल र परिस्थिति पनि भनिन्छ । परिवेश कथामा पात्रले गर्ने कार्य र घट्ने घटनाको स्वरूप, परिस्थिति, स्थान र समय हो । पात्रको चरित्र स्पष्ट पार्न र घटना एवं क्रियाकलापलाई प्रभावकारी बनाउन परिवेश आवश्यक पर्छ । लघुकथामा यी बाहेक कहिलेकाहीँ मानसिकतामा आधारित परिवेशको प्रयोग हुन्छ । जसलाई वातावरण पनि भन्न सकिन्छ । उपन्यास र कथामा जस्तो व्यापक परिवेश लघुकथामा प्रस्तुत नगरिए पनि सीमित र सूक्ष्म परिवेश उठानमा नै लघुकथाले पूर्णता प्राप्त गरेको हुन्छ । लघुकथालाई प्रभावकारी, मर्मस्पर्शी र उत्कृष्ट बनाउने उद्दीपकको कार्य परिवेश अथवा देश, काल, परिस्थितिले नै गरेको हुन्छ । त्यसले लघुकथाको परिवेश लघुतम हुन्छ । कथानक, पात्र, चरित्र झैँ लघुकथाको अनिवार्य अङ्गको रूपमा परिवेशलाई लिन सकिन्छ ।

## (घ) संवाद

नाटकमा झैँ आख्यानको अनिवार्य उपकरण (तत्त्व) संवाद नभए पनि लघुकथा रचनामा संवाद गौण तत्त्वको रूपमा आएको हुन्छ । कथा र उपन्यासभन्दा लघुकथामा कम मात्र संवादको प्रयोग गरिन्छ । लघुकथालाई प्रारम्भमा, उत्कर्षमा र सटीक अन्त्यका लागि संवाद अन्त्यका लागि संवादले अनुकूल वातावरण निर्माण गर्दछ । आधुनिक लघुकथा लेखनमा संवादात्मक अभिव्यक्तिको प्रयोग निरन्तर बढ्दै गैरहेको पाइन्छ । नाटकीय लेखन पूर्ण संवादमा आधारित प्रयोगले लघुकथामा आख्यानको विस्तार, द्वन्द्व र चरित्रचित्रणमा सहजीकृत गरी लघुकथालाई नयाँ आयाम दिने तत्त्वको रूपमा संवाद लघुकथाको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

## (ङ) भाषाशैली

कथामा भाव अभिव्यक्त गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो । लघुकथा पृथक् ढङ्गले प्रयोग गर्न भाषाशैलीको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । कुनै काम गर्ने विशेष प्रकारको प्रणाली, पद्धति, काम गराइको ढाँचा, परिपाटी, घोर, द्वन्द्व आदिलाई शैली भनिन्छ । लघुकथामा प्रयोग हुने भाषा क्लिष्ट तथा दुर्बोध्य

नभएर सरल, सरस, सम्प्रेष्य र सटीक हुन्छ । थोरैभन्दा थोरै शब्दमा धेरैभन्दा धेरै अभिव्यक्ति व्यक्त गर्ने लघुकथाको आफ्नो मौलिक शैलीको रूपमा लिन सकिन्छ । लघुकथामा प्रतीकात्मक, सङ्केतात्मक, व्यङ्ग्यात्मक भाव तुरुन्तै उत्कर्ष अनि सटीक अन्त्य बोध हुने भाषा लघुकथामा अनिवार्य मानिन्छ । शैली लघुकथाकारको व्यक्तित्वको परिचायक भएकाले बाँकी व्यक्तिपिच्छे फरक हुने गर्दछ । यसरी शैलीलाई सामान्य भाषामा अभिव्यक्त गरी विशिष्टता प्रदान गर्दछ भने भाषाशैलीले विशिष्ट रचना निर्माणमा सौन्दर्यबोधक तत्त्वको कार्य गर्दछ ।

### (च) उद्देश्य/सारवस्तु

कथाकारले देखेभोगेको अनुभवलाई विश्वसनीय ढङ्गमा चित्रण गरी पाठक समक्ष पुऱ्याउने दृष्टिकोण प्रस्तुत गर्नु नै कथाको सारवस्तु/उद्देश्य हो । त्यसैले उद्देश्यविहीन सिर्जना हुँदैन । साहित्यको सन्दर्भमा उद्देश्य लेखक र पाठक केन्द्रित हुन्छ । जीवनजगत्का सत्यानुभवलाई काल्पनिक रूपमा प्रस्तुत गरी साहित्यिक आनन्द प्रदान गर्नु तथा समाज र जीवनजगत् सम्बन्धित विकृति र विसङ्गतिहरूमाथि चोटिलो प्रहार गरी आफ्नो दृष्टिकोण प्रस्तुत गर्नु लघुकथाको मुख्य सार हो । आधुनिक सन्दर्भमा खासगरी लघुकथा लेखनको उद्देश्य व्यस्त जीवनमा थोरै समयको उपयोग गरी कथात्मक आस्वादन लिनका लागि लघुकथा धेरै उपयोगी मानिन्छ । समाजमा विद्यमान राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, जातीय आदि क्षेत्रको विकृति तथा विसङ्गति कुनै पनि सत्य उद्घाटन गर्नु नै लघुकथाको उद्देश्य हो । व्यक्ति समाजमा विद्यमान विशेषताका चरित्रको वैचित्र्यताको छिटो छरितो चित्रण गर्नु लघुकथाको महत्त्वपूर्ण उद्देश्य/सारवस्तु हो ।

### (छ) दृष्टिबिन्दु

लघुकथाकारले लघुकथा भन्नका लागि रोजेको स्थानलाई दृष्टिबिन्दु भनिन्छ । लघुकथाको आन्तरिक शिल्पसित सम्बद्ध एक मुख्य तत्त्व दृष्टिबिन्दु हो । लेखकले कथाको कथावस्तुको चयन, पात्र विधान र सारवस्तुको समेत निर्धारण गरिसकेपछि त्यसैको केन्द्रीयतामा दृष्टिबिन्दुको तय गर्दछ । दृष्टिबिन्दुद्वारा लेखकले चरित्र कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक सामु राख्दछ । कथा र उपन्यासमा जस्तै लघुकथामा पनि पात्रको

अनिवार्यता हुने भएकोले कुन पात्रलाई कुन स्थानमा राखेर एउटा निश्चित आकार दिने भन्ने कुरा दृष्टिबिन्दुले निर्धारण गर्दछ । कथा कसको हो र त्यस कथालाई कसले भनेको हो भन्ने कुराको प्रस्ट जानकारी दृष्टिबिन्दुबाट पाइन्छ । मोहनराज शर्माले "लघुकथामा दृष्टिबिन्दुलाई गौण तत्त्व" का रूपमा मानेका छन् । तर पनि लघुकथामा एउटै पात्र र अत्यन्त सीमित संवादझैँ दृष्टिबिन्दुलाई पनि अनिवार्य मानिन्छ । लघुकथामा पनि अन्य आख्यानमा झैँ (१) प्रथम पुरुष दृष्टिबिन्दु र (२) तृतीय पुरुष दृष्टिबिन्दु; आन्तरिक र बाह्य दृष्टिबिन्दु अनिवार्य मानिन्छ ।

### ३.१.६ लघुकथाका प्रकार

लघुकथालाई वर्गीकरणका लागि खास वैज्ञानिक र सैद्धान्ति आधार देखिँदैन । लघुकथा गतिशील र परिवर्तनशील आख्यानकै उपविधा भएकोले यसको स्वरूप, अन्तर्वस्तु र शैलीमा देखिने विविधता र नवीनताका कारण यसको वर्गीकरण जटिल देखिन्छ । मूलतः यसको वर्गीकरण अन्तर्वस्तुका आधारमा नै गर्नु उपयुक्त हुन्छ । राजनीति, सामाजिक, आर्थिक, सांस्कृतिक, समकालिक, कालक्रमिक आदि विविध सन्दर्भहरूले लघुकथाको प्रकारीकरणका लागि आधार प्रदान गर्दछन् । त्यसैले लघुकथालाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ ।

(क) **अन्तर्विषयका आधारमा**

सामाजिक, मनोवैज्ञानिक, पौराणिक, धार्मिक, ऐतिहासिक, दार्शनिक, वैज्ञानिक आदि ।

(ख) **रीतिक्षेत्र/वादका आधारमा**

स्वच्छन्तदावादी, प्रगतिवादी, अस्तित्ववादी, विसङ्गतिवादी, बिम्बवादी, प्रतीकवादी, अन्तर्वस्तुमा प्रयोगवादी, आदर्शवादी, नारीवादी आदि ।

(ग) **शैलीका आधारमा**

पत्रात्मक, डायरी, व्यङ्ग्यात्मक, शैलीमा प्रयोगपरक, प्रथम पुरुषात्मक तृतीय पुरुषात्मक ।

(घ) **वस्तु सन्दर्भको प्रधानताका आधारमा**

घटनाप्रधान, चरित्रप्रधान, परिवेशप्रधान, समस्याप्रधान, भावप्रधान, विचारप्रदान ।

## ३.२ नेपाली लघुकथाको विकासक्रम

प्राचीन कालदेखि नै मानिसले कथा भन्ने र सुन्ने क्रम सुरु गरेको हो । बोलीचालीको विकास सँगसँगै चेतनाको विस्तार हुँदा भनाइलाई प्रभावकारी र नभुलिने बनाउन मान्छेले कथा भन्न थाल्यो । मौखिक परम्परामा जनमानसमा व्यापकता लिएको कथालेखन कालको जन्म भएपछि बिस्तारै कथा प्रकाशन एवं मुद्रित हुन थाल्यो । यसरी नेपाली साहित्यमा कथाको आधुनिकताको सुरुवात वि.सं. १९९२ सँगै नेपाली लघुकथा लेखनको प्रारम्भिक चरण सुरु भएको मानिन्छ । नेपाली आख्यान परम्परामा लघुकथालाई नै आफ्नो सिर्जनाको मुख्य अभीष्ट वा लक्ष्य बनाएर सक्रिय हुने लेखक सर्जकहरू थोरै छन् । तापनि द्रूत गतिमा विकसित घटनाक्रम साँघुरिँदै गएको आजको युग विद्युतीय सञ्चारमाध्यमको तीव्रतामा विकास, व्यस्त, मानवीय जीवनशैली, समयको अभाव र अस्तव्यस्त जीवनका बिचमा पाठकको रुचि एवं सौन्दर्य अनुभूतिसँग एकाकार हुने विशेष गुण भएकै कारण लघुकथा लोकप्रिय हुँदै जानु स्वाभाविक भएकाले समसामयिक परिवेशमा यसको लेखन परम्परा सघन हुँदै गएको छ । वि.सं. १९९२ पछि नेपाली साहित्यमा लेखन कार्य क्रमशः व्यापक ढङ्गले अगाडि बढेको छ । नेपाली लघुकथा लेखनलाई आधार मानी लघुकथाको छुट्टै ऐतिहासिक विकासको परम्परा विकास भएको छ । पृष्ठभूमिकाल (वि.सं. १९९२ भन्दा अघि) नेपाली लघुकथाको उद्भव भूमि खोज्दै जाँदा लोक साहित्यसम्म पुग्नु पर्ने हुन्छ । लोक साहित्यमा पाइने उखान तथा गाउँखाने कथा आदि नै नेपाली लघुकथाको प्रारम्भिक प्रारूप हो ।

बहुकालिक दृष्टिबाट हेर्दा नेपाली लघुकथा लेखनको सुरुवात वि.सं. १८०० तिरदेखि भएको मानिन्छ । गोर्खा वंशावलीमा अनुस्यूत दुई छोटा कथाहरू ‘सत्सँगको वर्णन भयाको कथा हो’ र ‘राजा प्रपञ्चैको व्यहोराको एउटा खिसा’ लघुकथासम्मत रचना हुन् ।

रामकृष्ण शर्माद्वारा सम्पादित हास्यमञ्जरी (वि.सं. १९५२) भित्रका रचनाहरूमा सीमित र सूक्ष्म तन्तुको आभास त पाइन्छ तर हँस्यौली-ठट्यौलीको प्रधानता र सुगठित कथानक तथा सशक्त कलात्मकताको अभाव र यसमा यस्तो मनोरञ्जनात्मक पक्षको मात्र प्रस्तुति । कृष्णचन्द्र अर्ज्यालद्वारा वि.सं. १९८०-८५ तिर लेखिएको मानिसको लौकिक न्याय मणिमालाका ‘खानु त पाँचमुठी बस्नु त नेपाल’ लगायत सत्ताइस वटा लघुकथाहरूलाई नेपाली मौलिक लघुकथाको प्रस्थानबिन्दु मान्नु समुचित देखिन्छ ।

यसबाट के बुझिन्छ भने नेपाली लघुकथाको पृष्ठभूमि कालमा प्राप्त रचनाहरूबाट नेपाली लघुकथाको लेखन सुरुवात कहिलेदेखि भयो भन्ने किटान गर्न नसकिए पनि आधुनिक नेपाली कथालेखन वि.सं. १९९२ पछि नेपाली लघुकथा लेखन कार्य प्रारम्भ भएको हो ।

आधुनिक नेपाली कथा परम्परामा लघुकथाको सिर्जना छुट्टै पहिचान र छुट्टै अस्तित्वबाट आरम्भ नभै आधुनिक नेपाली कथा लेखनकै प्रयत्नबाट विकसित हुँदै आएको हुँदा यसलाई कथा परम्पराकै प्रवाहमा समाहित गरेर अध्ययन गरिनु वाञ्छनीय देखिन्छ । त्यसैले वि.सं. १९९२ भन्दा अघि लेखिएका लघुकथात्मक रचनाहरूको महत्त्व नेपाली लघुकथाको उद्‌भवमा महत्त्वपूर्ण रहे पनि लघुकथाकै रूपमा ती कथाहरू नलेखिएकाले ती कथाहरू नेपाली लघुकथा लेखनका पृष्ठभूमिका रूपमा लिन सकिन्छ । पृष्ठभूमि कालका लघुकथात्मक स्वरूपका रचनामा पाइने प्रमुख प्रवृत्तिगत विशेषताः

१. प्रारम्भमा संस्कृत र नीति कथाको अनुवाद,
२. अतिकाल्पनिक किसिमका कथालेखन र लोककथात्मक तथा नीतिकथात्मक शैलीको प्रयोग,
३. लघुकथाका तत्त्वहरूको पूर्णपालना नभएका छोटा, लघुत्तम अख्यान लेखन,
४. नीतिगत तिलस्मी र लोकथालाई अन्तर्वस्तु बनाएर लघुकथा लेख्ने प्रवृत्ति,

यसरी पृष्ठभूमि कालमा प्राप्त रचनाहरू अनि नेपाली आधुनिक कथा परम्पराको सुरुवात (वि.सं. १९९२) सँगै उद्‌भव भएको नेपाली लघुकथाको विकासक्रमलाई निम्न तीन चरणमा विभाजन गरिएको छः

(क) पहिलो चरण (वि.सं. १९९२ देखि वि.सं. २०१९)
(ख) दोस्रो चरण (वि.सं. २०२० देखि वि.सं. २०३९)
(ग) तेस्रो चरण (वि.सं. २०४० देखि हालसम्म)

### ३.२.१ पहिलो (प्रारम्भिक) चरण (वि.सं. १९९२-वि.सं. २०१९)

नेपाली साहित्य अन्तर्गत आख्यानको उपविधा कथाको आधुनिक काल नै लघुकथा लेखनको प्रारम्भिक चरण (वि.सं. १९९२) हो । पहिलो अर्थात् प्रारम्भिक चरण वि.सं. १९९२ देखि वि.सं. २०१९ सम्मको अवधिलाई मानिन्छ । यस चरणका प्रतिनिधि

लघुकथाकारहरूमा पूर्ण प्रसाद ब्राह्मण र डा.जयनारायण गिरीलाई लिइन्छ । वि.सं. १९९२ मा प्रकाशित गोपाल सिंह नेपालीद्वारा लिखित 'कल्पना' कृतिलाई प्रथम लघुकथासङ्ग्रहका रूपमा हेरिन्छ तर केही विद्वान्हरूले यसलाई गद्यकविताका रूपमा विमित जनाएका छन् । विवादास्पद नै रहे पनि यस कृतिलाई लघुकथाकै रूपमा आस्वादन गर्न सकिन्छ । यसमा प्रयुक्त पात्र, परिवेश-घटना, कथावस्तु आदि कथाका उपकरणहरू प्रयोग भएकाले कथात्मक अभिलक्षणा पाइन्छ ।

यस चरणका चर्चित तथा प्रतिनिधि लघुकथाकारहरू पूर्णप्रसाद ब्राह्मण 'झिल्का' (२००७) र 'म लोग्ने हुँ' (२००८), जयनारायण गिरीको 'कसिङ्गर' (२००८) र शशिकला शर्माको 'उनको सुरुवाल' (२०१९) का महत्त्वपूर्ण लघुकथाका प्रकाशित कृतिका रूपमा यस कालमा कलम चलाउने ब्राह्मणले परीकथा झैँ पशुपक्षीका साथै अमूर्त सत्ताहरूलाई समेत पात्रका रूपमा लिएर मूलतः सामाजिक अन्याय, शोषण, अव्यवस्था र नारीमाथिको हुकुमीतन्त्रप्रति विद्रोह र व्यङ्ग्य दुबै गरेका छन् । ब्राह्मणले 'उनका झिल्का' (२००७) र 'म लोग्ने हुँ' (२००८) मा तत्कालीन सत्ता, शोषण, राजनीतिक, घरायसी र मानवीय यथार्थलाई बडो रोचक र सटीक शैलीमा चित्रण गरेर लेखेका छन् ।

जयनारायण गिरीले आफ्ना लघुकथामा नारी जीवनका विभिन्न पक्षहरूको निरूपणका साथै नारी संवेदना र मनोविज्ञानमा आधारित (फ्रायडीय) चिन्तनको प्रणयजनित प्रतिबिम्बहरू उतारेका छन् ।

यस चरणमा सामाजिक, शोषण, अन्याय, त्यस बेलाको हुकुमीतन्त्रप्रतिको विद्रोहमा आधारित तथा नारी संवेदनाका पक्षमा यथार्थवादी र यौन मनोवैज्ञानिक प्रवृत्तिलाई अँगालेर लघुकथा लेखन कार्य अगाडि बढेको पाइन्छ । यस चरणका लघुकथामा पाइने प्रमुख प्रवृत्तिगत विशेषताः

१. राणा शासन र प्रजातन्त्र स्थापनाको सङ्क्रमणकालीन सन्दर्भको अभिव्यक्ति साथै नारीमाथिको अनाचारको विरोध,
२. सामाजिक अन्योल, अन्याय, अत्याचार र शोषण, दमनको चित्रणका साथै विद्रोहको प्रस्तुति,
३. सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रका सङ्गतिहीनता र नारी समस्या तथा यौन मनोविज्ञानको अभिव्यक्ति,

४. घरायसी समस्या, धार्मिक आडम्बर, अभाव, अशिक्षा र गरिबीको चित्रण,

५. मानवेतर पात्रको प्रयोग र प्रतीकात्मक शैलीको समेत गरी लघुकथा लेख्ने प्रवृत्ति ।

### ३.२.२ दोस्रो (नवचेतनावादी) चरण (वि.सं.२०२० देखि वि.सं. २०३९ सम्म)

समाजमा चेतनाको भाव झल्काउँदै लघुकथा लेखन र प्रकाशनका दृष्टिले महत्त्वपूर्ण यस चरणलाई नवचेतनावादी युग भनिने गरिएको छ । यस चरणमा लघुकथाको उन्नति र विकास राम्रो भएको देखिन्छ । वि.सं. २०२० देखि २०३९ सम्म प्रतिभासम्पन्न व्यक्तित्वहरूले लघुकथा लेखनमा आफूलाई समर्पित गरेको पाइन्छ । प्रारम्भिक चरणको सामाजिक यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी प्रवृत्तिभन्दा भिन्न रहेर समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, जातीय चेतनाको क्षेत्रमा देखा परेका विसङ्गति, दमन, अत्याचार, द्वन्द्व, निचता, नारीशोषण र स्वेच्छाचारीको विषयलाई नवचेतनाको धारमा प्रस्तुत गरिएका लघुकथाहरू सिर्जना तथा प्रकाशन भएका छन् । यस चरणका लघुकथाहरूमा पञ्चायती व्यवस्थाको दमनकारी नीति र बहुदलवादीहरूको विद्रोहात्मक र सङ्घर्षशील प्रवृत्तिको प्रभाव प्रशस्त पाउन सकिन्छ ।

पञ्चायती व्यवस्थामा भएका दमन, अन्याय, अत्याचार र विद्रोहात्मक भावना अनि समाजका विकृति-विसङ्गतिप्रति कटु आलोचना गर्दै यस चरणमा आफ्ना कृति लिएर देखा पर्ने प्रमुख लघुकथाकारहरूमा विश्वम्भर प्याकुरेल, जगदीश नेपाली, अनिता तुलाधर र ध्रुव मधिकर्मी, श्याम गोपाल, किशोर पहाडी, लव गाउँले, विनय कुमार कसजू, रमेश नेपाली आदि रहेका छन् । कलात्मक, शिल्प र सौन्दर्य चेतनाले युक्त लघुकथा लेखनलाई अझ प्रभावकारी बनाउन तथा लघुकथाको उचित समृद्धिका निम्ति रूपरेखा, मधुपर्क, सिउँडी, बिहानी, जयन्ती जस्ता पत्रिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यस चरणमा प्रमुख लघुकथाकार विश्वम्भर प्याकुरेलको इन्द्रेणीको 'गुम्बज भित्र' (२०२९) रमेश नेपालीको 'पाटीकी बौलाही' (२०३२), अनिता तुलाधरको 'फूलु' (२०३४), ध्रुव मधिकर्मी र श्याम गोपाल संयुक्त लघुकथासङ्ग्रह 'लघु' (२०३५), लव गाउँलेका 'मसिना कथाहरू' (२०३७) दुर्लभलाल सिंहको 'फूलभित्रको मान्छे' (अनु. २०३७) विनय कुमार कसजूको 'पशुतन्त्र' (२०३९) र जगदीश नेपालीका 'केही लघुकथाहरू' (२०३९) आदिक विभिन्न लघुकथा कृतिहरू प्रकाशित भएको छ ।

यस चरणमा देखा परेका लघुकथात्मक मुख्य प्रवृत्ति यथार्थवादी धारामा रहेको पाइन्छ । जसमा सामाजिक, राजनीतिक, सांस्कृतिक र मनोवैज्ञानिक यथार्थको उद्घाटन छिटो मिठो संरचना अभिव्यक्ति गर्नु रहेको पाइन्छ । त्यसै गरी नवचेतनावाद (विसङ्गतिवाद/अस्तित्ववाद) को बोलबाला रहेको यस चरणमा हरिहर खनाल विनयकुमार कसजू, खगेन्द्र सङ्ग्रौला, हरिगोविन्द लुइँटेल आदिले प्रगतिवादी चेतनाका लघुकथाहरू पनि लेखेका छन् । यस दोस्रो चरणको अवधिमा देखा परेका लघुकथामा पाइने प्रमुख प्रवृत्तिगत विशेषता यस प्रकार छन्:

१. युगीन सामाजिक जनजीवनका अभाव गरिबी, अशिक्षा आदि विसङ्गतिको प्रस्तुतिको साथै सुधारको सङ्केत,

२. समाजका खोक्रोपन, निराशा, कुण्ठा र आक्रोशका साथै सामाजिक भ्रष्टाचारप्रति व्यङ्ग्य,

३. सहरिया परिवेशका राजनीतिक, प्रशासनिक, आर्थिक विसङ्गतिप्रति व्यङ्ग्य र यथार्थको उद्घाटन,

४. नवीन शैलीको खोजी र सैद्धान्तिक/तात्त्विक दृष्टिले मानक रूपमा लघुकथा लेखनतिरको अग्रसरता,

५. लघुकथाको अन्तर्वस्तु चयनमा विविधता र प्रस्तुतिमा निजत्वको खोजी तथा भाषामा केही स्पष्टता र जटिलताको मिश्रण ।

### ३.२.३ तेस्रो (समसामयिक) चरण (वि.सं. २०४० देखि हालसम्म)

नेपाली लघुकथाको समसामयिक चरण वि.सं. २०४० पछि नेपाली लघुकथाको सिर्जनाको दृष्टिले उर्वरकाल हो । लघुकथा लेखन र प्रकाशन ४० को दशकपछि अझ व्यापक रूपमा झ्याङ्गिएको र फैलिएको पाइन्छ । तत्कालीन राजनीतिक व्यवस्थाका अवगुण पञ्चायती व्यवस्थाको आर्थिक पारदर्शिता र वैचारिक स्वतन्त्रताको दमनले यस कालका लघुकथाहरूलाई प्रत्यक्षतः प्रभावित पारेको देखिन्छ । तत्कालिक परिवेशमा प्रजातन्त्र (२०४६) पुनःस्थापनापूर्व लघुकथाको वैचारिक अभिव्यक्तिमा अप्रत्यक्ष डर, त्रास र सेन्सर थियो । वि.सं. २०४६ सालपश्चात्को स्वतन्त्रतापूर्वक समाजमा देखिएका विकृति-विसङ्गति, राजनीतिक परिवर्तन, समाजका समसामयिक विषयवस्तुमा लेखकहरूले आफ्ना आवाज उठाएको भेटिन्छ ।

यस कालखण्डमा नेपाली जीवनलाई प्रजातन्त्र प्राप्तिपूर्व र प्रजातन्त्र पुनः प्राप्तिपछिको राजनीतिक अवस्थाले प्रभावित पारेझैँ नेपाली साहित्य तथा नेपाली लघुकथा लेखनलाई पनि यस अवस्थाले प्रत्यक्ष प्रभावित पारेको देखिन्छ । त्यसैले यस तेस्रो चरणलाई दुई उपशीर्षक अन्तर्गत राखेर अध्ययन गर्न सकिन्छः

१. वि.सं. २०६४ पूर्व

२. वि.सं. २०४६ उत्तर

### (क) २०४६ पूर्वका लघुकथा र लघुकथाकार

युगीन सामाजिक जनजीवनका अभाव, गरिबी, अशिक्षा, समाजका निराशा, कुण्ठा, आक्रोश तथा पञ्चायती व्यवस्थाका प्रशासनिक विकृतिप्रतिको व्यङ्ग्यलाई प्रमुख कथावस्तु बनाउँदै नवचेतनवादी प्रवृत्तिलाई आत्मसात् गर्दै कलम चलाउने २०३० कै दशकका सर्जकहरू र केही पुराना लेखकहरू यस अवधिमा देखा परेका छन् । ध्रुवचन्द्र गौतम, भाउपन्थी, मनु ब्राजाकी, ध्रुव सापकोटा, शैलेन्द्र साकार, अनिता तुलाधर, भागीरथी श्रेष्ठ, अशेष मल्ल, किशोर पहाडी, अविनाश श्रेष्ठ, धीरेन्द्र मल्ल पूर्णविराम, ध्रुव मधिकर्मी, राजव, दुलर्भ, लालसिंह, विनय कुमार कसजू, जगदीश घिमिरे आदि देखा पर्छन् भने २०४६ सालपछिको नेपाली लघुकथाको विकास प्रक्रियामा पुराना लेखकहरूका साथै नयाँ लघुकथाकारहरूले सशक्त ढङ्गले कलम चलाएका छन् ।

यसरी सशक्त ढङ्गले कलम चलाउने लघुकथाकारहरूका विभिन्न लघुकथासङ्ग्रह प्रकाशित गरेका छन् । आमोददेव भट्टराईको हस्ताक्षर (२०४७), भागीरथी श्रेष्ठको 'रङ्गीन पोखरी' (२०५०), बालमुकुन्ददेव खनालको 'बाध्यता' (२०५०), ध्रुव मधिकर्मी र श्यामकोपालको 'संयुक्त कृति', बुद्ध कहीँ छैन' (२०५१), सुमन सौरभको 'आधुनिक लघुकथाहरू' (२०५२), विनय कुमार कसजूको 'लिस्नो' (२०५३), 'थोपाथोपा' (२०५७) र 'बाघको सिकार' (२०६१), रवीन्द्र समीरको 'तेस्रो आँखा' (२०५३) र 'पोस्टमार्टम' (२०६२), किशोर पहाडीको 'किम्बदन्ती' (२०५३), कपिल लामिछानेको 'अन्यथा' (२०५४) र 'जल मानव' (२०६१), रामविक्रम थापाको 'पात्रहरू' (२०५५), श्रीओम श्रेष्ठ 'रोदन'को 'आँखी झ्याल' (२०५५), हरिहर खनालको 'विगत आघात' (२०५५), विष्णु राईको 'परपर' (२०५५), नगेन्द्रराज शर्माका 'एकान्तका आफन्तहरू' (२०५५) यस चरणका प्रमुख लघुकथासङ्ग्रह हुन् ।

यस चरणका लघुकथाहरूमा प्रगतिवादी चेतना प्रबल हुनुका साथै समाज सुधारको समेत अपेक्षा गरिएको छ । समाजमा देखा परेका विकृति-विसङ्गति र विडम्बनालाई विद्रोहात्मक व्यङ्ग्य गरी विभिन्न प्रतीकात्मक लघुकथा कृतिहरूमा हरिगोविन्द लेईँटेलको 'समय र पोखरी', कृष्ण शाह 'यात्री'को 'सूक्ष्म शिखाहरू' (२०५६) र 'आणविक अस्त्र' (२०६४) उल्लेख्य छन् । त्यस्तै गोरख बहादुर सिंहको 'आलु प्याज, आलु प्याज' (२०६०), नारायण तिवारीको 'दसैं खर्च' (२०५७), नवराज रिसालको 'अदृश्य पीडा' (२०५७), पुष्करराज भट्टको 'कर्मयोद्धा' (२०५९), 'मुक्ति' (२०६२), यमनदेव उत्प्रेरकको 'यात्रारम्भ' (२०५९), शेखर कुमार श्रेष्ठको 'सागरपुर' (२०५९), विजय सागरको 'सागरका कथाहरू' (२०६०), अगिव बनेपालीको 'शुभयात्रा' (२०६०) र 'अन्तिम आग्रह' (२०६२), इन्द्रकुमार विकल्पको 'सर्वदलीय घर' (२०६०), कुसुम ज्ञवालीको 'सहिदले बिर्सिएको गाउँ' (२०६०), हिरण्य भोजपुरेको 'जङ्घार' (२०६०), अच्युत घिमिरेको 'शिखर चढिरहेको मान्छे' (२०६१), धनुषराज राई 'शशी'को 'सेले हस्ताक्षर' (२०६१), गोपाल ढकालको 'अस्ताएको सूर्य' (२०६१), राज राम मनुकर्मीको 'अन्तर्द्वन्द्व' (२०६२), श्री बाबु कार्कीको 'समय र बाछिटा' (२०६२), हरिप्रसाद ज्ञवालीको 'अविरल यात्रा' (२०६३) आदि ।

यस चरणका लघुकथाकारहरूमा २०४६ अघि वैचारिक स्वतन्त्रता नहुनुका कुण्ठा मुखरित भएको पाइन्छ । यद्यपि यस अवधिमा लघु वा लघुत्तम साहित्यिक सिर्जना गरेर छोटो मिठो रूपमा तत्कालीन समयमा गुज्रेको समसामयिक विकृति-विसङ्गतिको भन्डाफोर गर्ने काम तीव्र रूपमा अगाडि बढेको छ । २०४६ पछि बदलिँदो राजनीतिक घटनाक्रमपछि विकसित परिस्थितिप्रति परिलक्षित भएर लघुकथा लेखन कार्य अगाडि बढेको छ ।

### (ख) २०४६ उत्तरका लघुकथा र लघुकथाकार

यस चरणमा लघुकथाको विकासका लागि व्यक्तिगत लघुकथासङ्ग्रहले मात्र नभै पोस्टकार्ड पत्रिका, हवाई पत्रिका, विभिन्न साहित्यिक पत्रिका तथा अन्य विभिन्न मासिक, पाक्षिक, साप्ताहिक, दैनिक पत्रपत्रिकाहरू र विभिन्न सङ्घसंस्थाहरूले पनि लघुकथा लेखन तथा सङ्ग्रह प्रकाशनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस चरणमा गोविन्द गिरी 'प्रेरणा'को सम्पादनमा प्रकाशित 'लघुकथा' (२०४३-२०४४), लघुकथा

पत्रिका, किशोर पहाडी र अशेष मल्लको सम्पादनमा प्रकाशित 'सौरभ' (२०४६-२०४७), पत्रिकाहरूमा लघुकथा विशेषाङ्क वासु मार्मिकको सम्पादनमा प्रकाशित 'अभिभावक' (२०५०), कृष्णप्रसाद दाहालको सम्पादनमा प्रकाशित 'सुनसरी' (२०५२), कृष्ण शाह 'यात्री'को सम्पादनमा प्रकाशित 'ज्योति पुञ्ज' (२०५२), 'गुञ्जन' (२०५५), लघुकथा विशेषाङ्क 'मधुपर्क' (२०५६ भदौ), लघुकथा विशेषाङ्क आदि लघुकथासँग सम्बन्धित विशेषाङ्कका रूपमा प्रकाशित भएका छन् भने लघुकथाको स्तरवृद्धिका लागि विभिन्न सङ्घसंस्था, गोरखापत्र संस्थान, प्रज्ञा-प्रतिष्ठान, साझा प्रकाशन, रेयुकाइ नेपाल पाटन शाखा, सिर्जनशील प्रकाशन आदिले लघुकथालाई आख्यानको उपविधाको रूपमा चिनाउन गोष्ठी, विभिन्न प्रतियोगिता, पुस्तक तथा विशेषाङ्क तथा फुटकर रचना प्रकाशनमा उल्लेख्य योगदान दिएका छन् ।

यसै क्रममा वि.सं. २०५३ मा सर्वप्रथम राष्ट्रव्यापी लघुकथा गोष्ठीको आयोजना हुनु; वि.सं.२०५४, वि.सं.२०५५ र वि.सं.२०५८ द रेयुकाइ नेपाल पाटन शाखाको सहयोगमा राष्ट्रव्यापी लघुकथा प्रतियोगिताको आयोजना हुनु र त्यस प्रतियोगितामा प्राप्तमध्ये उत्कृष्ट लघुकथाहरू छनोट गरी श्रीओम श्रेष्ठ 'रोदन'को सम्पादनमा 'शुभारम्भ' (२०५४) र 'सञ्चयन' (२०५५) प्रकाशित हुनु तथा दीपक गजुरेलको सम्पादनमा 'संवरण' (२०५८) प्रकाशित हुनु, साझा प्रकाशनले 'लघुकथा प्रक्रिया र पाठ' (२०६५) प्रकाशन गर्नु तथा लक्ष्मण प्रसाद गौतमले लघुकथाका सन्दर्भमा कार्यपत्र ( २०६७) प्रस्तुत गर्नु यस चरणको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

यस चरणमा आएर लघुकथा लेखन र प्रकाशनले व्यापकता पाउनुका अतिरिक्त साहित्यका अन्य विधाहरू कविता, नाटक, निबन्ध र आख्यान (उपन्यास कथा) झैँ लघुकथा आख्यानको एक पृथक् विधाका रूपमा चिनाउन त्रिभुवन विश्वविद्यालय तथा महेन्द्र संस्कृत विश्वविद्यालयको अधीनमा लघुकथा परम्परा तथा लघुकथा सम्बन्धी शोध कार्य समेत हुनुले यो चरण लघुकथाको सर्वाधिक सक्रिय र सुव्यवस्थित चरणको रूपमा सुपरिचित हुन सफल भएको छ ।

यस तेस्रो चरणका लघुकथामा पाइने प्रमुख प्रवृत्तिगत विशेषतालाई निम्नानुसार चर्चा गर्न सकिन्छः

१. पञ्चायती व्यवस्थाका अन्याय, शोषण र दमनको चित्रण,

२. यौनिक अन्तर्वस्तु, जीवनवादी चिन्तन, आर्थिक समस्याको अभिव्यक्तिका साथै मानवीय, वैयक्तिक कमजोरीको चित्रण,

३. राजनीतिमा देखिएको भ्रष्टता, भ्रष्टाचार र राजनीतिकरणको अभिव्यक्ति तथा समकालीन चेतनाको प्रबलता,

४. मानवीय खराब आडम्बरी तथा स्वार्थी आचरण तथा साहित्यिक क्षेत्रमा देखिएका विकृति-विसङ्गतिको चित्रण,

५. समाजमा रहेका सामाजिक समस्या, देशको दुरवस्था, प्रतिभा पलायन, बेरोजगारी आदिको सशक्त प्रस्तुति,

६. मावनीय नीचता, क्रुरता, व्यक्तिगत कमजोरी, प्रेम, अनुराग, यौनिक भावना, यौन कुण्ठा जस्ता कमजोरीको अभिव्यक्ति,

७. लघुकथामा नवीन प्रयोग, बहुलवादी चेतना, नारीवादी चेतना र प्रविधि संस्कृतिको प्रयोगका साथै जीवनका विविध आयामको प्रस्तुति,

८. लोकतान्त्रिक-गणतान्त्रिक चेतना, सुधारवादी चेतना र मानवीय अस्तित्वका साथै कतिपय कथामा विज्ञान, वैज्ञानिक तथा स्वैरकल्पनाको प्रयोग,

९. भूमण्डलीकरण, राष्ट्रिय सरोकारका विषय, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशको चित्रणका साथै सूत्रकथात्मक एवं अन्य विविध नवीन शैलीको अबलम्वन आदि ।

# परिच्छेद चार

# 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक विश्लेषण

## ४.१ रचना काल र प्रकाशनको पृष्ठभूमिका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह

नेपाली साहित्यको विभिन्न विधाहरूमा सशक्त ढङ्गले कलम चलाउने कृष्ण शाह 'यात्री' आख्यानको उपविधा लघुकथातर्फ आकर्षित भई २०५० को दशकदेखि लघुकथा लेखनको क्षेत्रमा सक्रिय लघुकथाकार हुन् । वि.सं. २०५० को असार महिनाको मधुपर्कमा 'अबोधपन' नामक लघुकथा लेखेर औपचारिक लघुकथा यात्राको थालनी गरेका हुन् । हुन त नेपाली साहित्यमा उनको प्रथम रुचि नाटक तथा एकाङ्की लेखनमा भए पनि उनको दोस्रो रूचीको विधा लघुकथा रहेको छ । विशेषतः नेपाली लघुकथा लेखन कार्यलाई अगाडि बढाउने क्रममा २०५० देखि फुटकर रूपमा विभन्न पत्रपत्रिकामा प्रकाशित लघुकथाहरूलाई उनले 'सूक्ष्म शिखाहरू (२०५६)' र त्यसपछिका लघुकथाहरू 'आणविक अस्त्र (२०६४)' लघुकथासङ्ग्रहमा समावेश गरी दुई लघुकथासङ्ग्रह प्रकाशित गरेका छन् । 'आणविक अस्त्र' कृष्ण शाह 'यात्री'द्वारा लिखित तथा विवेक सिर्जनशील प्रकाशन प्रा.लि.द्वारा वि.सं.२०६४ मा प्रकाशित लघुकथासङ्ग्रह हो । यो लघुकथासङ्ग्रह ६८ पृष्ठ (बाहिरी गाता पृष्ठ बाहेक)मा प्रकाशित छ । प्रकाशित दोस्रो लघुकथासङ्ग्रहको रूपमा विवेकशील प्रकाशन प्रा.लि.ले वि.सं. २०६४ मा प्रकाशित गरेकोले यसको रचनाकाल वि.सं. २०५६ पछि र प्रकाशन काल वि.सं. २०६४ हो ।

### ४.१.१ विषयवस्तुको स्रोतका दृष्टिले आणविक अस्त्र सङ्ग्रह

साहित्यमा विषयवस्तुको आगमन कुनै पनि विधामा स्वाभाविक हुन्छ । लघुकथामा विषयवस्तुको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । यस लघुकथासङ्ग्रह 'आणविक अस्त्र'मा विशेषतः वि.सं. २०४६ पछिको राजनीतिक परिवर्तनबाट सिर्जित समस्याहरू तथा वि.सं. २०६२/६३ को जनआन्दोलनपछिको नेपालको बदलिँदो परिवेशलाई विषयवस्तुको मुख्य स्रोतका रूपमा लिइएको छ । वि.सं. २०५२ पछि नेपालमा बढ्दै गइरहेको द्वन्द्वको अवस्था, दस बर्से माओवादी सशस्त्र द्वन्द्वताका देखिएका विभिन्न घटनाक्रमहरूलाई कथावस्तु बनाएर लघुकथा लेखन कार्य अघि बढेको देखिन्छ । देशमा

बढ्दै गएको राजनीतिक अस्थिरता, समाजमा विकृति-विसङ्गति अनि बेरोजगारीको कारण व्याप्त विभिन्न समस्या आदिबाट लघुकथाहरू लेखिएका छन् । अहिले युवाहरूको विदेशप्रतिको मोह र विदेश पलायनलाई कथाकार 'यात्री'ले विषयवस्तु बनाएर यथार्थवादी लघुकथाहरू लेखेका छन् । यसरी नेपाली समाजकै सामाजिक विषयवस्तु केही देशभित्र र केही देशबाहिरका परिवेशहरू चित्रण गर्दै लेखिएको 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा समाहित लघुकथाहरूको स्रोत देशकै समसायिक अवस्था र देशमा सिर्जित विभिन्न समस्या, अन्धविश्वास र रुढीवादी परम्परामा आधारित रहेको छ ।

यसमा देशका वर्तमान विभिन्न विकृति-विसङ्गतिहरू र समसामयिक विषयवस्तुमा आधारित ३६ वटा लघुकथाहरू सङ्गृहीत छन् । झिनो कथानकलाई व्यङ्ग्यात्मक र प्रतीकात्मक रूपमा प्रस्तुत गरिएका केही धेरै छोटा तथा केही छोटा लघुकथाहरूले बहुदलीय व्यवस्थापछिको समय, दसबर्से सशस्त्र द्वन्द्वको समयमा सिर्जित सकारात्मक र नकारात्मक समस्याहरूलाई उठान गरेको पाइन्छ । तत्कालीन समाजमा देखा परेका राजनीतिक परिवर्तनपछि जनमानसमा पलाएका आशा र अपेक्षाहरू अधुरै रहेकाले जनतामा बढ्दै गैरहेको वितृष्णा र जनताका दुःखद भोगाइहरूको जीवन्त चित्रणको झलक 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा छताछुल्ल भएका छन् ।

यसरी 'आणविक अस्त्र' लघुकथामा वि.सं. २०५६ पछि देशमा व्याप्त विकृति-विसङ्गति, राजनीतिक अस्थिरता आदि समावेश गरी लेखिएका छन् । सामाजिक यथार्थवादी घटनाक्रम, मानवीय सुख, मार्मिक घटना आदि विषयमा केन्द्रित रही लेखिएको हो ।

### ४.१.२ कथावस्तुका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह

कथावस्तुका दृष्टिले 'आणविक अस्त्र' भित्रका लघुकथाहरूले पूर्ववर्ती लघुकथाकारहरूले जस्तै समाजमा व्याप्त विकृति र विसङ्गतिलाई नै लिएको पाइन्छ । सामाजिक यथार्थको चित्रण, मानवीय सुख, दुःखका घटना-परिघटना, उनीहरूको जीवनशैली, महिलामाथि हुने विभेद, असन्तुलित सामाजिक संरचना, आर्थिक शोषण, वर्गीय विभेद आदिले निम्त्याएका घटना र परिस्थितिको चित्रण यस सङ्ग्रहले उठाएका महत्त्वपूर्ण विषयवस्तुहरू हुन् । समाजका वास्तविक र यथार्थ सामाजिक विषयवस्तुलाई कथानकका रूपमा प्रस्तुत गर्दै जीवनजगत्का र जीवन भोगाइका दुःखद तथा मार्मिक

पक्षलाई लघुकथाकार 'यात्री'ले उठाएका छन् । अहिलेको आधुनिक प्रविधियुक्त विश्वमा बढ्दै गएको नकारात्मक र सकारात्मक सोच र यसले ल्याएको फाइदाबेफाइदा तथा विकास निर्माणका नाममा हुने गरेको भ्रष्टाचार र शासन सत्ता सञ्चालनका क्रममा देखिएका गैरजिम्मेवारी प्रवृत्ति आदिलाई व्यङ्ग्यात्मक ढङ्गबाट चर्चा गरेका छन् । झिनो कथावस्तु तथा वास्तविक यथार्थ सामाजिक घटनाक्रमलाई रोचक र घोचक ढङ्गले व्यक्त गरेका छन् ।

### ४.१.३ परिवेशका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह

लघुकथाकार शाहका कथाहरू समसामयिक परिवेश र ऐतिहासिक परिवेशमा आधारित छन् । यिनका केही लघुकथाहरू धार्मिक एवं पौराणिक मिथकमा आधारित रहेर पनि लेखिएका छन् । भर्खरै बित्दै गरेको ताजा परिवेश र पुरानो कालखण्डमा घटित परिवेश दुवैको प्रयोग उनको परिवेशगत विशेषता हो । माओवादी दसबर्से सशस्त्र द्वन्द्वका क्रममा घटित घटनाको यथार्थ र ज्वलन्त प्रस्तुति 'सर्वज्ञ र नरमांश' लघुकथामा पाउन सकिन्छ । समाजमा बढ्दै गैरहेको विकृति-विसङ्गति तथा हत्या-हिंसाले पीडित सबै व्यक्तिहरूको तितो तथा कारुणिक यथार्थता 'सेता परेवाहरू', 'अतृप्त भोक र मान्छे', 'पक्ष-विपक्ष' लघुकथाले प्रस्तुत गरेका छन् । समाजमा मानिसका कार्यले उसको पहिचान दिने तर व्यक्तिको कुनै अस्तित्व नहुने विषयमा 'पहिचानको खोजी', 'सालिकको मृत्यु' शीर्षक लघुकथामा चर्चा गरिएको पाइन्छ । धार्मिक आडम्बरले निम्त्याएको विकृतिको चित्रण 'अर्को राम' लघुकथामा पाउन सकिन्छ भने मिथकीय प्रयोगका आधारमा शान्ति बुद्ध नभएर क्रान्ति बुद्धको कल्पना 'अर्को बुद्ध' शीर्षकले गरेको छ । त्यसै गरी राजनीति क्षेत्रमा बढ्दै गएको विकृति र विसङ्गतिको सफल चित्रण 'पर्खा दल र भ्रम', 'समय र स्वभाव', 'क्रमशः भोगाई' ले तथा देश छोडेर विदेश पलायनको बढ्दो क्रमको व्यङ्ग्य 'आभास' लघुकथाले प्रस्ट्याएको छ । गरिबीको पीडाले निम्तिएको कारुणिक यथार्थताको चित्रण 'नेपथ्य', 'विपत्तिको क्रम' शीर्षक लघुकथाले मन छोएको छ । उच्च पदमा आसिन राष्ट्रसेवकहरूले गर्ने पर्दा पछाडिका भ्रष्टाचार र विकृतिको भन्डाफोर 'पर्खाल र भ्रम', 'असन्तुलन', 'शवयात्रा' आदि लघुकथाले गरेका छन् । साहित्यमा उत्तर आधुनिकताका नाममा भैरहेको विकृतिको पर्दाफास 'उत्तर आधुनिक' कथाले प्रस्ट पारेको छ । समाजमा नारीको विवशता तथा पीडालाई 'बयान' र 'धन्दा' लघुकथाबाट चित्रण गरिएको छ भने

पुराना गीत सङ्गीतको मूल मर्मलाई नै आघात पर्ने गरी गरिएको छेडछाड र रिमिक्स प्रवृत्तिको 'भऱ्याङ' र 'शवयात्रा' लघुकथाले विरोध गरेको छ ।

### ४.१.४ पात्र प्रयोगका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा मानवीय र मानवेतर पात्रहरूको प्रयोग जीवन्त गरिएको छ । यस कृतिका लघुकथाहरूमा निम्न वर्गका पात्रदेखि उच्च वर्गको पात्रको प्रयोग सार्थक ढङ्गले गरिएको छ । विशेषतः देशका विभिन्न ग्रामीण र सहरिया परिवेशको चित्रण गर्दै युवा, वृद्ध, शिक्षित, अशिक्षित सबै खाले पात्रहरूको प्रयोग गरिएको छ । खास वर्तमान विश्वमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, होडवाजी, युद्ध, आतङ्क, शक्ति सङ्घर्ष, महिलामाथि पुरुषद्वारा हुने विभेदपूर्ण घटनाक्रम लघुकथाहरूमा चित्रण भएको छ ।

### ४.१.५ भाव सम्प्रेषणका दृष्टिले 'आणविक अस्त्र'

समाजमा व्याप्त द्वन्द्वबाट सिर्जित समस्याको समाधान गर्न प्रेरित गर्न तथा समाजमा व्याप्त गरिबी, पछौटेपन, अन्धविश्वास, कुरीति, रुढिवादी परम्पराहरूको सदाका लागि अन्त्य गर्ने सकारात्मक सोचलाई लघुकथाहरूले जीवन्तता दिने प्रयत्न गरेका छन् । समाजका विभिन्न विकृति-विसङ्गति, भ्रष्टाचार, शोषण, अन्याय-अत्याचारको अन्त्य एवं सुशासन र विकसित समाजको निर्माण, न्यायपूर्ण र समतामूलक समाजको परिकल्पनाको लक्ष्य प्रस्तुत लघुकथासङ्ग्रहले राखेको छ ।

### ४.१.६ दृष्टिबिन्दुका दृष्टिले 'आणविक अस्त्र'

'आणविक अस्त्र' लघुकथामा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको सफल प्रयोग पाउन सकिन्छ । सर्वसाधारण पाठकले कम समयमा समाजका विविध पक्षको जानकारी पाउन सकून् भन्ने उद्देश्यले छोटो, मिठो संवादको प्रयोगले लघुकथालाई प्रभावकारी बनाउन प्रयत्न गरिएको छ । सरल र झिनो कथावस्तुलाई सटीक ढङ्गले व्यङ्ग्यात्मक तथा प्रतीकात्मक रूपले चित्रण गर्नु लघुकथाकारको मुख्य उद्देश्य देखिन्छ ।

### ४.१.७ संवादका दृष्टिले 'आणविक अस्त्र'

यस लघुकथासङ्ग्रहमा छोटो र झिनो कथावस्तुलाई संवादात्मक ढङ्गले सरल र सरस भाषामा व्यक्त गरिएको छ । सामान्य बोलीचाली र घटनाक्रमलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको छ । समाजमा देखा पर्ने विभिन्न समस्यालाई चोटिलो व्यङ्ग्य गर्दै समाज र देशलाई परिवर्तन गर्दै समुन्नत समाजको परिकल्पना यस 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा पाउन सकिन्छ

### ४.१.८ भाषाशैलीका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा झिनो कथावस्तुलाई बोलीचालीको सरल भाषाको प्रयोगले सार्थक बनाउने प्रयत्न गरिएको छ । यस लघुकथासङ्ग्रहले समाज र देशका विभिन्न परिवेशहरूको चित्रण गर्ने क्रममा माओवादीको दसबर्से सशस्त्र द्वन्द्व, तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक, महिलामाथि गरिने विभेद आदिलाई सटीक र व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको छ । उनका धेरै लघुकथाहरूमा रैखिक ढाँचाको प्रयोग गर्दै यथार्थ र सामाजिक विषयवस्तुहरूको समसामयिक प्रस्तुति गरिएको छ । लघुकथाकारले 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा आधुनिक प्रयोगवादी संरचना र चिन्तनपरक भाषाशैलीको सम्मिश्रण तथा प्रयोग गरेका छन् ।

### ४.१.९ शीर्षक चयनका दृष्टिले 'आणविक अस्त्र' सङ्ग्रह

प्रस्तुत लघुकथासङ्ग्रहको शीर्षक 'आणविक अस्त्र' रहेको छ । नेपालमा वि.सं. २०४६ पछि र वि.सं. २०६२/०६३ को जनआन्दोलन पछिका व्याप्त विभिन्न विकृति-विसङ्गति, गरिबी, पछौटेपन, हत्या, हिंसा, अशान्ति, द्वन्द्व आदि समस्याहरू समावेश गरेर लघुकथाहरू लेखिएका छन् । यदि यस्ता बढ्दै गैरहेका यी समस्याहरूलाई जस्ताको तस्तै छोड्ने र समाधानतर्फ केन्द्रित नहुने हो भने देशका यी समस्या भयावह स्थितिमा पुग्ने र 'आणविक अस्त्र' झैँ भयानक विष्फोट हुने सम्भावना रहेको हुनाले यस कथा सङ्ग्रहमा सङ्गृहीत विषयवस्तु र परिवेशका आधारमा प्रस्तुत लघुकथासङ्ग्रहको शीर्षक सार्थक छ ।

## ४.२ 'आणविक अस्त्र' सङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

कथामा प्रवृत्तिको आफ्नै महत्त्वपूर्ण स्थान हुने गर्छ । कथाकारले कथामा भन्न खोजेका कुरालाई कुनै न कुनै प्रवृत्ति अन्तर्गत राख्ने गरिएको पाइन्छ । यस सन्दर्भमा लघुकथाकार कृष्ण शाह यात्रीले पनि आफ्ना कथामा विविध प्रवृत्तिलाई समावेश गरेका छन् जसलाई सङ्क्षेपमा यसरी प्रस्तुत गरिन्छः

### ४.२.१ वैचारिक पक्ष

लघुकथा लेखनमा विचारको महत्त्वपूर्ण स्थान रहन्छ । बुद्धि पक्षको प्रबलता रहने यस्ता लघुकथाहरूमा यथार्थ र सामाजिक विषयवस्तुलाई कलात्मक र प्रतीकात्मक रूपमा व्यक्त गरिएको हुन्छ । लेखकले गूढ र गम्भीर विषयलाई प्रतीकात्मक र व्यङ्ग्यात्मक रूपमा समाजका यथार्थ पक्षलाई झिनो कथानक र कम तथा थोरै पात्रको प्रयोगबाट समाज परिवर्तनका लागि आफ्नो चिन्तन र दृष्टिकोण प्रयोग गरिएको हुन्छ । 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा वैचारिक पक्षको व्यापक प्रयोग गरिएको पाइन्छ । मानव जीवन र समाजका विभिन्न समस्याहरूलाई वैचारिक ढङ्गले चिरफार गर्ने प्रयत्न भएको देखिन्छ । विचारको प्रमुखता रहने लघुकथाहरूमा धर्म, राजनीति, समाज, नैतिक, आदर्श, मानिसका मनोविज्ञान, विज्ञान, मिथक, आर्थिक, साहित्यिक आदि विषयहरू समावेश गरिएको हुन्छ । बुद्धि पक्षको प्रभाव लघुकथामा प्रशस्त पाउन सकिन्छ । सरल भाषाशैलीको प्रयोग, साङ्केतिक तथा सङ्क्षिप्त प्रस्तुति, सन्तुलित अभिव्यक्ति तर्क शक्तिका आधारमा यथार्थ भाव निरूपण, निर्भीक अभिव्यक्तिको झलक वैचारिक पक्षका रूपमा लघुकथामा समावेश गरिएको हुन्छ ।

### ४.२.२ दार्शनिक पक्ष

नेपालमा वि.सं. २०४६ पछि नेपाली राजनीतिक अवस्थामा आएका विचलन, समाजमा बढ्दै गैरहेको नारीप्रतिको विभेदको भावना नेपाली युवाहरूमा आएको देशप्रतिको निराशापूर्ण सोचलाई पूर्ण समाधानका लागि 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको लघुकथाहरूमा सङ्गृहीत लघुकथाहरूले दार्शनिक आधारमा व्याख्या, विश्लेषण तथा समधानका लागि मार्ग प्रशस्त गरेका छन् । 'आणविक अस्त्र' लघुकथामा सङ्कलित 'अतृप्त भोक' र 'मान्छेहरू'मा मानिसहरूले नै अन्ततः आफ्नो विनाशका मुख्य

कारकतत्त्व हुन् भन्ने दार्शनिक तर्क उनले लघुकथाका माध्यमबाट प्रस्तुत गर्न सफल भएका छन् । 'भोक अस्त्र', 'नेपथ्य', 'पर्दा र जीवन' लघुकथामा कथाकारको दार्शनिक-वैचारिक सोच र तर्कद्वारा मानिस बेलैमा सचेत नभए मानवीय सङ्कटहरू अझ बढ्दै जाने मानिसको मृत्यु नै वास्तविक जीवनको यथार्थ रङ्ग हो भनेर मानिसलाई सचेत तुल्याउन लघुकथाकारका दार्शनिक पक्षको रूपमा लिन सकिन्छ । झिनो तथा सङ्क्षिप्त, सन्तुलित तथा नियन्त्रित तर्क शक्ति र दर्शन यस 'आणविक अस्त्र'मा सरल, सरस र सहज रूपले प्रस्तुत गरिएको देखिन्छ ।

### ४.२.३ सामाजिक पक्ष

लघुकथा समाजमा घटेका वास्तविक र यथार्थ पक्षसँग सम्बन्धित हुन्छ । समाजका विभिन्न ग्रामीण तथा सहरी, देश तथा विदेश, समाजका नीच, मध्यम र उच्च जातिका विभिन्न समस्याहरूलाई परिवेशका रूपमा समावेश गरिएको हुन्छ । मानिसमा रहेका जीवनका कुण्ठा, आशा, निराशा लघुकथासङ्ग्रह 'आणविक अस्त्र'मा छताछुल्ल पोखिएको पाइन्छ । लघुकथा 'पहिचानको खोजी', 'सालिकको मृत्यु'मा समाजमा राम्रो कार्य गर्नेलाई भन्दा राम्रो कार्यलाई सबैले चिनेका र बुझेका हुन्छन् भन्ने भाव चित्रण भएको पाइन्छ । समाजमा आफ्ना अगाडि घटेका घटनाहरू, भोगेका विभिन्न पीडा, उत्पीडनलाई विचारात्मक रूपमा समग्र अन्त्यका लागि तार्किक ढङ्गले आफ्ना लघुकथाहरूमा उठान र समस्या समाधानतर्फ केन्द्रित रहेको देखिन्छ । अधिकांश लघुकथाहरू समाजका अन्याय-अत्याचार, विकृति-विसङ्गति, हत्या-हिसा र अस्थिरताकै परिधिभित्र रहेर कथानक अघि बढेको छ । यस लघुकथासङ्ग्रहको अध्ययनबाट समाजका विभिन्न समस्याको पहिचान र समस्या समाधानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिन्छ ।

### ४.२.४ राष्ट्रिय पक्ष

नेपालमा बढ्दो सीमा अतिक्रमण, सीमा क्षेत्रमा बस्नेहरूको खोसिँदै गएका पहिचान र नचाहँदा नचाहँदै प्रशासन र राज्यको सहयोग नपाएर गुमाउनु परेको राष्ट्रियतालाई कथाकारका लघुकथाको परिवेश राष्ट्रप्रतिको राष्ट्रियताको भावना 'जङ्गे पिलर' लघुकथाबाट उजागर हुन पुगेको छ । 'आणविक अस्त्र' लघुकथासङ्ग्रह कृष्ण शाह

'यात्री'को महत्त्वपूर्ण लघुकथासङ्ग्रह हो । राष्ट्रमा व्याप्त विभिन्न विकृति- विसङ्गतिलाई आफ्नो कथाको कथावस्तुको रूपमा प्रयोग गरी ती विकृति-विसङ्गति मुक्त बनाई समुन्नत राष्ट्र निर्माणमा उनका लघुकथामा वैचारिक पक्षको प्रबलता पाइन्छ । द्वन्द्व र हिंसाले सामाजिक परिवेश लथालिङ्ग भएर भत्किएको हुन्छ भने अन्याय-अत्याचार, हिंसा-प्रतिहिंसाको भावनाले समाजमा ठूलासाना, उच-नीच, गाउँले-सहरिया सबै प्रभावित भएका हुन्छन् भन्ने चित्रण गर्न 'सर्वज्ञ र नरमांश', 'सेता परेवाहरू' र 'पक्ष-विपक्ष' लघुकथा सफल भएका छन् ।

### ४.२.५ व्यङ्ग्य पक्ष

'आणविक अस्त्र' लघुकथासङ्ग्रह समाजका यथार्थ र वास्तविक पक्षहरूलाई उजागर गर्न र समाधानका लागि समाजलाई सचेत हुनुपर्ने चेतना फैलाउन क्रियाशील रहेको देखिन्छ । सामाजिक पक्षलाई नै कथानक बनाएर समाजमा व्याप्त, विकृति तथा विसङ्गति सदाको लागि अन्त्य गर्न व्यङ्ग्यात्मक तथा प्रतीकात्मक रूपमा यस कथासङ्ग्रहले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । खासगरी नेपालमा प्रजातन्त्र पुनःस्थापनापछि नेपालको राजनीतिक, आर्थिक, सामाजिक अवस्थामा आएका परिवर्तन अनि आन्दोलनले पाएको उपलब्धिलाई झिनो कथानकका रूपमा उठान गरी सत्तामा पुगेपछि राजनीतिकर्मीमा देखिएको व्यवहार र समाजमा व्याप्त हत्या, हिंसा, बलात्कार, नारी शोषण, राजनीतिक विकृति आदिमा कथाका विषयवस्तुहरू लक्षित गरिएको छ । समाजमा व्याप्त विकृति र विसङ्गतिप्रति आलोचना र व्यङ्ग्य गर्दै लघुकथाका घटनाक्रमहरू अघि बढेका छन् ।

### ४.२.६ भाव तथा सन्देश पक्ष

समाजको वास्तविक र यथार्थ पक्षको चित्रण गर्ने क्रममा कथाकारका भावनात्मक पक्ष विभिन्न रूपमा उजागर हुन पुगेका छन् । ग्रामीण तथा सामाजिक परिवेशलाई उजागर गर्दै समाजमा सबै नागरिकले बाँच्न पाउनु पर्छ । मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको रक्षाका लागि राज्य जिम्मेवार हुनु पर्नेमा नेपालीहरू बेरोजगार भएर विदेश जानु पर्ने बाध्यात्मक अवस्थाको 'आभास' लघुकथाले स्पष्ट पारेको छ । समाजमा राम्रो कार्य गर्नेलाई सम्मान गर्नु त कता हो कता नराम्रो कार्य गर्ने व्यक्तिलाई

महत्त्व दिने अवस्था सिर्जना भएकाले आदर्श समाज निर्माणमा समस्या देखिएको भाव 'मुक्ति', 'अक्षरहरू' लघुकथाले उजागर गरेको छ । समाजमा प्रवृत्तिले विभिन्न रूपमा सताउँदा पनि भगवान् र ईश्वर गुहार्न बाध्य नेपालीहरूको कारुणिक र दुःखद यथार्थता 'विपत्ति'को कर्म लघुकथाले प्रतिनिधित्व गरेको छ ।

### ४.२.७ शैलीगत पक्ष

लघुकथामा प्रयुक्त भाषा र कथा प्रस्तुतिको आधारलाई शैली पक्षको रूपमा चित्रण गरिन्छ । आफ्नो जीवनमा देखेका, भोगेका, अनुभव गरेका कुराहरूलाई कथावस्तुको रूपमा अभिव्यक्त गर्नु उनको लघुकथागत प्रवृत्तिको रूपमा लिन सकिन्छ । समाजमा देखिएका समाजवादी भावनालाई संवादात्मक, गद्य कवितात्मक शैलीलाई अवलम्बन गर्नु तथा कहिले तृतीय पुरुष शैलीबाट कथानक अगाडि बढाउन तथा कहिले प्रथम पुरुष शैलीका माध्यमबाट जीवनका भोगाइहरूलाई प्रस्तुत गर्नु उनको शिल्पपात विशेषताको रूपमा लिन सकिन्छ । विशेषतः लघुकथा लेखनमा प्रथम पुरुष शैलीभन्दा तृतीय पुरुष शैलीको प्रयोगलाई प्राथमिकता दिई व्यङ्ग्यात्मक, प्रतीकात्मक र सटीक लेखनका कारण उनका लघुकथाहरूमा अलग अलग विषय, शैली, भाषाको प्रयोग भएको पाइन्छ । धार्मिक विषयवस्तुलाई कथानकका रूपमा ल्याई मिथकीय प्रयोग गर्नु उनको निजी कलात्मकताको रूपमा लिन सकिन्छ ।

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा समाविष्ट लघुकथाहरूको छुट्टै किसिमका प्रस्तुतिहरू रहेका छन् । उनले लघुकथामा प्रयोग गरेको नवीन भाषाशैलीको सटीक प्रयोग  प्रतीकात्मक तथा व्यङ्ग्यात्मक भाव सरल र सहज ढङ्गले प्रस्तुत भएको पाइन्छ । शैली पक्षका दृष्टिबाट 'आणविक अस्त्र' लघुकथासङ्ग्रह एउटा पृथक् अस्तित्व बोकेको रोचक शिल्प र शैलीगत लघुकथासङ्ग्रहको रूपमा चित्रण गर्न सकिन्छ ।

## ४.३ 'आणविक अस्त्र' लघुकथासङ्ग्रहभित्रका लघुकथाहरूको विवेचना

'आणविक अस्त्र' लघुकथासङ्ग्रह कृष्ण शाह 'यात्री'द्वारा लिखित दोस्रो लघुकथासङ्ग्रह हो । 'आणविक अस्त्र' लघुकथासङ्ग्रहभित्र ३६ वटा लघुकथाहरू समाविष्ट गरिएको छ । यस सङ्ग्रहभित्र रहेका विवेच्य लघुकथाका शीर्षकहरू यस प्रकार रहेका छन्:

| | |
|---|---|
| १. सर्वज्ञ र नरमांश | २. सेता परेवाहरू |
| ३. अतृप्त भोक र मान्छेहरू | ४. पहिचानको खोजी |
| ५. सालिकको मृत्यु | ६. जङ्गे पिलर |
| ७. कला र जीवन | ८. सहिद/सहिदहरू |
| ९. भोक र अस्त्र | १०. पार्थिव सपना |
| ११. आभास | १२. रङ्ग र मान्छे |
| १३. मास्टर बुढो | १४. अर्को राम |
| १५. नेपथ्य | १६. सन्तान |
| १७. शवयात्रा | १८ अक्षरहरू |
| १९. बयान | २०. क्रमशः भोगाइ |
| २१. वास्तविकता | २२. विपत्तिको कर्म |
| २३. अर्को बुद्ध | २४. भऱ्याङ |
| २५. समय र स्वभाव | २६. प्राप्ति र त्याग |
| २७. उत्तर आधुनिकता | २८. पर्दा र जीवन |
| २९. अ-रोदन | ३०. अन्तिम प्रश्न |
| ३१. मुक्ति | ३२. असन्तुलन |
| ३३. पर्खाल र भ्रम | ३४. पक्ष विपक्ष |
| ३५. धन्दा | ३६. दौड |

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा लामा र छोटा गरी ३६ ओटा लघुकथाहरू सङ्गृहीत छन् । सङ्गृहीत लघुकथाहरूमा ५५ शब्ददेखि २८० शब्दसम्म प्रयोग गरिएका छन् । कुनै एक र कुनै दुई पृष्ठमा अटाइएका हरेक लघुकथाहरूको अग्रभागमा कलाको समायोजन गरिएको छ । कला र भावको समन्वय गरी डिमाइ आकारमा प्रस्तुत लघुकथासङ्ग्रहभित्रका लघुकथाहरूको विश्लेषण यस प्रकार रहेको छ ।

### ४.३.१ सर्वज्ञ र नरमांश

'सर्वज्ञ र नरमांश' 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत पहिलो लघुकथा हो । यो लघुकथा कला सज्जासहित दुई पृष्ठमा लेखिएको छ । चार अनुच्छेदमा

विस्तारित ययस लघुकथाले नेपालको दसबर्से सशस्त्र द्वन्द्वले समाजमा पारेको प्रभावलाई कथानकका रुपमा प्रस्तुत गरिएको छ । द्वन्द्वबिहिन समुन्नत समाजको निर्माण गरिनु पर्ने भावलाई यो लघुकथाले प्रस्तुत गरेको छ । घटनाका दृष्टिले यस कथामा सर्वज्ञ गाउँले प्रति काले (कुकुर) बफादार भएकोले गाउँलेहरू ऊप्रति खुसी छन् भने काले इमानदारीपूर्वक सहयोगी भै गाउँलेहरूलाई सचेत बनाउने कार्यमा सक्रिय छ । केही दिनपछि केही गाउँले र सर्वज्ञ गाउँबाट हराएपछि सर्वज्ञले आफ्नो कर्तव्य भुल्दै गएको र गाउँलेहरूबाट सम्मान पनि नपाएको घटनाक्रम अगाडि बढेको छ । गाउँमा एकरात बमबारुद पड्किएको, यत्रतत्र लासहरू ढलेका, गाउँमा द्वन्द्वले हाहाकार कोलाहल र रोदन बढ्दै गएको अवस्था कथानकको रूपमा प्रस्तुत गर्दै भोक र भोजनमा मात्र ध्यान केन्द्रित गर्ने कालेहरू मानवीय विनाशका मूकदर्शकका रूपमा रहेको देखिन्छ । सर्वज्ञ र गाउँलेहरूलाई सदा सचेत बनाउने काले र कालेका मित्रहरू चिर निद्रामा छन् । उनीहरू पनि केही दिनपछि गाउँबाट हराएर ती यत्रतत्र ढलेका सर्वज्ञका लासमा दाँत गाड्न व्यस्त छन् भन्दै कथानकको अन्त्य भएको छ ।

नेपाली समाजमा वि.सं. २०५२ पछिको माओवादी सशस्त्र द्वन्द्वताकाको अस्तव्यस्त समाजको चित्रण यस लघुकथामा चित्रण गरिएको छ । यस लघुकथामा मानवीय र मानवेतर पात्रको प्रयोग गरी समाजलाई सचेत बनाउन मुख्य पात्रको रूपमा मानवेतर पात्र काले (कुकुर) र गाउँले र सर्वत्र सहायक पात्रको रूपमा उभ्याइएको छ । द्वन्द्वले विकास होइन विनाश निम्त्याउँछ मुख्य आसयबाट प्रेरित भै द्वन्द्वग्रस्त समाजको यथार्थ चित्रण गर्दै समुन्नत समाजको निर्माणमा सबैको भूमिका महत्त्वपूर्ण रहन्छ भन्ने सारवस्तु कथामा उल्लेख भएको छ । प्रस्तुत लघुकथामा लघुकथाकार 'यात्री'ले तृतीय पुरुष शैलीको प्रयोग गरेका छन् । यस लघुकथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गर्दै कुशलतापूर्वक स्वच्छ र द्वन्द्वरहित समाजको कल्पना गर्दै समाजमा रहेका विभिन्न विकृति र विसङ्गतिप्रति आलोचनात्मक भाव व्यक्त गरेका छन् । मानवीय र मानवेतर पात्रका माध्यमबाट समाजलाई परिवर्तन गर्नु पर्छ भन्ने भाव व्यक्त गर्न सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् । यस लघुकथालाई जीवन्त बनाइ प्रस्तुत गर्न लघुकथाकार सफल भएका छन् ।

यसरी लघुकथा तत्त्वका आधारमा सूक्ष्म कथानकमा लघुकथा सर्वज्ञ र नरमांश अगाडि बढेको छ । द्वन्द्वग्रस्त समाजमा सर्वज्ञहरूको पहिचान गुम्दै गैरहेको र द्वन्द्वग्रस्त समाजलाई द्वन्द्वरहित समाजमा परिवर्तन नगरे एक एक गर्दै मानव अस्तित्व समाप्त हुँदै जाने घटनाक्रमबाट कथानक मध्य हुँदै उत्कर्षमा पुगेको छ ।

सर्वज्ञ र गाउँले हराउनु, बम बारुद पड्कनु र यत्रतत्र लासहरू छरिनुले कथानकलाई केही उत्कर्षमा पुऱ्याएको छ । गाउँबाट काले र अन्य कुकुरहरू हराउनु, खेतका डिल र बगरमा छरिएका सर्वज्ञको लासमा कालेहरूले निर्ममतापूर्वक दाँत गाड्दै कथा चरमोत्कर्षमा पुगेर अन्त्य भएको छ ।

### ४.३.२ सेता परेवाहरू

'सेता परेवाहरू' दोस्रो लघुकथाको रुपमा यस 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा आएको छ । कलासज्जा र लघुकथाको प्रस्तुति एक पृष्ठको रहेको लघुकथा जम्मा पाँच छोटा अनुच्छेदमा प्रस्तुत गरिएको छ । समाजमा बढ्दै गएको दण्डहिनता र त्यसबाट नेपाली समाजमा परेको असरलाई यस लघुकथा 'सेता परेवाहरू'को मूलभावको रूपमा लिन सकिन्छ । घटनाक्रमका दृष्टिले यस कथामा एउटा सेतो परेवा चारोको खोजीमा गुँडबाट आकाशमा कावा खाँदै स्वच्छ आकाश माथि पुग्दा कालो धुवाको मुस्लोभित्र पस्न पुगेको छ । जहाँ अन्याय, हत्या, आतङ्क, बलात्कार, हिंसा, अशान्तिका थुप्रै घटनाले वातावरण कालो भएको देख्छ । त्यो परेवा त्यो वातावरण सहन नसकी बाहिरिन्छ । धुवाँको कालो मुस्लोले बाहिर निस्किएको परेवा स्वरूप गुमाउँदै कालै रङ्गमा परिणत हुन पुग्छ । परेवा बेलुका गुँडमा फर्कदा शत्रु आएको ठानी परिवारभित्र काटमार सुरु हुन्छ । अहिले परेवाहरू कालो हुने डरले आकाशमा उड्नै छोडेका छन् भन्ने भावमा प्रस्तुत लघुकथाको कथानक प्रस्तुत भएको छ ।

पात्र प्रयोगका रूपमा यस लघुकथामा मानवेतर पात्रको प्रयोग गरिएको छ । मानवीय चरित्रलाई प्रतीकात्मक र बिम्बात्मक रूपमा प्रस्तुत गर्ने क्रममा समाजमा व्याप्त डर, त्रास, अन्याय, अत्याचार, हिंसा, हत्या, अशान्तिलाई कालो धुवाँको रूपमा चित्रण गर्दै सामाजिक वातावरण विसङ्गतियुक्त भएकाले इमानदार र स्वच्छ व्यक्ति पनि सङ्कटमा परेको चित्रण गरिएको छ ।

सेता परेवाहरू लघुकथाले समाजको यथार्थ परिवेश उजागर गर्न खोजेको छ । नेपाली समाजमा हालैका दिनहरूमा बढ्दै गएको उच्छृङ्खलता, हत्या, हिंसाजस्ता घटनाक्रमले समाज जर्जर अवस्थामा रहेको देखाइएको छ । समाजका यी नकारात्मक घटनाक्रमले आफ्नो परिवारमा समेत द्वन्द्व सिर्जना हुन पुगेको छ । यी नकारात्मक घटनाहरू समाजको जताततै व्याप्त रहेकोले अहिले घरबाट समेत बाहिर निस्कन नसकिने अवस्था देखाउन खोजिएको छ ।

विशेषतः नेपाली जनता र नेपाली समाजमा २०४६ सालको प्रजातन्त्र पुनः प्राप्ति पछि आपराधिक प्रवृत्ति वृद्धि हुँदै गइरहेको छ । समाज हत्या, हिंसा, आतङ्क, अशान्तिबाट ग्रस्त भएकोले सोझासाझा जनताहरू यस घटनाबाट प्रभावित भएका छन् । उनीहरू अहिले घरबाट निस्कन सक्ने अवस्था नरहेकाले यी व्याप्त हत्याहिंसा तुरुन्त बन्द हुनुपर्ने र समाजमा हरेक नेपालीको मानव अधिकारको रक्षा हुनुपर्ने भाव व्यक्त गरिएको छ । यस बारे बेलैमा सचेत नभए समाजमा ठूलो दुर्घटना हुन सक्छ भन्ने चेतनाका साथ यो लघुकथा लेखिएको छ ।

सहज र सरल भाषाशैलीमा समाजमा बढेको नकारात्मक पक्षको मानवेतर प्राणी परेवा अनि समाजको बिग्रँदो अवस्थालाई धुवाँको रूपमा प्रतीकात्मक र बिम्बात्मक प्रयोगले यथोचित परिवेशको निर्माण गरिएको छ । सामान्य भाषा छोटो र सानो कथानकलाई सटीक पाराले व्यक्त गर्ने 'यात्री'को शैलीले कथालाई सशक्त र महत्त्वपूर्ण बनाएको छ । तृतीय पुरुष शैलीको प्रयोग गरी वाह्य दृष्टिबिन्दुको प्रयोगले लघुकथालाई अझ महत्त्वपूर्ण बनाएको छ ।

### ४.३.३ अतृप्त भोक र मान्छेहरू

'अतृप्त भोक र मान्छेहरू' यस लघुकथासङ्ग्रहमा सङ्गृहीत तेस्रो लघुकथा हो । दुई अनुच्छेद, जम्मा एक पृष्ठमा विस्तारित यस लघुकथाले मानवीय स्वार्थी प्रवृत्तिले मानवहरू आफैं समाप्त हुन लागेको भाव व्यक्त गरेको छ । विश्वभरि नै जनसङ्ख्या वृद्धि र खाद्यान्न अभावले मानिसहरू आफ्ना आवश्यकता र भोकको समस्या समाधानका लागि सिकार गर्न एक हुल मानिसहरू जङ्गलतिर लागेकोबाट 'अतृप्त भोक र मान्छेहरू' कथाको कथानक सुरु हुन पुगेको छ । मानवीय स्वार्थी प्रवृत्तिका कारण जङ्गलमा जनावर, चराचुरुङ्गी, फलफूल सबै पहिल्यै समाप्त भएकोले सिकार पाउन मानिसलाई

समस्या उत्पन्न भएको छ । बाँचेका केही जनावर मानवीय दुष्ट प्रवृत्तिबाट परिचित भएकाले लुकेर बसेको अवस्थाबाट कथानक उत्कर्षमा पुगेको छ । भोकाएका मानिसहरू आफ्नो स्वार्थ पुरा गर्न असमर्थ भएको कारण आफैंमा काटमार सुरु गरी गर्न लागेको मानव विनाश जनावरहरू रमाइलो मानेर हेरिरहेका छन् भन्दै 'अतृप्त भोक र मान्छेहरू' लघुकथाको अन्त्य भएको छ ।

यस लघुकथामा मानव र मानवेतर पात्रको प्रयोग गरेर पात्र प्रयोगलाई सशक्त बनाइएको छ । अब यो समाजको समस्या मानव आफैं नै हो । मानवको स्वार्थी प्रवृत्तिले अन्ततः चराचुरुङ्गी जनावरको मात्र नभएर मानव नै विनाश हुने अवस्था मानवीय र मानवेतर पात्रका माध्यमबाट चित्रण गर्न खोजिएको छ । मानवका कारण यहाँ आफ्नो विनाश भोगेका मानवेतर पात्रहरू आज मानवहरू आफ्नो विनाशको कारकतत्त्व आफैं बनी समाप्त हुन लागेको घटनाका साक्षी बनेका छन् ।

आज मानवहरू आफ्ना आवश्यकता पुरा गर्ने र आफू मात्रै बाँचौ भन्दै अन्य जीवहरूको अस्तित्व समाप्त गर्न तल्लीन देखिन्छन् । लघुकथामा मानवहरू निरीह प्राणीलाई सङ्कटमा पारिरहेका छन् । बाँच्न पाउनु सबैको अधिकार हो तर अहिले विश्वभरि नै बढ्दै गइरहेको मानव हठी प्रवृत्तिका कारण मानव नै मानवका शत्रु बन्न पुगेका छन् । मानिसहरू अब आफ्नो अतृप्त  स्वार्थ र भोकका कारण अन्य प्राणी मात्रै होइन; आफ्नो विनाशको कारकतत्त्व आफैं बनेका छन् । यस लघुकथामा मानिसले आफ्नो स्वार्थ त्यागी आफू मात्र हैन सबै बाचौं र बचाऔ भन्ने सोच विकसित गर्नुपर्ने धारणा प्रस्तुत गर्न खोजिएको छ ।

तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी समाजको यथार्थ घटनामा आधारित भई समाजको निरीह प्राणी चराचुरुङ्गीको अस्तित्व समाप्त पार्न मानिसहरू लागेकोले अन्ततः त्यो प्रवृत्ति मानवकै विनाशको कारकतत्त्व बन्न पुगेको चित्रण यस लघुकथामा गरिएको छ । मानवीय पात्र विवेक र बुद्धिको सही प्रयोग गर्न नसकेर समाजमा विभिन्न विकृति एवं विसङ्गति भित्रिन पुगेको र समाजमा बाँच्न पाउनु सबैको अधिकार हो भन्ने प्रगतिवादी सोचलाई लघुकथाकारले चित्रण गरेका छन् । झिनो कथानक, अत्यन्तै छोटो र न्यून शब्दको प्रयोग गरी समाजको यथार्थ पक्षको उजागर गर्नु यस कथामा लघुकथाकारको शैलीगत प्रभावकारिता देखिन्छ ।

### ४.३.४ पहिचानको खोजी

यस लघुकथासङ्ग्रहको चौथो कथाको रूपमा ‘पहिचानको खोजी’ आएको छ । अग्रभागमा कलाको समायोजन सहित चार अनुच्छेद र दुई पृष्ठमा लेखिएको लघुकथाले मानिसले आफ्नो जीवनमा जस्तो सुकै कर्म गर्नुपर्छ भन्ने मूल भावमा लघुकथा प्रस्तुत भएको छ । घटनाक्रमका दृष्टिले यस कथामा मानिसका मरेका लासहरू चिर्नु ‘पोस्टमार्टम’ गर्नु उसको प्रमुख कार्य हो । मानिस मर्नुको वास्तविक कारण पत्ता लगाउने उसको कार्य केहीका लागि पुण्यको काम भएको छ । कहिले उसको कार्यलाई घृणाको दृष्टिले हेर्दछन् । जसले जे भने पनि ऊ आफ्नो काममा सक्रिय नै रहन्छ । ऊ लास देख्ने बित्तिकै के कारणले मरेको हो प्रवृत्ति हेरेर नै थाहा पाउने भैसकेको छ । उसलाई आफ्नो कार्यमा गर्व पनि छ । यस काममा कैयौँ व्यक्तिको उसले ‘पोस्टमार्टम’ गरेको छ । जसमा समाजका सामान्य मानिसदेखि उच्च ओहदाका मानिसहरू पर्दछन् । उसको यो दैनिक कार्य भएको कथानकबाट लघुकथा सुरु गरिएको छ । आफ्नो कार्य आफैलाई ठीक लागे पनि कपडा धुँदा श्रीमती अनि मानिसहरूको घृणाको कारण छोराछोरीलाई आफ्नो बाबुको पेसाबारे भन्नु पर्दाको आत्मग्लानिका कारण आफ्नो व्यावहारिक जीवनबाट सन्यास लिने विचार गरी जोगीको भेषमा संसारमा के भैरहेको छ भनी बुझ्न हिँडेको घटनाक्रमबाट लघुकथा उत्कर्षमा पुगेको छ । यात्राको क्रममा बगरेले निर्दोष पशुपक्षीलाई रेटेको, बम र बारुदको विष्फोटनमा निहत्या र निरीह मानिसहरू मरेको अनि रोग, भोक, भोकमरीले मर्न बाध्य ढलेका लासहरू देख्न पुग्छ । उनीहरूको मृत्युप्रति कसैलाई अतिकति पनि अफसोच छैन । मानिसले मानिस तथा प्राणी मार्ने कार्य गर्दछ भने मरेका मानिसहरूलाई चिर्नु र उनीहरूको मर्नुको कारण पत्ता लगाउनु त अवश्य नराम्रो र घृणित कार्य हुन सक्दैन भन्दै आफ्नो कर्तव्यबोधसँगै कथानकको अन्त्य भएको छ ।

यस लघुकथाको प्रमुख पात्र ऊ (तृतीय पुरुष) हो । अन्य पात्रहरू गौण पात्रका रूपमा आएका छन् । मानिसले आफ्नो जीवन जिउनका लागि कसैले राम्रो त कसैले नराम्रो पेसा अपनाउनु पर्छ । समाजमा सबैभन्दा ठूलो कर्तव्य आफ्नो पेसाप्रति इमानदार हुनु हो । अरूले आफूमाथि घृणाभाव राख्ने भएका कारण ऊ मरेका मानिसको पोस्टमार्टम गर्ने पेसा छोड्न बाध्य भएको छ । आफूलाई राम्रै लागे पनि श्रीमती, छोराछोरी र आफ्ना नातेदारका कारण आफ्नो पेसाप्रतिको हीनताबोधले ऊ ग्रसित छ ।

तर समाजमा पशुपक्षी काट्ने बगरे, निर्दोष मानिस मार्न बम बारुद प्रयोग गरिएको घटना र रोगव्याधि र भोकमरीबाट मर्न बाध्य व्यक्तिहरू देखेपछि कर्तव्यबोध भै ऊ पुनः आफ्नो पोस्टमार्टम कार्यमा फर्किएको घटना चित्रण गरिएको छ ।

मानिसले आफ्नो जीवनयापनका क्रममा जस्तोसुकै कार्य गर्नुपर्ने हुन्छ । समाजमा रहेका केही व्यक्ति आफ्नो कर्तव्य के हो ? त्यो बोध गर्दैनन् तर अरूले गरेको राम्रो कार्यहरूमा औँला ठड्याउने गलत प्रवृत्तिप्रति यस लघुकथाले व्यङ्ग्य गरेको छ । मानिस मर्नुको कारण पत्ता लगाएर समाजका गलत प्रवृत्तिहरूको पहिचान गर्नु जस्तो पुण्यको काम हो । आफूलाई राम्रो लाग्दालाग्दै अरूले के भन्छन् ? भन्ने सोचका कारण मानिसहरू आफ्नो कर्तव्यबाट विमुख हुनुपरेको विषयवस्तुमा लघुकथा केन्द्रित रहेको छ । समाजमा कोही निर्दोष आत्माहरूको अन्त्य गर्न बम र बारुदको प्रयोग गरी सर्वसाधारण व्यक्तिको निर्दोष जीवन समाप्त पार्ने कार्यमा लागेकाले मरेका व्यक्तिको त यो समाजमा कसैलाई वास्ता नै छैन । त्यसैले जिउँदालाई भन्दा मरेकालाई पहिचान दिनु महत्त्वपूर्ण कार्य भएको निष्कर्ष निकाल्दै अरूले घृणा गरेको कारणले आफ्नो कर्तव्य बिर्सनु नहुने भन्ने सन्देश निरूपण गरिएको छ ।

यसमा तृतीय पुरुष बाह्य दृष्टिबिन्दु 'ऊ' पात्रको प्रयोग गरिएको छ । यस लघुकथामा कथानक अगाडि बढाउन सरल भाषाको प्रयोग गरिएको पाइन्छ । समाजमा रहेको मानवीय सङ्कीर्ण सोचलाई उजागर गर्ने क्रममा लघुकथाको आदि, मध्य र अन्त्यको क्रम पूर्ण रूपले मिलेको छ । यसरी समाजको यथार्थ विषयवस्तुमा आधारित भै सुन्दर भाषाशैलीको प्रयोगले आफ्नो कर्तव्यको बोध गराउन प्रस्तुत 'पहिचानको खोजी' लघुकथामा लघुकथाकार सफल देखिन्छन् ।

### ४.३.५ सालिकको मृत्यु

सालिकको मृत्यु 'आणविक अस्त्र' लघुकथामा सङ्गृहीत पाँचौ कथा हो । तेह्र अनुच्छेदमा लेखिएको यस लघुकथाले जिउँदो अवस्थामा नै मानिसको यथोचित सम्मान हुनुपर्छ भन्ने मूल भाव व्यक्त गरिएको छ । घटनाक्रमका दृष्टिले यस कथामा घुमवस्ती जुन माघको बतास र घुहिरोले चिसिएको एउटा वस्ती दार्जिलिङमा अवस्थित छ । चिसोले हिउँको फाट्टफुट्ट वर्षासँगै सेतो भएको कालो ओभरकोट लगाएर एक व्यक्ति घुमवस्तीतिर हेरिरहेको छ । जीवनका धेरै वर्ष बिताएको 'ऊ' पात्र गुरु ओपानको घर

खोज्न तल्लीन छ । चियापसलमा चियाको तातो ग्लास हातमा खेलाउँदै गुरु ओपानको घर कता पऱ्यो भनी चिया पसल्नीलाई सोध्न पुग्छ । पसल्नी अचम्ममा पर्दै गुरु ओपानको घर सरकारी भवनमा परिणत भएको कुराले उसको मन चिसो हुन पुगेको छ । त्यस्तो ठूलो साहित्यकार, विद्वान्, मिलनसार मान्छेलाई घरबाट निकालेको पाप नै ती छोराहरूलाई लागेकोले एउटा हिउँमा पुरिएर मरेको र एउटा बौलाएर अत्तोपत्तो नभएको कुराले शिथिल भएको छ । अझ 'ऊ' पात्र गुरु ओपान हिउँमै पुरिएर मृत्यु भएको र अहिले उसको सालिक निर्माण गरेको थाहा पाएपछि सडकतर्फ दर्गुन पुग्छ । पसल्नीको कुराले हिमपात हुँदाहुँदै पनि ऊ पात्रको निधारमा चिटचिट पसिना आउन थाल्छ । भोलिपल्ट सालिकमुनि एउटा वृद्ध व्यक्तिको कठयाङ्ग्रिएको बेवारिसे लास देखिन्छ । कोही माग्ने, कोही आगन्तुक पथिक ठानी नियाँल्न थाल्छन् तर लास गुरु ओपानकै हुन्छ जुन कसैलाई थाहा नभएकोबाट कथाको अन्त्य हुन पुग्दछ ।

यस कथामा ऊ, पसल्नी, गुरु ओपान र गुरु ओपानका छोराहरू मानवीय पात्रका रूपमा रहेका छन् । यस लघुकथामा 'ऊ' र 'गुरु ओपान' प्रमुख दुई पात्रका रूपमा आए पनि 'गुरु ओपान'को मृत्युपछि 'ऊ' पात्र नै गुरु ओपान रहेको तथ्य खुल्न पुगेको छ । मानिस समाजबाट केही समय ओझेल पर्दा मृत्यु भएको ठानी स्मरण गर्दै सालिक निर्माण गर्ने समाजले स्वयं उही व्यक्ति उपस्थित हुँदा नचिन्ने नकारात्मक प्रवृत्तिको चित्रण लघुकथामा गरिएको छ ।

'सालिकको मृत्यु' लघुकथा दार्जिलिङ घुमवस्ती को हो । ऊ पात्र गुरु ओपानको घर पत्ता लगाउन घुमवस्ती आइपुगेको छ । पसल्नीलाई गुरु ओपानको घर सोध्दा पसल्नी अचम्मित भएको र गुरु ओपानका छोरा एउटाको मृत्यु भएको अनि एउटा बौलाएको सुनेर ऊ पात्र स्तब्ध बन्न पुगेको छ । समाज परिवर्तन हुन धेरै समय नलाग्ने, समाजका राम्रा व्यक्ति जसको सालिक निर्माण त गरिने तर सालिकका व्यक्तिलाई बिर्सने परिप्रेक्ष्यमा प्रस्तुत कथाको परिवेश अघि बढेको छ ।

समाज परिवर्तनशील छ । समाजमा आउने, जाने अर्थात् मर्ने, बाँच्ने क्रम चलिनै रहन्छ । समाजमा कैयौं वसन्त पार गरेका मानिसहरूलाई केही समय बित्ने बित्तिकै उसको योगदान र उसलाई समाजले तुरून्ते विर्सन पुग्दछ भन्ने सार प्रस्तुत लघुकथामा विश्लेषण गरिएको छ । यस लघुकथामा समाजमा स्मरणीय कार्य गर्ने नमरेको व्यक्तिको

सालिक निर्माण गरेर सम्मान गरिएको छ तर व्यक्ति स्वयम् उपस्थित भै मृत्यु हुँदासम्म पनि नचिन्नु दुर्भाग्यपूर्ण भएको लेखकको ठम्याइ रहेको छ । मरेका व्यक्तिको सम्मान गर्ने तर बाँचेका व्यक्तिको जीवन भने दुःखमय हुने कटुसत्यलाई 'सालिकको मृत्यु' लघुकथाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

सरल भाषाशैलीको प्रयोग गर्दै समाजको यथार्थ पक्षको विश्लेषण गर्न कथाकारले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । समाजको वेथिति र विसङ्गतिको अन्त्य गर्न बाह्य दृष्टिबिन्दुको प्रयोग गरी समाजमा सालिक निर्माणले मात्र कसैको सम्मान हुँदैन स्वयम् व्यक्तिलाई र उसले गरेको कार्य सदैव स्मरण गरिनु पर्दछ भन्ने भाव ऊ पात्र अर्थात् गुरु ओपानको माध्यमबाट प्रस्तुत गरिएको छ ।

### ४.३.६ जङ्गे पिलर

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा नेपालको राष्ट्रियतासँग सम्बन्धित विषयलाई मूल भाव बनाउँदै छैठौं कथाको रुपमा जङ्गे पिलर आएको छ । पाँच अनुच्छेदमा कलाको समायोजन सहित प्रस्तुत गरिएको यस लघुकथाले सीमावर्ती क्षेत्रहरूमा हुने गरेको सीमा अतिक्रमणको घटनालाई कथावस्तु बनाएर लघुकथा सिर्जना गरिएको छ । नेपालको राष्ट्रिय सरोकारको विषयमा लेखिएको लघुकथा 'जङ्गे पिलर'को विषयवस्तु नेपाल र नेपालीसँग गाँसिएको छ । प्रस्तुत लघुकथा नेपालको राष्ट्रियतासित सम्बन्धित कथावस्तुमा आधारित छ । छिमेकी मुलुकको सीमासँगै जोडिएको मधेसको एउटा गाउँमा जोगिन्दर र उसका परिवार बर्सौंदेखि बसोबास गर्दै आएका छन् । सीमासँगै जोडिएको गाउँमा सीमा विवाद भए पनि ऊ आफूलाई नेपालको बासिन्दाको रूपमा चिनाउनुमा गर्व गर्छ । उसलाई छिमेकी मुलुकका केही चाटुकार र दलालले आफ्नो देशको नागरिकता र लालपुर्जा लिन धेरै लोभलालच (ट्र्याक्टर किनिदिने, छोरीको बिहे खर्च जुटाइदिने जस्ता) देखाए पनि जोगिन्दर अडानबाट टसको मस भएको छैन । केही दिनपछि जङ्गे पिलर ढालेर नयाँ सीमास्तम्भ गाडिएपछि जोगिन्दर र आफ्नो देश अपहणमा परेको भन्दै विद्रोह सुरु गर्न पुग्छ । प्रशासनलाई यो घटनाको जानकारी गराउँदा प्रशासनले पटक्कै चासो दिदैन । जोगिन्दर राष्ट्रप्रेमीहरूले नयाँ सीमास्तम्भ ढालेर पुरानो ठाउँमा नै सीमास्तम्भ ठड्याइएको छ । जसको कारण गाउँका धानखेत र

उखुवारी आगो लगाइन्छ, राति नै पुर्ख्यौली घर डोजर लगाएर भत्काइन्छ र जोगिन्दरलाई वेपत्ता बनाई जङ्गे पिलर फेरि ढालिएको सँगै कथानकको अन्त्य हुन पुगेको छ ।

कथामा नेपालको सीमाक्षेत्रमा नेपाली जनताले भोग्नु परेको यथार्थ घटनालाई कथानकको रूपमा प्रस्तुत गर्दै राष्ट्रियताका लागि नेपालीहरू सङ्गठित हुँदा समेत स्थानीय प्रशासन र सरकारले भने कानमा तेल हालेर बसेका कारण सीमा मिच्ने, अपहरण, हत्या, हिंसा, आतङ्क सिर्जना गर्ने कार्य छिमेकी मुलुकबाट भैरहेको तथ्य सङ्गठित भै कथावस्तु बनेको छ ।

जङ्गे पिलर लघुकथामा जोगिन्दर र सीमा अतिक्रमणमा परी आफ्नो पहिचान गुमाउने अवस्थामा पुगेका उसका परिवार र साथीहरू राष्ट्र, राष्ट्रियता प्रतिबद्ध पात्रको रूपमा प्रस्तुत गरिएको छ । नेपालको कैयौं ठाउँहरूमा नेपालीहरूको बसौंदेखिको पुर्ख्यौली घर रातारात सीमास्तम्भ ढालेर अर्कै देशको सीमाभित्र परेको तथा आफ्नो अस्तित्व रक्षार्थ लाग्ने राष्ट्रवादी नेपालीहरू कैयौंले आफ्नो अन्नपात, घरखेत र आफ्नो जीवन उत्सर्ग गर्दा समेत सरकार र प्रशासन लाचार भएको कथानकका आधारमा त्यहाँको दुःखलाग्दो र कहालीलाग्दो वातावरणको चित्रण गरिएको छ ।

विशेषगरी नेपालको पूर्व, पश्चिम र दक्षिण क्षेत्रको ग्रामीण परिवेशको यथार्थ चित्रण लघुकथामा गरिएको छ । मधेसका कैयौं क्षेत्र सीमा अतिक्रमण गरी अन्य मुलुकले हडपिएको, सरकारले सीमा रक्षाका लागि योजना बनाउन नसकेकोले हरेक नागरिकमा कुन बेला लुटिने हो, कुन बेलामा कटिने हो र कुन बेला मारिने हो भन्ने त्रासपूर्ण वातावरण यस लघुकथामा चर्चा गरिएको छ ।

नेपाली समाजले भोग्नुपरेको राष्ट्रव्यापी समस्यालाई उजागर गरी नेपालीहरूको पहिचान स्थापित गर्न प्रशासन र सरकार अक्षम रहेको व्यङ्ग्य प्रहार यस लघुकथामा प्रस्तुत गरिएको छ । सरकारले नै राष्ट्रिय सरोकारका विषयहरूमा ध्यान दिई आत्मस्वाभिमानको रक्षा, सीमा अतिक्रमण तथा राष्ट्रिय गौरवका विषयहरूमा चासो दिनु पर्ने हो । तर जनताहरू नै सचेत भई विदेशी हस्तक्षेप विरुद्ध सङ्गठित भएर सहयोगको अपेक्षा राख्दा पनि सरकार लाचार बनी सहयोग गर्न नसकेकाले राष्ट्र, राष्ट्रिय अस्तित्व सङ्कटमा परेको घटनालाई उजागर गरिएको छ । लघुकथाकारले समुन्नत समाजका लागि राष्ट्रिय समस्याको पहिचान र समाधान गर्न नसके भोलिको दिनमा देश ठूलो दुर्घटनामा पर्न सक्ने विचारलाई यस लघुकथा मार्फत व्यक्त गरेका छन् ।

नेपालको मधेस क्षेत्रको एक स्थानीय पात्र र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी यो लघुकथा तयार पारिएको छ । छोटो कथावस्तु, सामान्य र सरल भाषाको प्रयोग गरी यथार्थ घटनालाई व्यङ्ग्यात्मक शैलीको माध्यमबाट समयसापेक्ष भाव प्रस्तुत गरेको पाइन्छ । सामाजिक यथार्थवादी प्रवृत्ति उजागर गर्दै बाह्य दृष्टिबिन्दुको प्रयोग गरी नेपालको सीमा समस्या समाधान गर्न सरकार सचेत रहनु पर्ने भाव व्यक्त गरिएको छ ।

### ४.३.७ कला र जीवन

'कला र जीवन' 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको सातौँ लघुकथा हो । कलाको साजसज्जसहित चार अनुच्छेद र दुई पृष्ठमा लेखिएको यो लघुकथाले कलाकारको जीवनमा हुने अस्वस्थ प्रतिस्पर्धाको घटनालाई सारवस्तुको रुपमा प्रस्तुत गरेको छ । जुजुकाजी र कृष्णमान एकदम मिल्ने लङ्गौटिया साथी हुनुबाट यस लघुकथाको कथानक सुरु भएको छ । सँगै हुर्कँदै सँगै बढेका मन मिल्ने उनीहरू दुबैको लगाव र रुचि सानैदेखि चित्र बनाउनु रहेको छ । उनीहरू कलेज पढ्दा समेत आफ्नो रोजाइको विषय 'फाइन आर्ट' लिएर पढेका छन् । दुबै कला र रङ्ग समायोजनमा उत्कृष्ट छन् । जुजुकाजीले दृश्य चित्र र मुहार चित्र बनाउनमा विशेष दक्षता हासिल गरेको छ भने कृष्णमान आधुनिक कलामा पोख्त छ । दुबै समाजमा दक्ष र निपुण कलाकारको रूपमा परिचित देखिन्छन् । समय बित्दै जाँदा दुबै बिच आन्तरिक द्वन्द्व बढ्दै गएपछि उनीहरू एकअर्काका कट्टर आलोचक बन्न पुगेका छन् । दुबैको दिनचर्या एकअर्काको चित्रमा खोट लगाउँदै बित्न थालेको छ । जुजुमानले आधुनिक कला बुझ्न नसकेको अरोप कृष्णमानको थियो भने रेखा र रङ्गको संयोजन गर्न नजानी वाहियात चित्र कृष्णमानले बनाएको तर्क जुजुमानको छ । दुबै अघोषित रूपमा एकअर्काका चित्र बहिष्कार गर्ने कार्यमा लागेका छन् । धेरै दिनपछि कृष्णमान र जुजुकाजी दुबैको भेट हुन पुग्छ । ती दुबै निःशब्द बनेर बोल्न सकिरहेका छैनन् । उनीहरूमा आपसमा आफ्नो अहम् लज्जाबोध भएको प्रतीत भए पनि प्रायश्चित गर्ने मौका उनीहरूले पाएका छैनन् किनभने उनीहरूको शव आर्यघाटमा डढिरहेको तर कला मात्र जीवित रहेको विषयवस्तुसँगै कथानकको अन्त्य भएको छ ।

यो कथा समाजका कलाकारहरूको यथार्थ घटनाको परिधिभित्र रहेर निर्माण भएको छ । आफूलाई नै महत्त्वपूर्ण र जाने बुझेको कलाकार आफैद्वारा घोषणा गरी अहम् पात्रको भूमिकामा जुजुकाजी र कृष्णमानको चरित्रलाई यस लघुकथामा सफल

रूपमा देखाइएको छ । साथै समाजमा अरूको अस्तित्व स्वीकार नगर्ने चरित्र र निष्ठा तथा इमानदारिताप्रतिको कटाक्ष र विरोधाभासलाई यस कथामा चित्रण गरिएको छ ।

कलाकारितामा जीवन समर्पित कलाकारहरूको वास्तविक र यथार्थ जीवनसँग सम्बन्धित घटनाक्रम यस लघुकथाको परिवेशको रूपमा आएको छ । कलाकार कलाका कारण चर्चामा रहने गर्दछ, कलाकारको आफू मात्रै चर्चामा आउन खोज्ने अहम्वादी परिवेश यसमा प्रयोग भएको देखाइएको छ । अन्तमा व्यक्तिको अहम्को हार र सिर्जना जित भएर कथाको कौतूहल पक्ष आकर्षित देखिएको छ । समाजका अनपढ र अशिक्षितहरूमा जस्तै एकअर्कालाई आफै ठूलो भन्ने भावना पढेलेखेको व्यक्तिहरूमा पनि प्रशस्त पाउन सकिन्छ भन्ने भाव प्रस्तुत गर्दै कला शरीरजस्तो नष्ट हुने वस्तु होइन । कलामा अहम् हुँदैन; अहम् त मानवीय प्रवृत्ति हो । त्यो अहम् मानिसले त्यागेर स्वस्थ प्रतिस्पर्धाबाट आफ्नो जीवन जिउनु पर्छ भन्ने सन्देश यस लघुकथामा पाउन सकिन्छ ।

तृतीय पुरुष शैली र बाह्य दृष्टिबिन्दु प्रयोग गरी लेखिएको यस लघुकथामा सटीक भाषाशैली र भावको समायोजन पाउन सकिन्छ । सरल र सहज भाषाको प्रयोग गर्दै कला मर्दैन भन्ने भावसहित अन्त्यलाई उत्कर्षमा पुऱ्याउने र घुमाउरो रूपमा समाजमा रहेका बौद्धिक व्यक्तित्वको अहम्वादी प्रवृत्तिलाई व्यङ्ग्य गर्दै लघुकथाले स्वार्थरहित समाजको निर्माणमा जोड दिएको पाइन्छ ।

### ४.३.८ सहिद/सहिदहरू

'सहिद/सहिदहरू' आठौँ लघुकथाको रुपमा यस 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा आएको छ । पाँच साना अनुच्छेदहरूमा पात्रको रुपमा २००७ साल, २०३६ साल, २०४६ साल र २०६३ सालका सहिदहरू आएका छन् । यसले नेपालमा प्रजातन्त्र आएपश्चात् प्रतिगामीहरू सक्रिय रहेर नेपालको राजनीतिक व्यवस्था अस्थिर रहेको घटनालाई सङ्केत गरेको छ । यस कथाको घटनालाई हेर्दा- 'क' पात्र २००७ सालको 'ख' पात्र २०३६ साल, 'ग' पात्र २०४६ साल र 'घ' पात्र २०६३ सालका सहिद हुन् । 'क' प्रजातन्त्रका लागि सहिद बनेको छ । 'ख' बहुदलको पक्षमा लाग्दा निरङ्कुशताको सिकार भै सहिद भएको छ । 'ग' ले प्रजातन्त्र पुनः स्थापनाका लागि जीवन आहुति दिएको छ भने 'घ' बसौँदेखि बन्धकमा परेको आफ्नो कर्मरेखा परिवर्तनका लागि सहिद भएको छ । क, ख, ग, घ आफ्नै परिवारका जिजुबाजे, बाजे, छोरा र नाति

हुन् भने नयाँ नेपाल सहिदका परिवारका पनाति हुन् । २००७ साल, २०३६ साल र २०४६ सालपछिको घटनामा प्रतिगामीहरूले गरेको षड्यन्त्रले परिवारका सदस्य ठीक हुँदाहुँदै पनि समस्या बढ्दै गरेको कथानकबाट यो लघुकथा आरम्भ भएको छ । गणतन्त्रलाई संस्थागत गर्न सके मात्र नयाँ नेपालको रक्षा हुन सक्छ भन्दै कथानकको मध्य भएको छ भने प्रतिगामीहरू अन्य वर्ष र साल झैँ अहिले पनि सक्रिय रहेको घटनाक्रमबाट लघुकथा उत्कर्षमा पुगेर अन्त्य भएको छ ।

क, ख, ग, घ लघुकथाका मुख्य पात्रका रूपमा आएका छन् भने नयाँ नेपाल गौण पात्रको रूपमा चित्रण गरिएको छ । समाजमा परिवर्तन आत्मसात् नगर्ने नेपालको घटनाक्रमसँग सम्बन्धित भै समाजको यथार्थ पक्षको चित्रण यस लघुकथामा भएको पाइन्छ ।

नेपालको राजनीतिमा विभिन्न समयमा भएको आन्दोलन र ती आन्दोलनमा साहदत प्राप्त गर्ने सहिदको भावनाको उच्च कदर हुन नसकेको नेपालको वास्तविक घटना यस लघुकथामा प्रस्तुत गरिएको छ । ‘नयाँ नेपाल’ अघिल्ला घटनाक्रमहरूबाट सशङ्कित छ । त्यसैले यस लघुकथामा राणा शासन, पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्थाबाट राष्ट्र परिवर्तन हुन नसक्ने र नयाँ नेपाल वा गणतन्त्र निर्माणमा प्रतिगामीहरू अझै सक्रिय भै लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न अप्ठ्यारो भएको परिवेश चित्रण भएको पाइन्छ ।

नेपालमा पटक पटक आन्दोलन भएको र प्रत्येक आन्दोलनमा नेपाली जनताले बलिदान दिए तापनि नेताहरू सहिदहरूको इच्छाभन्दा सत्ता लोलुपतामा केन्द्रित भएपछि प्रतिगामीहरूले त्यसको फाइदा उठाएर देशलाई सधैँ निरङ्कुशतातर्फ धकेल्ने प्रयास गर्ने गरेकोले सबै सचेत भै प्रतिगामीहरूलाई माथि उठ्न दिनु हुँदैन र गणतन्त्रलाई संस्थागत गर्दै अगाडि बढ्नु पर्छ भन्ने उद्देश्यलाई सरल भाषाशैलीको माध्यमबाट ‘सहिद र सहिदहरू’ लघुकथामा चित्रण गरिएको छ ।

### ४.३.९ भोक र अस्त्र

‘ऊ’ भोक र अस्त्र लघुकथाको सामाजिक पात्र हो । उसलाई सर्वप्रथम आफ्नो पहिचान दिन नामको भोक जागेको छ । सर्वप्रथम नाम कमाउन उसले अरूको मौलिक रचनाहरूको प्रयोग गरी आफ्नो नाम चर्चामा ल्याएको छ । त्यसपछि उसले सम्पत्तिको

भोकलाई आफ्नो अख्तियारी दुरुपयोग गरेर पुरा गरेको छ । नाम र दाम पछि देह (काम) का लागि कैयौँ यौवनाहरूलाई प्रयोग गरी शारीरिक शोषण गर्दै आफूलाई समाजको महान् पुरुषका रूपमा चिनाउन पुगेको छ । उसको भोक बढ्दै जाँदा सत्ताको भोक पनि मोटो रकम खर्च गरेर पुरा गरेको छ । समाजमा उसको भोकसँगै भोकको लागि सिकार हुनेको सङ्ख्या बढ्दै गएको छ । उसको भोकका लागि कैयौँ साहित्यकार, यौवनाहरू, नेताहरू सिकार भएपछि उसमा सबैभन्दा पूज्य हुन देवता हुने भोक जागेको छ । देवता बन्न आफ्ना चाटुकारहरूलाई भक्त बनाउँदै भिडमा घेरिन पुग्दछ । भिडमा उसको भोकको सिकार हुनेहरूको सङ्ख्या बढ्दै जान्छ र उसको अस्तित्व भिडले नै कुल्चेर समाप्त हुन पुग्दछ ।

समाजको विभिन्न पात्रहरू झैँ ऊ सामाजिक पात्रको रूपमा लघुकथामा उपस्थित भएको छ । समाजमा मानिसका आवश्यकताहरू अनन्त छन् र ती अनन्त आवश्यकता पुरा गर्न मानिसले जस्तो सुकै नराम्रा कुकार्यहरू गर्न पुग्छन् भन्ने भाव यस लघुकथामा चित्रण गर्न खोजिएको छ ।

समाजको विभिन्न सामाजिक परिवेशलाई चित्रण गर्दै लघुकथा 'भोक र अस्त्र' अघि बढेको छ । समाजमा मानिसहरूको आफ्नो खुसीका लागि अरू व्यक्तिहरूको रहर र खुसीलाई अस्त्रको रूपमा प्रयोग गर्ने मानवीय प्रवृत्तिप्रति कथाले व्यङ्ग्य गरेको छ ।

तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी ऊ पात्रलाई प्रमुख पात्रको रूपमा प्रयोग गरी आफ्ना अनन्त इच्छा मानिसको सिर्जना र अन्त्य दुबै हो । मानवीय आवश्यकता अन्ततः आफ्नै विनाशपछि मात्रै समाप्त हुन्छ भन्ने सारवस्तु प्रयोग गर्न लघुकथाकारले झिनो कथावस्तुको माध्यमबाट विसङ्गतिप्रति सटीक व्यङ्ग्य प्रहार गरेका छन् । सरल भाषा तथा उत्कृष्ट शैलीको प्रयोग गर्दै समाजका विभिन्न नकारात्मक, दुर्बल प्रवृत्तिहरूको व्यङ्ग्यात्मक रूपले उजागर गर्ने कार्यमा लघुकथाकार यस लघुकथामा सफल देखिएका छन् ।

### ४.३.१० पार्थिक सपना

'पार्थिक सपना' 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत दसौँ लघुकथा हो । कलाको समायोजनसहित दुई पृष्ठमा लेखिएको यस लघुकथाले नेपाली जनताहरूको सुखको सपना दिनहुँ बलत्कार हुँदै गएको घटनालाई सात अनुच्छेदमा कलात्मक ढङ्गले

व्यक्त गरिएको छ । यस कथामा प्रयोग गरिएको एक पात्र सपना राम्री भएकीले उनीप्रति मोहित हुनेहरूको सङ्ख्या धेरै छ । 'ऊ' पात्र सपनालाई मन पराउँछ तर सपनाभन्दा पनि सपनाको सम्पत्तिमा लोभिएर अबोध सपनालाई आफ्नो बनाउन फकाउँदा पनि सपनाले इन्कार गरिरहेको घटनाबाट कथानक सुरु भएको छ । आफ्नो शक्तिको प्रयोग गरी आफ्ना साथीहरूसहित सपनालाई सामूहिक बलात्कार गरी सपनाको सम्पत्ति र अस्मिता कुम्ल्याएर उनलाई सडकमा पुऱ्याएको घटना लघुकथामा चर्चा गरिएको छ । अचेल सपनाका वेदना व्यस्त सडकमा उभिएर 'म सहिदकी सपना हुँ मेरा आत्मियहरूले मलाई नङ्ग्याएर बलात्कार गरे' भनेर बह पोख्ने गर्छे, तर उसलाई सबैले बौलाही भन्ने गर्छन् । एकरात सपनाको सुरक्षा दिने वहानामा फेरि सामूहिक बलात्कारसँगै भोलिपल्ट सडकमा सपनाको लास देखिन पुग्छसँगै कथा उत्कर्षमा पुग्दछ । ती सपनाका बलात्कारीहरूले अहिले जनताको सपना, देशको सपना र गरिब निमुखाको सपनालाई पनि दिनहुँ बलात्कार गरिरहेका छन् भनेर कथानकको अन्त्य हुन पुगेको छ ।

यस कथामा सपना प्रतिनिधि पात्र हो । यसमा समाजको प्रतिनिधि पात्र सपना जस्तै मानवका इच्छा, आकाङ्क्षा र अस्मिता माथिको पटक पटक बलात्कारको पीडा जनताहरूले विभिन्न रूपमा भोग्नु परेको यथार्थ विषयवस्तु बनाएर चित्रण गरिएको छ । सपनालाई यहाँ प्रतीकात्मक पात्रको रूपमा उभ्याएर समाजका विभिन्न वर्ग र राज्यमा जनतामाथि हुने गरेको अन्याय-अत्याचारका घटनालाई चित्रण गरिएको छ ।

हाम्रो विकृतिमूलक समाजका 'कु' पात्र जसले समाजकी एक नारीलाई बलात्कार गरेझैं जनताका इच्छा आकाङ्क्षाहरू पनि बलात्कार गरिरहेका छन् । यस लघुकथामा समाजका विभिन्न वर्गहरूको सङ्कटको अवस्थालाई व्यङ्ग्यात्मक र प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । सपना यहाँ नारी पात्रको रूपमा आए पनि सपनालाई सहिद र जनताको सपनाको रूपमा व्यक्त गर्न खोजिएको छ । तृतीय पुरुष शैलीमा सरल भाषाको प्रयोग गरी झिनो कथावस्तुमा समाजको यथार्थ घटनाक्रमको चित्रण गर्न लघुकथाकार सफल देखिन्छन् ।

### ४.३.११ आभास

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा केही धेरै शब्दहरू समेटेर नेपालमा बढ्दै गइरहेको प्रतिभा पलायनको विषयमा यो लघुकथा लेखिएको छ । आठ अनुच्छेदमा

लेखिएको यस लघुकथाले नेपालीहरू आर्थिक अभावका कारण विदेशमा बिदेसिने गरेको घटनालाई सारवस्तुको रुपमा प्रस्तुत गरेको छ । 'आभास' लघुकथामा प्रोफेसर डीके शर्मा डीभी परेपछि विश्वविद्यालयको राम्रो जागिर छाडेर अमेरिका गएको घटनाबाट कथावस्तु सुरु भएको छ । सांस्कृतिक कार्यक्रममा भाग लिन गएको कलाकार पनि कार्यक्रमपश्चात अमेरिकामै लुकेर बसेको छ । काम विशेषले अमेरिका गएका नाम र सम्मान दुबै पाएका कवि शार्दूल पनि उतै हराएको छ । अमेरिका जाने र लुक्ने तिनै जना अहिले राम्रा मन मिल्ने साथी भएका छन् । उनीहरूले अमेरिकामा धन, सम्पत्ति पनि प्रशस्त कमाएका छन् । एक दिन तिनै जनाको भेट भएपछि उनीहरू एउटा महँगो होटलमा रात बिताउने निधो गर्छन् । होटलमा सेवा र रमाइलोका निम्ति आएकी युवतीलाई तिमी नेपाली हौ ? भनी सोध्दा युवतीले आफ्नो वास्तविकता बताउन आनाकानी गर्छिन् । तर कर गर्दा आफू वर्माबाट गैरनेपालीलाई लखेट्दा आफ्नो परिवार गुमाएर एउटा दलालका माध्यमबाट यहाँ आइपुगेको बताउँछिन् । युवतीको कुराबाट तिनै जनाले आफ्नो वास्तविकता पनि उनीसँग मेल खाएको आभास गर्छन् तर अनुहारमा त्यो भाव ल्याउन चाहँदैनन् । युवतीले भने तिनै जनाको अनुहारको मनोविज्ञान पढेर वास्तविकता बुझिसकेकी हुन्छिन् । उनीहरूको अनुहारमा भने निर्लज्जताको भाव मात्र देखिन्छ, बाट लघुकथाको कथावस्तुको समाप्ति भएको छ । यसरी लघुकथा आभासमा विदेशी संस्कृतिलाई आत्मसात् गर्न पुगेका नेपालीहरूको अवस्थालाई कथानकका रूपमा प्रस्तुत गरिएको छ ।

नेपालमा यथेष्ट मानसम्मान पाए पनि आर्थिक आम्दानी कम भएका कारण नेपाल छोड्नेहरू, डीभी परेर अमेरिका जाने व्यक्तिहरू, द्वन्द्वका कारण दलालहरूको फन्दामा परेर अस्मिता बेच्न वाध्य नेपाली चेलीको बाध्यात्मक अवस्थालाई लघुकथा आभासमा चित्रण गरिएको छ । नेपालको प्रतिष्ठित पदमा रहेर पनि डीभी परेर अमरिका जाने तथा सांस्कृतिक कार्यक्रम र व्यक्तिगत कामको सिलसिलामा अमेरिका गएर उहीँ लुकेर बस्ने नेपालीहरू प्रो.डी.के.शर्मा, कलाकार एस.बस्नेत र कवि शार्दूल यस लघुकथाका प्रतिनिधि पात्रको रूपमा प्रस्तुत गरिएको छ । विदेशमा प्रशस्त धन कमाए पनि आफ्नो देशको पहिचान लुकाउन खोज्ने नेपालीहरूप्रतिको व्यङ्ग्य यस लघुकथामा पाइन्छ । वर्माबाट बाध्यताले भाग्नु पर्दा दलालको फन्दामा परी अमेरिकाको होटलमा

अर्काको मनोरञ्जनका लागि नाँचेको स्वीकार गर्ने नेपाली चेलीको हिम्मतले उनीहरूको आत्मस्वाभिमानमा चोट पुगेको छ । यस लघुकथामा नेपाली भएको लुकाउने पात्रलाई कथाकारले निरीह र लाक्षी पात्रका रूपमा प्रस्तुत गरेका छन् ।

नेपालमा पद र प्रतिष्ठाले मात्रै पेट नभरिने र आर्थिक अवस्थाका कारण विदेसिन बाध्य नेपालीहरूको परिवेशलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । बिदेशमा गएका नेपालीहरूको अवस्था र गैरनेपालीहरूले विदेशमा गर्नुपर्ने चुनौतिपूर्ण कठिन अवस्थालाई यस लघुकथामा प्रस्तुत गरिएको छ। मान, प्रतिष्ठा मात्र सबै कुरा होइन अर्थविना जीवन सफल हुन सक्दैन भन्ने भावले देशका महत्त्वपूर्ण प्रतिभाहरू कसरी पलायन भइरहेका छन् भन्ने यथार्थ पक्षको चित्रण लघुकथामा प्रस्तुत भएको छ ।

सीमित पात्रको प्रयोग र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर विभिन्न वहानामा नेपाल छोडेर बिदेसिने नेपालीको यथार्थ चित्रण यस लघुकथामा गरिएको छ । नेपालमा नाम र सम्मान पाउन सकिए पनि आर्थिक अभावका कारण कतिपय नेपालीहरू बिदेसिन बाध्य भएका छन् भन्ने भाव उजागर गर्दै केहीको विदेश जानु रहर भए तापनि केही नेपालीहरू जीवनयापन समस्या र दलालहरूको फन्दामा परेर बिदेसिन बाध्य हुनुपरेको यथार्थ घटना यस लघुकथामा व्यक्त भएको छ ।

कम पात्रको प्रयोगबाट नेपाल तथा नेपाल बाहिर बस्ने नेपालीहरू बिदेसिनु पर्ने बाध्यात्मक अवस्थालाई यथार्थपरक विश्लेषण गर्न सरल र सरस भाषाशैली प्रयोग गरी बाह्य दृष्टिबिन्दु शैलीको प्रयोग गर्दै नेपालबाट विदेश पलायन हुन बाध्य नेपालीहरूले पैसाकै लागि विदेशमा जस्तोसुकै अप्ठ्यारा कार्यहरू गर्नु परेको भावलाई सटीक ढङ्गले कथाकारले प्रस्तुत गरेका छन् ।

### ४.३.१२ रङ्ग र मान्छे

'रङ्ग र मान्छे' बाह्रौं लघुकथाको रुपमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रह सङ्गृहीत भएको छ । कलासज्जासहित एक पृष्ठमा रहेको लघुकथा जम्मा सातओटा अनुच्छेदमा प्रस्तुत गरिएको छ। मानिसको बाहिरी आवरण र आन्तरिक बानीमा कत्तिको अन्तर हुन्छ भन्ने सामाजिक परिवेशलाई सारवस्तुको रुपमा प्रस्तुत गरिएको छ । यस कथामा 'ऊ' पात्र रङ्ग परिवर्तन गर्न खप्पिस छ । रातभर आफूलाई कालो रङ्गमा परिवर्तन गर्छ र कालो धन कमाउँछ । दिनभर ऊ आफूलाई स्वच्छ देखाउन सेतो

रङ्गमा परिवर्तित हुन्छ । सधैंको रङ्ग फेर्नुपर्ने झन्झटबाट मुक्त हुन उसले स्थायी रङ्ग खोजी गर्न लाग्नु पर्ने सोच उसमा आएको छ । अन्ततः उसले एउटा महँगो र दुर्लभ नयाँ रङ्ग छनोट गर्छ र त्यो रङ्ग धारण गनै पुग्छ । जसलाई सबै जनाले प्रशंसा गर्छन्बाट कथा सुरु हुँदै एक दिन अचानक हुरी बतासससहित मुसलधारे पानी पर्छ । त्यसले उसलाई निथ्रुक्क भिजाउँछ जुन दुर्लभ रङ्ग एकैचोटि पखालिन पुग्छ र उसको वास्तविक रङ्ग समाजमा देखा पर्छ जुन उसको वास्तविक रङ्ग हुन्छ । उसको नयाँ स्वरूपमा राक्षसी, भ्रष्टाचारी र अवसरवादी रूप स्पष्ट झल्किएकाले सबैले विश्वास गर्न नै छाडिदिन्छन् भन्ने कथानकसँगै लघुकथा उत्कर्षमा पुगेर अन्त भएको छ ।

'ऊ' यस लघुकथाको मुख्य पात्र हो । ऊ समाजको आँखामा राम्रो कार्य गर्ने सुपात्र र समाजको आँखा बाहिर नराम्रो कार्य गर्ने कुपात्र पनि हो । समाजमा आफ्नो मान, प्रतिष्ठा बचाउन तथा आफ्नो कर्तव्य लुकाउन सशक्त भएर लागेको तर समाजमा आँधीबेहरी र पानीले उसको वास्तविक चरित्र उदाङ्गो भएको छ । यसरी नेपाली समाजको यथार्थलाई यस लघुकथाका पात्रमार्फत छर्लङ्ग पार्ने प्रयत्न गरिएको छ ।

हाम्रो देशमा बढ्दै गइरहेको जसरी पनि धनी र प्रतिष्ठित हुने प्रवृत्तिको चर्चा गर्दै मानिसले जति लुकाए पनि वास्तविकता कुनै नकुनै दिन उजागर भएरै छोड्छ भन्ने व्यङ्ग्य भाव 'रङ्ग र मान्छे' लघुकथामा पाइन्छ ।

समाजमा मानिसहरूका लुकेका भिन्न भिन्न रूप छन् । केही बाहिरबाट हेर्दा सभ्य, इमानदार भए पनि भित्री व्यवहारमा भने कपटी हुन्छन् भन्ने यथार्थ परिवेशलाई व्यङ्ग्यात्मक रूपमा यस लघुकथामा चर्चा गरिएको छ ।

### ४.३.१३ मास्टर बुढो

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत 'मास्टर बुढो' लघुकथाले मास्टरले जीवनको उत्तरार्द्धमा भोग्नु परेको समस्यालाई प्रस्तुत गरेको छ । एक पृष्ठमा चार अनुच्छेदभित्र समावेश गरिएको यो लघुकथा तेह्रौँ लघुकथाको रुपमा आएको छ । मास्टर बुढो यस लघुकथाको प्रमुख पात्र हो । उसकै नामबाट शीर्षक प्रयोग गरिएको छ । मास्टर हुनुमा ऊ आफूलाई निकै गर्व गर्छ । उसका जीवनहरू चकको धुलो र डस्टरहरूसँगै बितेको छ । सबैले सोधेका उत्तर दिँदा ऊ आफू अपार आनन्दको अनुभूति गर्छ । त्यसैले सबैले उसलाई सरले सम्बोधन गर्छन्बाट लघुकथा सुरु भएको छ । आज

जीवनको उत्तरार्द्धमा ऊ आफ्नो बितेको क्षणहरू पल्टाउँछ । २० वर्षको उमेरमा बिहे भयो २५ वर्षको उमेरमा जागिर खाइयो, ५८ वर्षमा सेवानिवृत्त भइयो तर जीवनभर न केही कमाउन सकें न केही गर्न नै सकेँ, मनमना सोच्दै जान्छ । आफूले पढाएका विद्यार्थीहरू डक्टर, साहित्यकार, वकिल, न्यायाधीश र प्रधानमन्त्री बनेको सम्झँदै कथानक उत्कर्षमा पुगेको छ । हजुरबा 'दियो' भनेको के हो ? नातिको प्रश्नले झल्यास ! हुँदै सहज उत्तर दिन्छ- 'मास्टर बुढो !' उत्तरसँगै लघुकथाको अन्त्य भएको छ । आफू अध्यारै रहेर पनि अरूलाई उज्यालो दिने, अरूको भविष्य बनाइदिने मास्टर बुढोलाई अभावको प्रतीकात्मक रूपमा प्रयोग गरिएको छ ।

हाम्रो समाजमा मास्टरले सबैलाई चेतना दिने, मार्गदर्शन गर्ने र सबैको भविष्य बनाउने महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्दछन् । यस लघुकथामा दियोमुनि अँध्यारो भनेझैं आफ्नो जीवन नरकीय नै रहने, न आफूमा कुनै परिवर्तनको अवसर नै पाइने, पाए पनि आयबिना जीवनका उत्तरार्द्धमा दुःखपूर्ण जीवन व्यतित गर्नुपर्ने मास्टरहरूको यथार्थ जीवनको चित्रण यस लघुकथामा पाइन्छ ।

तृतीय पुरुष दृष्टिबिन्दु र जीवनका विविध पक्षको संवादात्मक प्रस्तुति लघुकथा 'मास्टर बुढो'मा पाउन सकिन्छ । समाजमा महत्त्वपूर्ण ओहदामा पुग्न मास्टरको ठूलो हात रहने गर्छ । मास्टरहरूको सेवा सुविधाका बारेमा कसैले नसोचिदिँदा जीवन पश्चात्तापमा बित्ने यथार्थ परिवेशको चित्रण लघुकथामा गरिएको छ । सरल भाषा र प्रतीकात्मक शैलीबाट मास्टरको जीवनलाई व्यङ्ग्य गर्दै 'दियो र मास्टर' बिच तुलना गरिएको छ । समाजको यथार्थ विषयवस्तुलाई कनाथक बनाएर सरल र सहज भाषाशैलीको उत्कृष्ट समायोजन लघुकथामा पाउन सकिन्छ । लघुकथा मास्टर बुढोमा दियोलाई मास्टरको रूपमा प्रतिकात्मक प्रयोग गरी मास्टरहरूको सेवा सुविधामा राज्यले ध्यान दिनु पर्ने भाव संप्रेषण गरिएको छ ।

### ४.३.१४ अर्को राम

'अर्को राम' यस 'आणविक अस्त्र' लघुकथासङ्ग्रहभित्रको सबैभन्दा कम शब्दमा लेखिएको चौधौँ लघुकथा हो । एक पृष्ठको तीन अनुच्छेदमा भगवान् रामलाई आदर्श व्यक्तित्वको रुपमा देखाउँदै अहिलेका रामहरूमा आदर्शभाव नरहेको यथार्थ विषयवस्तुलाई यस लघुकथामा प्रस्तुत गरिएको छ । 'रामायण गाउँ'मा रामले दुई

सन्तानकी आमा सीतालाई भगाएर बिहे गरेको छ । केही दिनमै सीतालाई वेश्यालयमा बेचेर मोटो रकम कुम्ल्याएको छ । यता भाइ लक्ष्मणलाई जालझेल गरेर प्रहरीको जिम्मा लगाएपछि भाइको सम्पूर्ण सम्पत्ति आफ्नो नाममा पारेको छ । यसै घटनासँगै 'अर्को राम' लघुकथाको सुरुवात भएको छ भने बाबु दशरथलाई भार सम्झिएर घरबाट निकालिदिएको घटनाले कथानक उत्कर्षमा पुगेर भगवान् रामको ठिक उल्टो र अनौठो रूप देखाउँदै लघुकथामा कथानकको अन्त्य भएको छ ।

झिनो कथानकमा धार्मिक ग्रन्थ रामायण तथा सत्ययुगका राम र लक्ष्मणको घटनावृत्ति दोहोरिएको कथावस्तुका रूपमा लघुकथा अर्को राम आएको छ । यस लघुकथामा राम कुपात्र हो अर्थात् खल पात्र हो । जुन नाम आफ्नी हरण गरेकी श्रीमतीका लागि युद्ध, भाइप्रति सदा समर्पित भाव राख्ने तथा बाबुको आज्ञापालना गर्ने र वनवास जाने रामको सट्टा श्रीमतीलाई वेश्यालयमा बेच्ने, भाइको सम्पत्ति हडप्ने अनि बाबुलाई घरबाट निकाल्ने 'अर्को राम' कथा शीर्षक सार्थक देखिन्छ ।

हाम्रो समाजमा घट्ने गरेको यथार्थ विषयवस्तुमा आधारित भै प्रस्तुत लघुकथा अगाडि बढेको छ । झिनो कथावस्तुको प्रस्तुतिबाट समाजको विभिन्न विकृति र विसङ्गतिपूर्ण पक्षलाई यस लघुकथामा भन्डाफोर गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी कथानक अघि बढेको यस लघुकथामा समाजमा सुपात्र राम जन्मदै जानु पर्नेमा कुपात्र रामको जन्म बढ्दै गइरहेको घटनालाई प्रस्तुत गर्दै समुन्नत समाज निर्माणमा कुपात्र रामहरूले बाधा दिने गरेकोले सुपात्र भगवान् राम जस्तै अर्को पात्रको आवश्यकता यस लघुकथाको माध्यमबाट औंल्याइएको छ ।

### ४.३.१५ नेपथ्य

'नेपथ्य' पन्ध्रौ लघुकथाको रुपमा यस लघुकथासङ्ग्रहमा आएको छ । यो लघुकथालाई पाँच साना अनुच्छेद र एक पृष्ठमा कलासमायोजन सहित प्रस्तुत गरिएको छ । लघुकथा 'नेपथ्य'को कथानक सामान्य ढङ्गले प्रस्तुत भएको छ । ऊ पात्र अभिनयमा पोख्त छ । उसको अभिनय कलाको प्रशंसा सबैतिर हुने गर्दछ । ऊ रङ्गमञ्चमा प्रमुख पात्रको रूपमा अभिनय गर्दै छ । नाटकको सुरुवातसँगै अर्बपतिको भूमिकालाई उसले कुशलतापूर्वक निर्वाह गरेकोमा सबै दर्शक प्रभावित भएका छन् । अभिनय गरी उसले पैसाको सिरानीमा सुतेको, सुनको थालमा खाएको, गरिबहरूलाई

सुनको असर्फी बाँडेको सबै यथार्थझैँ प्रतीत भएको छ । यसरी कथानकको सुरुवात हुँदै कार्यक्रम सकिएर राति ऊ घर फर्किएपछि घरमा खानेकुरा केही नभएर नुनपानीसँग बिहानको खाजा खाँदा बाँकी रहेको रोटीका टुक्रा चोबेर स्वादिष्ट मान्दै खाएको कथानक उत्कर्षमा पुगेर अभिनय र यथार्थता बिचको फरक स्पष्ट पार्दै कथानकको अन्त्य भएको छ ।

हाम्रो देश तथा समाजमा कलाकारको अभिनयबाट नाम र सम्मान पाए पनि अर्थअभावमा कलाकारको अवस्था दयनीय रहेको यथार्थ पक्षको चित्रण 'ऊ' पात्रको माध्यमबाट 'नेपथ्य' लघुकथामा गरिएको छ ।

नेपालमा कलाकारहरूको जीवन समस्यै समस्याबाट जोलिएको छ । अभिनयले आफ्नो जीवन धान्न मुस्किल रहेको तितो तर यथार्थ घटनालाई परिवेश बनाएर लघुकथामा प्रस्तुत गरिएको छ ।

नेपालमा कलाकारको जीवन अभावमय छ । देशकै गहना मानिने कलाकारहरूको अभावहरूलाई हटाउन सबै पक्षले ध्यान दिन आवश्यक छ भन्दै रङ्गमञ्च र यथार्थ जीवन बिच ठूलो असमानता रहेको सारवस्तु मुख्य रूपमा उठान गर्न लघुकथाकार सफल देखिएका छन् । अभिनयमा देखिने सम्पूर्णता र यथार्थ जीवनमा भोग्न बाध्य अभाव 'नेपथ्य'का माध्यमले ऐन झैँ छर्लङ्ग भएको छ । समाज र राष्ट्रले कलाकारको अभावमय अवस्थालाई हटाउन महत्त्वपूर्ण कदम चाल्नु पर्ने अन्यथा अभिनय र कला समाजबाटै हराउन तथा लोप हुन सक्छ भन्ने भाव लघुकथामा प्रस्तुत गरिएको छ ।

सामान्य भाषाको प्रयोग गर्दै झिनो कथानकका माध्यमबाट तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी कलाकारहरूको पीडाको अवस्थालाई मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरिएको 'नेपथ्य' लघुकथामा कलाकार रङ्गमञ्चमा सुखी र खुसी देखिए पनि वास्तविक जीवन नेपथ्यबाट नियाँल्दा अभावमय र अत्यासलाग्दो रहेको भाव सटीक ढङ्गले बोध गराइएको छ ।

### ४.३.१६ सन्तान

'आणविक अस्त्र' लघुकथासङ्ग्रहको सङ्गृहीत कथाहरूमध्ये 'सन्तान' केही लामो लघुकथाको रुपमा लिन सकिन्छ । दुई पृष्ठमा सात अनुच्छेदमा लेखिएको यस लघुकथाले समाजमा छोरा नभएमा स्वर्ग जान पाइँदैन भन्ने अन्धविश्वासी भावलाई यस लघुकथामा

प्रस्ट्याइएको छ । 'सन्तान' लघुकथाको घटनाको आरम्भ घनश्यामले विभिन्न धामीझाँक्री, डाक्टरलाई देखाउँदा पनि पाँच वर्षसम्म सन्तान नजन्मिएकोले अभागी महसुस गर्छ भने राधेश्यामको पाँच वर्षमा पाँच सन्तान जन्मिएको छ तर पनि छोरा नजन्मिएकाले अभागी महसुस गर्छबाट सुरु हुन्छ । राधेश्यामले केही समयपश्चात् यज्ञ, सप्ताह र दानधर्म सबै गरेपछि एउटा छोरो जन्माउन सफल भएको छ । यता घनश्यामले भने सन्तान नभएपछि सन्तान सुखका लागि एउटी केटीलाई अनाथालयबाट ल्याएर धर्मपुत्री पालेको छ । धर्मपुत्री नै भए पनि घनश्यामले छोरीको शिक्षादीक्षालाई महत्त्व दिएको छ । राधेश्यामले छोरीहरूको पढाइलाई त्यति ध्यान दिएको देखिँदैन । तर छोरालाई भने शिक्षाका लागि उसले युरोप पठाएको छ । एक दिन छिमेकीको बिहेमा जाँदा राधेश्याम र घनश्याम एउटै बहसमा केन्द्रित रहेका छन् । उनीहरूको कुराकानीको क्रममा राधेश्यामले आफ्नो छोरो युरोपमा रहेको र उसले निकै प्रगति गरेको कुरा गर्व साथ सुनाएको छ । घनश्याम भने केही नबोली सुनि मात्र रहेको छ । संयोगले त्यसै दिन जन्ती चढेको गाडी त्रिशुली नदीमा खस्न पुग्छ । जन्ती जाने अधिकांशले संसार छाड्न पुग्छन् । मृत्यु हुनेमा राधेश्याम, घनश्याम पनि हुन्छन् । चितामा दुबैको लास राखिएको छ । दागबत्ती दिन राधेश्यामको छोरो आएको छैन भने घनश्यामको चितामा घनश्यामकी छोरीले दागबत्ती दिइरहेकी छे । चितामा स्पष्ट रूपले राधेश्यामको मुहारमा पीडा झल्किएको छ भने घनश्यामको मुहारमा खुसीको शान्त भाव देखिन्छबाट कथानकको अन्त्य भएको छ ।

घनश्याम र राधेश्याम यस लघुकथाका मुख्य पात्रका रूपमा आएका छन् । अन्धविश्वासले जकडिएको यस समाजमा छोरीलाई कुनै महत्त्व नदिने र छोरी जतिओटी भए पनि छोरा अनिवार्य हुनै पर्छ भन्ने अन्धविश्वासी सोचाइलाई घनश्याम र राधेश्याम पात्रको माध्यमबाट चित्रण गरिएको छ । छोरा मानव जीवनको भविष्यको आधार हो र बुढेसकालमा छोराले पाल्छ र मरेपछि दागबत्ती दिएर स्वर्गमा बास गराउँछ भन्ने अन्धविश्वासी भाव यस लघुकथामा व्यक्त गरिएको छ ।

कथामा रूढिवादी समाजको वास्तविक परिवेशलाई लघुकथाको मुख्य विषय बनाउँदै बाबुआमाको आशा र भरोसा छोरीभन्दा बढी छोरामा हुन्छ तर आधुनिक युगमा

छोराभन्दा छोरीले नै पाल्ने र दागबत्ती दिने जस्ता कार्य गर्दछन् भन्ने समाजमा देखापरेका यथार्थ परिवेशलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

समाजमा छोरा हुँदा खुसी र छोरी जन्मँदा दुःखी हुने नेपाली संस्कृतिलाई व्यङ्ग्य गर्दै छोरा, छोरी भनेर विभेद गर्नु राम्रो कार्य होइन, छोरा जन्माउन अनेकौं तप, व्रत गरे तापनि छोरी जन्मँदा दुःखभाव मनमा ल्याउनु पर्ने कुनै कारण नरहेको र छोराले झैँ छोरीले पनि आमाबाबुको रेखदेख गर्न र समाजमा जस्तोसुकै कार्य पनि गर्न सक्ने भाव यस लघुकथा 'सन्तान'का रूपमा प्रस्तुत गरिएको छ ।

## ४.३.१७ शवयात्रा

'शवयात्रा' 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको सत्रौँ लघुकथा हो । दुई पृष्ठमा सङ्गृहीत यस कथाको पात्रगत चरित्रचित्रण गर्दा ऊ रङ्गमञ्च र अभिनय क्षेत्रमा मौलिक र स्वदेशी नाटकलाई मात्र प्राथमिकता दिनुपर्छ भन्ने मान्यता राख्दछ । नाटकलाई समय दिनुपर्छ भनेर ऊ न आफन्त, परिवारलाई समय दिन सक्छ न जागिर खान नै सक्छ । जसको परिणति उसको अवस्था खस्कँदै गएर सडकको पात्र बन्न पुग्छ । आफ्ना सैद्धान्तिक र आदर्शका कुरा, त्याग गर्दै ऊ नुनचिनीपानीको विज्ञापनमा देखा पर्दछ । गैरसरकारी संस्थामा धाएर नाटकका लागि रकम छुट्टयाउन लगाउँछ, उसलाई आफ्नोपन बिर्सिएर विकासे नाटक गरेको र रङ्गमञ्च भाँडेको आरोप लाग्छ । उसको आर्थिक अवस्था परिवर्तन भएर अहिले ठूलो मान्छे, राजदूत, विदेशी मित्र, माथिल्ला कर्मचारी आदिसँग सङ्गत हुन पुग्छ । अब उसमा ठूलै परिवर्तन भएको देखिन्छ । ऊ विदेशी नाटकहरू मञ्चनमा लागेको छ । अहिले नेपाली मौलिकपनहरू उसका नाटकमा छैनन् । विदेशी शैलीलाई उसले पछ्याउन पुगेको छ । त्यति मात्र होइन; आफूलाई सर्वेसर्वा घोषित गर्दै आफ्नो नाममा विभिन्न पुरस्कारहरू समेत स्थापना गर्न पुग्छ । पुरस्कार र सम्मान आफ्ना नजिककालाई बाँडेकोमा सबै लज्जित छन् तर उसमा कुनै लाज छैन । एक दिन उसको अचानक जीवनको रङ्गमञ्च समाप्त हुन पुगेको छ । पृत्युपश्चात् थोरै सङ्ख्यामा मात्र मलामीहरू उपस्थित हुनुले आज मृत्युपर्यन्त ऊ 'को आफ्नो र को पराइ ?' छुट्टयाउन सकिरहेको छैन ।

यसरी यस लघुकथामा आफ्नो मौलिकपन र आदर्शले जीवन जिउन अप्ठ्यारो हुने अनि विदेशीपनलाई पछ्याउँदा जीवन सम्पन्न त हुने तर आफ्नोपन हराउने र समर्थकहरू पाउँन मुस्किल पर्ने भाव लघुकथामा प्रस्तुत गरिएको छ ।

जीवनमा अवसरवादी सोचले क्षणिक फाइदाबाट स्वार्थी व्यक्तिहरू मात्र आफ्ना नजिकका व्यक्तिका रूपमा रूपान्तर हुने र अप्ठ्यारो पर्दा र मर्दा भने त्यस्ता व्यक्तिहरूले साथ कहिल्यै नपाउने चरित्र उसको पहिलो मौलिक अनि पछि वैदेशिक शैली अपनाएपछिको व्यक्तित्वले आदर्श पक्षको चित्रण गरेको छ । यिनै सन्दर्भलाई यस लघुकथाले कलात्मक रूपमा चित्रण गरेको छ ।

### ४.३.१८ अक्षरहरू

'आणविक अस्त्र' लघुकथासङ्ग्रहको सबैभन्दा लामो लघुकथा 'अक्षरहरू' दुई पृष्ठमा प्रस्तुत गरिएको छ । अक्षरहरू मानव जीवनका महत्त्वपूर्ण गहना हुन् भन्ने सारवस्तुलाई लघुकथा 'अक्षरहरू'ले सारवस्तुको रुपमा प्रस्तुत गरेको छ ।

यस कथाको मुख्य पात्र ऊ लेखन कार्यमा पूर्ण समर्पित छ । विभिन्न व्यक्ति र घटनाका बारेमा ऊ असङ्ख्य शब्द खर्चने गर्छ । अक्षरहरूसँग खेल्नु र लेखन कार्यमा लागिपर्नु उसको जीवनको मुख्य लक्ष्य हो । उसले लेखेका समाचार र विश्लेषणले समाजमा विशेष महत्त्व राखेको छ । साथीभाइको हौसला र प्रेरणाले सङ्कटकालको अवस्थामा पनि उसको कलमले विश्राम लिएको छैन । उसको कलमको सत्यताले सत्ताधारीको अवमूल्यन गर्दै जेल समेत हाल्ने कार्य गरेको छ । जेलबाट छुटेर पनि उसको लेख्ने क्रम छुटेको छैन । ऊ राज्यमा हुने भ्रष्टाचार र अनियमितताको बारेमा लेख्ने कार्यमा समर्पित रहेको देखिन्छ । विरोध र धम्कीलाई ऊर्जाको रूपमा लिएर शक्तिशाली व्यक्तित्वको बारेमा पनि लेख्न ऊ पछि परेको छैन । आफ्नो कार्यमा व्यस्त र चनाखो भएको कारणले घरपरिवारलाई समय दिन सकेको छैन । परिवारहरूले पनि आफ्नो स्वार्थरहित कर्म अक्षरहरूसँग खेल्नुलाई हौसला दिने गरेका छन् । उसलाई आफ्नो व्यस्तताप्रति न कुनै चिन्ता छ न कुनै पश्चात्ताप नै । समाचार सङ्कलनको क्रममा एक दिन उसको दुर्घटनामा परी मृत्यु हुन पुग्दछ । अखवारमा मृत्यु र समवेदना छापिन्छ । सधैँभरि उसका लेखहरू पढेर दङ्ग पर्ने उसकी पत्नी पतिको बारेमा लेखिएका योगदान

र समवेदनाका शब्दहरू पढेर रोएको देख्दा अक्षरहरू जीवनभन्दा ज्यादै शक्तिशाली हुँदो रहेछ भन्ने भाव लघुकथा अक्षरहरूबाट स्पष्ट भएको छ ।

तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको ऊ पात्र समाजको बौद्धिक पात्रको रूपमा प्रस्तुत गरिएको छ । लेखकहरूको जीवनभरको कमाइ अक्षरहरू नै हो भन्ने झिनो कथानकलाई सटीक ढङ्गले लघुकथाले व्यक्त गरेको छ । लेखक र अक्षरहरू समाजलाई गतिशील बनाउने सशक्त माध्यम हो । कहिलेकाहीँ समाजमा लेखकहरूलाई विचलित बनाउन आउने, घुस, धम्की अनि जेल जानु पर्ने स्थितिबाट अलिकति पनि विचलित नभै निरन्तर आफ्नो योगसाधनामा लाग्ने लेखकको परिवेशलाई यथार्थ र मार्मिक ढङ्गले विश्लेषण गरिएको छ । राम्रो कार्यमा लाग्ने व्यक्ति समाजमा पूज्य हुन्छन् र अक्षरहरू जीवनभन्दा शक्तिशाली हुन्छ भन्ने आदर्श भाव यस लघुकथाको मुख्य सारवस्तुको रूपमा लिन सकिन्छ ।

### ४.३.१९ बयान

'बयान' उन्नाइसौँ लघुकथाको रुपमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत गरिएको छ । कलासज्जा सहित दुई पृष्ठमा राखिएको यस लघुकथाले महिलाहरूप्रति हुने गरेको असमान व्यवहारलाई कथावस्तुको रुपमा प्रस्तुत गरेको छ । यस कथामा 'मैले आफ्नो श्रीमान्को हत्या आफैले गरेको हुँ' भन्ने बयानले निर्दोष साबित गर्न मुद्दा लडिरहेका वकिल झस्कन्छन् । आजीवन काराबासको सजाय सुनाइएपछि वकिल उनको अनुहार नियाँल्न पुग्छन् । आफ्नो जीवनलाई नर्क बनाइदिने तथा नारीहरूको अस्तित्व नै सङ्कटमा पार्ने तथा आफूलाई कलङ्कित बनाउने दुष्टलाई मार्नुको जस आफैले पाउनु पर्ने भावमा कथा अघि बढेको छ । यस लघुकथामा नारीलाई जीवनको भोग्य साधन मात्र सम्झेर नारीलाई पीडा दिने पुरुषको हत्यारा आफू नै हुन पाउनु पर्ने घटनाक्रमबाट लघुकथा अन्त्य भएको छ ।

'बयान' लघुकथामा ऊ पात्र समाजको आफ्नै पतिबाट पीडित मुख्य पात्रको रूपमा प्रस्तुत गरिएको छ भने यथार्थ र वास्तविक घटना थाहा पाएर पनि नगरेको दोष पनि आफ्नो टाउकोमा लिँदा पनि निर्दोष साबित गर्न नसक्ने निरीह पात्रको रूप प्रस्तुत गरिएको छ । प्रथम पुरुष शैलीमा लेखिएको यस लघुकथामा झिनो कथावस्तुलाई उठान

गरेर समाजमा पुरुषहरूद्वारा पीडित नारीहरूको जीवन परिवेशलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरी व्यक्तिको अत्याचार बढ्दै जाँदा आफ्नो पतिको हत्या जस्तो सोच्दै नसोचेको वास्तविकतालाई पनि कठोर भएर स्वीकार गर्न पुग्दछन् । पुरुषले नारीलाई आफ्नो भोग्य साधन मात्र सम्झिएर महिलाप्रति गरिने व्यवहारले नारीहरूको सहनशक्तिमा कुठाराघात उत्पन्न भएको र नारीको कोमल मन कठोर हुन पुगेको घटनालाई लघुकथामा व्यक्त गरिएको छ ।

**४.३.२० क्रमशः भोगाइ**

यो 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको बीसौँ लघुकथाको रुपमा प्रस्तुत गरिएको छ । दुई पृष्ठमा एघार साना अनुच्छेदहरूमा लेखिएको यस लघुकथाले मानव जीवनका दुःख, पीडालाई सारवस्तुको रुपमा प्रस्तुत गरेको छ । कथामा प्रयुक्त मूल पात्र उसले आफ्नो जीवनमा दुःख, पीडा, अन्याय र अत्याचार सबै भोग्नु परेको छ । ती भोगाइका बाबजुत आज जनताको छोरो राष्ट्रपतिको गरिमामय पदमा पुग्न उसको आफ्नो जीवनको विगतका घटना र दिन एक एक गर्दै सम्झिरहेको छ । पढ्न कापी, कलम नहुँदा नीलडाम हुने गरी खाएको चुटाइ र सजाय, घर खर्चका लागि हली लाग्न गएको दिन, नरपिचासद्वारा आफ्नै आँखा सामुन्ने बलात्कार गरी श्रीमती मारिएको, बेरोजगारी भै बिदेसिन मन कठोर पारेको दिन, जीर्ण र लथालिङ्ग देश सुधार्न कर्तव्यबोध भएको दिन अनि आमूल परिवर्तनका लागि सच्चा कसम खाएको दिन एकपछि अर्को गर्दै चित्रहरू आँखा अगाडि नाच्न पुग्छन् । ती शृङ्खलाबद्ध घटना र सम्झनाले मन गह्रौ हुन पुग्छ । आँखा अघि असङ्ख्य सहिदहरू आएर तिमीले कहिल्यै आफ्नो अतीत नबिर्सनु त्यही नै तिम्रो ऊर्जा हो भन्ने अभिव्यक्तिका साथ कथानकको अन्त्य हुन पुग्दछ ।

विचारका रूपमा यस कथाले देशमा जनताले विभिन्न दुःखद तथा हिंस्रक घटनाहरू भोग्नु परेको  अवथस्थालाई चित्रण गरेको छ । अन्याय, अत्याचार, दुःख, पीडा अहिलेको समाजको नियमित बनेकोले ती सबै दुःख, कष्ट, वेदनालाई जनताले कर्तव्यबोध गर्न सके देश समाज परिवर्तन गर्ने ऊर्जा प्राप्त हुने छ भन्ने भाव लघुकथा क्रमशः भोगाइमा पाउन सकिन्छ ।

तृतीय पुरुष दृष्टिबिन्दुको झिनो कथानकमा आधारित भै लेखिएको लघुकथामा शोकलाई शक्तिमा बदल्न सक्नु पर्छ भन्ने आदर्श भाव सहिदहरूको माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ । पदमा पुग्ने बित्तिकै आफ्ना विगत र अतीतलाई भुलेर पद, पैसा र सत्ताको दुरुपयोग गरी राज्यलाई बदनाम गर्न उद्यत व्यक्तिहरूलाई यस कथाले ऐना देखाएको छ । मानव जीवनमा मानवहरूलाई सदैब असल बाटोमा लाग्न प्रेरित गरेको परिवेशको चित्रण यस लघुकथामा पाउन सकिन्छ ।

### ४.३.२१ वास्तविकता

यस लघुकथामा रहेको मुख्य पात्र मारिया युरोपबाट नेपाल आएपछि नेपाल मन पराइन् र नेपाल नेपालीलाई सहयोग गर्ने सोच उनमा आएको छ । अनाथ बालबालिका सम्बन्धी गैरसरकारी संस्थाका समाजसेवीको कार्यले उनलाई झन् ऊर्जा थपेको पाइन्छ । उनी युरोप फर्किएर नेपालका लागि सहयोगी खोज्दै आर्थिक सहयोग जुटाइन् र तेस्रो पटक नेपाल आउँदा धेरै लामो समय नेपालमा बिताउन चाहन्छिन् । उनमा अर्को जन्ममा नेपाली भएर जन्मन पाऊँ भन्ने सोच समेत विकसित हुन पुग्छ । नेपालमा नै बस्न भगवान्सँग पनि उनी कामना गर्छिन् । मारियाले फर्कने बेला एक जनालाई आफ्नो देश घुमाउन लैजाने इच्छा व्यक्त गर्छिन् । नेपालीका लागि मारियाप्रतिको सद्भाव अझ बढ्न पुग्छ । सबैले उनको खातिरदारी गर्न थाल्छन् । केही समयपछि विदेश जान चाहनेहरूको सिफारिस सङ्ख्या बढ्दै गएको देखेर आश्चर्यमा पर्छिन् । त्यहाँ समाजसेवीदेखि नेता, कलाकार, प्रशासक, प्रविधिसम्मको लामो सूची बन्न पुगेको यथार्थ घटना लघुकथामा कथानकको रूपमा प्रस्तुत गरिएको छ ।

मारिया यहाँ केन्द्रीय पात्रको रूपमा देखिएकी छिन् । विदेशमा जन्मिएर पनि नेपाल सुन्दर देश भएको र यो देशमा जन्मन पाउनु ईश्वरी देन हो भन्ने भाव लघुकथामा उनी मार्फत प्रस्तुत भएको छ । मारिया नेपालमा जन्मिएर पनि विदेश भनेपछि मरिहत्ते गर्ने समाजसेवी, कलाकार, नेता, प्रशासक, प्राविधिक, कलाकारको प्रवृत्तिप्रति अवाक् भएको व्यङ्ग्य भाग यस लघुकथामा व्यक्त भएको छ ।

यो लघुकथा झिनो तर वास्तविक यथार्थ विषयवस्तुमा आधारित रहेको छ । नेपालीहरू विदेश भनेपछि हुरुक्क हुन्छन् तर विदेशीहरू भने नेपाललाई विश्वकै उत्कृष्ट देशको रूपमा लिने गर्दछन् भन्ने यथार्थलाई यस लघुकथामा चित्रण गरिएको छ ।

तृतीय पुरुष शैलीको प्रयोग गरी हामी राष्ट्र र राष्ट्रियताप्रति समर्पित हुनु पर्नेमा विदेश भन्ने बित्तिकै वास्तविकतै नबुझी आकर्षित हुने प्रवृत्तिको व्यङ्ग्य गर्न यस लघुकथाको माध्यमले लघुकथाकार सफल देखिएका छन् ।

### ४.३.२२ विपत्तिको कर्म

यो लघुकथासङ्ग्रह 'आणविक अस्त्र'मा सङ्गृहीत बाइसौं लघुकथा हो । अन्धविश्वासी मानवले आफ्नो जीवनमा आइपर्ने सम्पूर्ण दुःख र कष्टलाई भाग्यको खेल सम्झिदा भाग्यपुर गाउँबासीले भोग्नु परेको कारुणिक यथार्थलाई यस लघुकथामा प्रस्तुत गरिएको छ । झिनो कथानक र साना आठ अनुच्छेदमा लेखिएको यस लघुकथाले नेपालका ग्रामीण भेगका जनताहरूको वास्तविक जीवनशैलीलाई प्रतिबिम्बित गरेको छ ।

यस लघुकथामा ग्रामीण घटनालाई कथावस्तु स्रोत मानिएको छ । पानी नपरेर खडेरी परेपछि भाग्यपुर गाउँवासी अप्ठ्यारोमा परेका छन् । बालीनाली सबै सुक्नुका साथै वस्तुभाउ पनि मर्न लागेका छन् । गाउँलेहरूले पूजा गरे, सप्ताह लगाएपछि संयोगले पानी पर्छ । पानी परेपछि सबै खुसी भएका छन् । नयाँ जीवन पाएकोमा सबै भगवान्को जयकार गर्न लाग्छन् तर दुर्भाग्य दिनरात पानी पर्न थाल्छ । पानी रोकिने कुनै छाँट देखिदैन । हेर्दाहेर्दै बाढीको चपेटामा भाग्यपुर पर्छ । घरगोठ बनाउन र पहिरो जान लागेपछि सबैको बिचल्ली हुन्छ । अहिले निरीह भाग्यपुरबासी पानी रोक्न नयाँ देवीदेवता खोजिरहेका छन्, बाट कथानकको अन्त्य भएको छ ।

'विपत्तिको कर्म' लघुकथामा मानवीय प्रवृत्ति जो दुःखमा भगवान्लाई पुकार्न पुग्दछ तर भगवान् पुकारेर मात्रै मानव जीवनबाट दुःख समाप्त हुँदैन । यस लघुकथाले धर्म र पूजाआजा र भाग्यमा विश्वास गर्नेहरूको विपत्ति टर्नु संयोग मात्र हो । त्यसैले विपत्ति टार्न कर्म गर्नुपर्छ । भाग्य भनेर बस्नु हुँदैन भन्ने भाव यस लघुकथाले व्यक्त गर्न खोजेको छ ।

झिनो कथावस्तुको प्रयोग गर्दै पानी पर्नु, खडेरी पर्नु, बाढी, पहिरो सबै प्राकृतिक विपत्तिहरू हुन् जसको समाधान पूजा, सप्ताह र भगवान् र भाग्यले मात्र दिने होइन हामीले मानव जीवनमा यस्ता प्राकृतिक सङ्कटहरू भोग्नु नै पर्छ भन्ने कटुयथार्थलाई भाग्यपुरले भोगेको घटनाबाट सचेत रहन लघुकथा 'विपत्तिको कर्म'ले आव्हान गरेको छ ।

### ४.३.२३ अर्को बुद्ध

'अर्को बुद्ध' 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको तेइसौँ लघुकथा हो । बुद्धले रोगी, अकालमा खान नपाएको र मरेको मान्छे देखेर विरक्त हुँदै ज्ञान प्राप्त गरे झैँ अर्को बुद्धले परिवर्तन नै मुक्तिका लागि आवश्यक छ भन्ने कुरा महसुस गरी बिद्रोह सुरू गरेको घटना झिनो कथानकको माध्यमद्वारा प्रस्तुत गरिएको छ ।

यस लघुकथाको केन्द्रीय पात्र बुद्धबहादुर दार्शनिक विचारको देखिन्छ । ऊ यस संसारका मान्छेहरू गरिब, रोगी र अकालमा परेको देखेर विरक्तिएको चित्रण यसमा गरिएको छ । उसले यसबाट मुक्ति पाउन केही गर्ने अठोट गर्छ । घरपरिवार र आफन्त सबैप्रतिको मोह त्यागेर घर छाडेर हिँड्छ । जब उसले घर छोड्न पुग्छ । परिवर्तन नै मुक्तिका लागि अपरिहार्य तत्त्व हो भन्ने बुझ्न पुग्छ । उसले परिवर्तनका लागि अर्को बुद्धका रूपमा हतियार उठायो र भूमिगत विद्रोह सुरु गर्न पुग्छ । यो 'अर्को बुद्ध' लघुकथाको मूल कथावस्तु हो । भगवान् बुद्धले गरिब, रोगी र अकालमा मरेको मान्छे देखेर शान्ति, अहिंसा नै जीवन हो भन्ने सत्यताको उजागर गरेका थिए भने अर्को बुद्धमा संसारको कटुयथार्थ विद्रोह र हिंसा भन्ने भाव लघुकथामा प्रस्तुत भएको छ ।

'अर्को बुद्ध' लघुकथामा बुद्धबहादुर समाजको अभाव गरिबीबाट पीडित पात्रको रूपमा प्रस्तुत गरिएको छ । समाज मुक्तिका लागि परिवर्तन आवश्यक छ र अहिलेको यस अवस्थामा शान्तिबाट नभई विद्रोहबाट मुक्ति सम्भव छ भन्ने वास्तविकता चित्रण गरिएको छ । तृतीय पुरुष शैलीमा सानो र छोटो कथानकको प्रस्तुतिबाट समाज परिवर्तनका लागि वास्तविक बुद्ध बनेर मात्र होइन; अर्को बुद्ध बनेर अघि बढ्नु पर्ने भाव अभिव्यक्त गरिएको छ ।

### ४.३.२४ भऱ्याङ

'भऱ्याङ' 'आणवित्र अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत चौबीसौँ लघुकथा हो । यो लघुकथा कलासज्जासहित एक पृष्ठमा राखिएको छ । तीन अनुच्छेदमा विस्तारित यस लघुकथाले नेपाली गीत सङ्गीतको क्षेत्रमा देखिएको विकृति र होडलाई मूलभावको रुपमा व्यक्त गरेको छ ।

लयबहादुरले गाउँ, पहाड डुल्दै दुर्लभ लोकभाका सङ्कलन गरेर सबैको मन लोभ्याउने गीत बजारमा ल्याएर चौथो दशकमा ऊ राष्ट्रिय स्तरमा स्थापित हुन सफल

भएको घटना यस लघुकथामा मुख्य कथावस्तु देखिन्छ । पाँचौं शताब्दीमा नक्कले कान्छोले लयबहादुरको गीतका धुन तलमाथि पार्दै चलचित्रमा गाउँछ । ती गीतहरूले रातारात उसलाई नाम र दामसँगै व्यस्त बनाउँछ । छैटौं दशकमा लयबहादुरले गीतलाई भ्न्याङ बनाउँदै फ्युजन कुमारले जथाभावी मौलिक बाजा हटाउँदै पाश्चात्य बाजागाजा थप्छ र युवा माझ लोकप्रिय बन्छ, चौथो शताब्दीका स्रोत बिच विवाद र चर्चा भए पनि फ्युजन कुमारले सुन्दर पत्नी, मोटर गाडी र प्रशस्त बैङ्क ब्यालेन्स समेत बनाउँछ भन्ने कथावस्तु 'भन्याङ' लघुकथामा व्यक्त गरिएको छ ।

अहिले नेपाली गीत सङ्गीतका लयलाई नक्कल र फ्युजनबाट परिवर्तन गर्दै आधुनिक र रिमिक्स जस्ता गीतमा परिवर्तन गरेको यथार्थ विषयवस्तुलाई यस लघुकथाले चित्रण गरेको छ । सोही अनुसारका नेपालका पुराना लोकगीत र लोकसङ्गीतका लयहरूलाई नक्कल र फ्युजनबाट परिवर्तन गर्दै आधुनिक र रिमिक्स गीत र सङ्गीतमा परिवर्तन गरी आफ्नो नाम दिएर नाम र दाम कमाएको यथार्थ विषयवस्तुमा आधारित भएर लघुकथा 'भन्याङ' लेखिएको छ । लय नक्कल र फ्युजनलाई नै मानवीय पात्रको रूपमा परिकल्पना गरी पुराना रचनाहरूलाई भन्याङ बनाएर अहिलेका पुस्ताले पुराना रचनाहरूलाई चोट पुऱ्याएको यथार्थ भाव चित्रण 'भन्याङ' लघुकथामा गरिएको छ ।

झिनो कथावस्तु र सहज भाषाशैलीको प्रयोग गर्दै नक्कल, रिमिक्स र फ्युजन जस्ता शब्दलाई मानवीय विम्ब बनाई कलामा बढ्दै गइरहेको विकृति र विसङ्गतिको विरोध गर्नु यस लघुकथाको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ४.३.२५ समय र स्वभाव

'समय र स्वभाव' पच्चिसौं लघुकथाको रुपमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत गरिएको छ । दुई पृष्ठ पाँच अनुच्छेदमा लेखिएको यो लघुकथा बढी शब्दका लघुकथाहरूमध्ये एक मान्न सकिन्छ । यस रचनामा मान्छेको नकारात्मक प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । सामान्य आलु चोरीबाट अगाडि बढेको सेतेको कदम समाजले सामान्य भूल मानेर खासै सजाय दिन नसक्दाको परिणति सेते बस्तुभाउ, धनमाल चोर्ने कार्यमा लाग्दा लाग्छ अधबैंसे हुँदा ऊ छलकपटबाट जग्गा दलाली र ठेकेदार बन्न पुग्दछ । सेते कुकर्मबाट धेरै धन बटुल्न सफल हुन्छ भन्ने विषयबाट लघुकथा 'समय र स्वभाव'को कथानक अगाडि बढेको छ । गाउँबाट अचानक सेते हराएपछि

'महत्त्वाकाङ्क्षी' सेते सुध्रिएको सोच गाउँलेमा आएको छ तर ती गाउँलेहरूका छोरीहरूलाई नै बम्बईमा बेचिएको घटना उद्धारपछि फर्किएका चेलीले बताएपछि गाउँले जसले चोरीलाई सामान्य मानेर सजाय नदिई छोडिदिँदाको फल भोग्न बाध्य भएका छन् भन्ने घटनाबाट लघुकथा उत्कर्षमा पुगेको छ । गाउँलेहरूले अन्तमा सेतेलाई सजाय दिने निर्णयमा पुग्छन् । सेते अहिले गाउँ छोडेर राजधानीमा चिल्ला गाडी र करोडौं पर्ने महलमा बस्ने गर्दछ । गाउँबाट सुरु भएको उसको स्वभाव ऊ सहरका डान्स क्लब र क्यासिनोमा ओछ्याउन खोजिरहेको छ बाट लघुकथाको अन्त्य भएको छ ।

मानवीय प्रवृत्ति बेलैमा पहिचान गरेर समाधान गर्न नसक्दा गाउँ तथा समाजले सेतोको कारण भोग्नु परेको कु-प्रवृत्तिको तितो यथार्थलाई सेते पात्रको माध्यमबाट लघुकथामा चित्रण गरिएको छ । समाजमा यस्ता कुपात्रहरू अहिले प्रशस्त रहेका छन् जसले आफूलाई गाउँबाट सहर केन्द्रित गरी कुकर्महरू गरेका छन् । चिल्ला गाडी र करोडौँको महलले समाजको नजरमा पर्दा हालेर आफूलाई प्रतिष्ठित बनाएको वास्तविक सामाजिक परिवेशलाई झिनो विषयवस्तुमा आधारित भई त्यस्तो (सेते) जस्तो व्यक्ति पहिचान गर्न सक्नु पर्ने अन्यथा कुपात्रले समाजलाई दुर्घन्धित बनाउँछन् भन्ने भाव व्यक्त गरिएको छ ।

### ४.३.२६ प्राप्ति र त्याग

'प्राप्ति र त्याग' 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत छब्बीसौँ लघुकथा हो । यो एक पृष्ठमा समावेश गरिएको छ । एघार सानो अनुच्छेदमा लेखिएको यस कथाले बेरोजगारी, अन्तर्राष्ट्रिय परिवेश, युद्धजन्य घटनालाई मुख्य विषय बनाएर प्रस्तुत गरएको छ । यस लघुकथामा उसले पहिलो, दोस्रो र तेस्रो युद्धमा क्रमशः आफ्नो हात, एउटा आँखा र खुट्टा गुमाउनु पुग्छ तर युद्ध समाप्त नभएको र भौतिक रूपमा युद्धमा काम नलाग्ने भएर ऊ युद्ध मैदानबाट बाहिरिन पुग्छ, विषयबाट कथानक अगाडि बढ्छ । ऊ अब विचारको युद्ध लड्न थाल्छ । विचारको युद्धमा पहिलो, दोस्रो र तेस्रो गर्दै आफ्ना साथीहरू, आफन्तहरू र सुख सुविधाहरू गुमाउँदै आफ्नो देह गुमाउन पुग्छ, बाट लघुकथा उत्कर्षमा पुग्छ अनि उसको शव चितामा जलिरहँदा जुन जिउँदोमा उसले प्राप्त गर्न नसकेको त्यो अनमोल चिज उसको त्यागका निमित्त उर्लिएका असङ्ख्य मलामीहरू प्राप्त गर्छ, बाट कथानकको अन्त्य भएको छ ।

जीवन सङ्घर्षमय छ । जीवनमा प्राप्तिका लागि त्याग अनिवार्य मानिन्छ । जीवनमा अनेकन् दुःख, कष्ट, पीडा, उत्पीडन भोग्नु परे पनि समाजले त्यो योगदान र त्यागको मूल्याङ्कन गरेर नै छोड्छ । अन्ततः आफ्नो त्यागको प्राप्ति भएर छोड्छ भन्ने भाव झिनो कथावस्तु र सबल विचार यसमा चित्रण गरिएको छ । यसको माध्यमबाट व्यक्त गरिएको भावले युद्ध शरीरका अङ्गहरूबाट मात्रै गर्न सकिन्छ भन्ने सोच गलत हो, युद्ध विचारबाट हुन्छ र जित्न सकिन्छ भन्ने दार्शनिक भाव यस लघुकथामा पाइन्छ ।

### ४.३.२७ उत्तर आधुनिकता

'उत्तर आधुनिकता' सत्ताइसौँ लघुकथाको रुपमा यस 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा आएको छ । कलासज्जा र लघुकथाको प्रस्तुति एक पृष्ठको रहेको लघुकथामा जम्मा चार अनुच्छेदमा प्रस्तुत गरिएको छ । साहित्यसम्बद्ध बहस नै यस लघुकथाको मूल कथ्य हो । यसमा ऊ पात्रले मौलिक उपन्यास, सुन्दर कविता र गम्भीर कथा लेख्दा पनि खासै मूल्याङ्कन तथा चर्चा-परिचर्चा र चासो हुन नसकेको घटनाबाट यो लघुकथा आरम्भ भएको छ । आफूले लेखेको उपन्यास, कविता र उपन्यासको आलोचना गर्दै आफैँले आफ्नो रचनाको गालीगलौज गर्दै कलम चलाएर आफ्नो रचनाको आफैँद्वारा गरिएको समालोचनाबाट लघुकथा उत्कर्षमा पुगेर छ । उसको समालोचनाका कारण आफ्नो सिर्जना उत्तर आधुनिकतावादको परिकल्पनामा चर्को बहस हुन पुगेको घटनाबाट यस लघुकथाको अन्त्य भएको छ ।

ऊ पात्र बौद्धिक पात्रको रूपमा 'उत्तर आधुनिकता' लघुकथामा आएको छ । हाम्रो समाजमा लेखकहरूको साहित्यिक रचना प्रकाशन अनि आफ्नो रचनाको स्वमूल्याङ्कनबाटै आफूलाई चर्चामा ल्याउने र नयाँवादको घोषणा गर्ने नेपाली साहित्यमा देखिएको विकृतिमूलक संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी साहित्यमा रचनाबाट कुनै चर्चामा आउन नसकेका साहित्यकारहरू आफ्नो साहित्यिक रचना उत्तर आधुनिकता भित्र्याउने रचनाका रूपमा प्रस्तुत भएको यथार्थ सत्यमाथि लघुकथाले झटारो प्रहार गरेको छ । झिनो कथावस्तुको माध्यमबाट कला र साहित्यमा देखिएको विकृति र विसङ्गतिको यथार्थ चित्रण लघुकथा उत्तर आधुनिकताले गरेको छ ।

### ४.३.२८ पर्दा र जीवन

'पर्दा र जीवन' लघुकथा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत अट्ठाइसौँ लघुकथा हो । चार अनुच्छेदमा लेखिएको यस लघुकथाले दार्शनिक तथा प्रतीकात्मक कथ्यलाई विषयवस्तुको स्रोत बनाएको छ । ऊ पात्रको कोठा सामुन्ने रहेको घरको झ्यालमा विभिन्न रङका पर्दाहरू परिवर्तन भएको देख्छ । त्यहाँ रातो, हरियो, सेतो र कहिले बुट्टेदार पर्दाहरू प्रयोग गरिएको छ । जुन कुराले उसलाई कौतूहल जागिरहेको भान हुन्छ, प्रस्तुत कथा कथानकबाट सुरु भएको छ । त्यो व्यक्ति कपडा व्यापारी भएकोले ऊ घरमा सजाउने र आफूले लगाउने कपडाका सौखिन भएकाले कपडाका रङ्गहरू परिवर्तन गर्ने गरेकोले संसारमा सबैभन्दा राम्रो, उत्कृष्ट वा शक्तिशाली रङ्ग हो ? ऊ सोच्न पुग्छ, बाट लघुकथा उत्कर्षमा पुगेर एकदिन त्यस घरका मूलीको मृत्युपश्चात् 'मुनिकार' संस्कार अनुसार त्यही झ्यालबाट नै उसको पार्थिव शरीर बाहिर निकाल्दा सेतो कात्रोले उसको शरीर बेरिएको देखेपछि संसारको वास्तविक रङ्गको पहिचान भएर कथाको अन्त्य भएको छ ।

तृतीय पुरुष शैलीमा लेखिएको मानिसले आफ्नो जीवनमा जुनसुकै रङ्गहरूको प्रयोग गरिए पनि जीवनको वास्तविक रङ्ग सेतो कात्रोसँगै समाप्त हुने भएकोले वास्तविक रङ्गको पहिचान गर्न 'ऊ' पात्र सफल भएको भाव यस लघुकथा 'पर्दा र जीवन'मा व्यक्त गरिएको छ ।

झिनो कथानक र सरल प्रस्तुतिको माध्यमबाट जीवनको यथार्थ पक्ष भनेको खुसी, सुखी बिताए पनि मृत्यु सत्य भएझैँ कपडाका रङ्गलाई जीवन सोच्नेहरूको वास्तविक र सत्य रङ्ग कात्रोको रङ्ग भएको भाव अभिव्यक्त गरिएको छ ।

### ४.३.२९ अ-रोदन

'अ-रोदन' 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत उनान्तिसौँ लघुकथा हो । दस अनुच्छेदमा लेखिएको यस लघुकथाले राष्ट्रवादसम्बद्ध विषयमा आधारित भएर भाव संप्रेषण गरेको छ । उसको आँखाबाट जस्तोसुकै आपत्, भवितव्य र दुःखद घटनाहरू झेल्नु पर्दा पनि आँसु आउँदैन । ऊ जन्मँदा, परीक्षामा अनुत्तीर्ण हुँदा, आफ्नी प्रेमिकाले छोडेर अरूसँग बिहे गर्दा, आफ्नै जन्मदाताहरूको मृत्यु हुँदा, जीवनभर कमाएको सम्पत्ति आगलागीबाट नष्ट हुँदा, विदेश गएको छोरो दुर्घटनामा परी मर्दा समेत ऊ रोएको छैन ।

यतिका दुःखका बाबजुद नरुँदा उसलाई सबैले ढुङ्गाको मन भएको व्यक्तित्वको रूपमा विश्लेषण गर्छन । तर ऊ आज भक्कानो छोडेर रोइरहेको छ । देश टुक्रिन लागेकाले नै ऊ आज रोएको देखेर आफ्नो प्रेमी, बुबा, आमा, छोराछोरी, सम्पत्ति भन्दा ठूलो चिज देश टुक्रँदा ऊ रोएको भावलाई कथानक बनाएर लघुकथा 'अ-रोदन' अगाडि बढेको छ ।

देशप्रेम, राष्ट्र र राष्ट्रियताको भाव नागरिकमा आफ्नो सम्पत्ति तथा पारिवारिक मोहभन्दा महत्त्वपूर्ण हुन्छ भन्ने सारवस्तु प्रस्तुत गर्ने क्रममा सम्पत्ति, प्रेमिका, बाबु, आमा, आफन्तहरू भन्दा आफ्नो राष्ट्र महत्त्वपूर्ण हुन्छ । आफन्त मर्दा व्यक्तिको पहिचान र अस्तित्व मात्र जोखिममा पर्छ तर देश टुक्रँदा परिवार र पुर्खाकै पहिचान र अस्तित्व समाप्त हुने भएकाले सम्पत्ति, बुबाआमा चोरी हुँदा र मर्दा नरुने व्यक्तित्व देशको सवालमा रुन पुग्दछ भन्ने आदर्शभावलाई प्रस्तुत लघुकथामा व्यक्त गरिएको छ ।

### ४.३.३० अन्तिम प्रश्न

'अन्तिम प्रश्न' लघुकथा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत तिसौँ लघुकथा हो । यस लघुकथासङ्ग्रहभित्र सङ्गृहीत बढी शब्दमा लेखिएको लघुकथामध्ये आठ अनुच्छेदमा लेखिएको लघुकथा हो । मानवीय तथा सामाजिक समस्या नै यस लघुकथाको मुख्य कथ्य हो । सानो उमेरमा नै प्रेम, विवाह, सन्तान अनि अव्यावहारिक श्रीमान्को फन्दामा परेपछि उनलाई यौनकर्मी महिला बनाएको छ । समाजले नाजायज मानेको कार्य गर्नु उनको रहर नभएर बाध्यता हो । श्रीमान्को रक्सी, छोराछोरीको पढाइ र क्षयरोगले ग्रस्त बाबुको औषधी उपचारका लागि खर्च जोहो गर्न माया हरेक दिन ३/४ जना पुरुषलाई आफ्नो शरीर सुम्पने गर्छे । जीवनको बाटोमा पहाडको कन्दरादेखि निर्लज्ज राजधानीसम्मको यात्रा सम्झँदै अत्यास मानेर प्रश्न गर्न पुग्छिन् के जीवन घनघस्याको उकालो जस्तै हो, कहालीलाग्दो सङ्घर्षमय ? के यो बाँदर लड्ने भीर उक्लन भन्दा पनि कठिन छ ? मनमनै समाजलाई थुक्न खोज्छिन् तर असमर्थ हुन्छिन् ।

यस लघुकथाको पात्रमा गतिशीलता देखिए पनि मूल विचारमा स्थिर प्रवृत्ति नै रहेको देखिन्छ । समय परिवर्तनसँगै श्रीमान्को बानी फेरिन्छ । छोराछोरी लेखपढ गरी ठूला हुन्छन् । बाबुको रोग निको हुन्छ तर मायालाई यौनरोग लाग्न पुग्छ । रोगले ऊ परिवारको बोझ बन्न पुग्छे । छोराछोरी आमाको मुख नहेर्ने कसम खान्छन् । श्रीमान्ले बुढेसकालको सहारा चाहिन्छ भन्दै अर्को बिहे गर्छ । बाबुले आफ्नो छोरी मरेतुल्य भएको

ठान्छ । दिक्क भएर गृहत्याग गर्न पुग्छिन् । यस्तै एक दिन नयाँ सडक पेटीमा मायाको मृत्यु हुन्छ । उनको लास बेवारिसे बन्न पुग्छ अनि मायाको हंस (आत्मा) अनितम प्रश्न गर्न पुग्छ- 'यो पुरुषप्रधान समाजका निम्ति मैले यो त्याग गरेर सर्वस्व सुम्पिएँ तर मैले यी पुरुषहरूबाट के पाएँ ?' भन्ने भावमा कथानकको अन्त्य हुन पुग्दछ ।

मायालाई यस समाजकी निरीह महिला पात्रको रूपमा चित्रण गरिएको छ । आफ्नो परिवारका लागि अत्यन्तै घृणित र निकृष्ट कार्य गर्न पछि नहट्ने महिलाहरू आफ्नो जीवनको उत्तरार्द्धमा लागेको यौनरोगका कारण त्यही उनी परिवारको अवहेलना र लाञ्छनाको सिकार भै भर त्याग्नु परेको यथार्थ तथा कारुणिक परिवेश लघुकथा 'अन्तिम प्रश्न'मा उजागर भएको छ । पुरुषहरूकै र आफ्नै परिवारको जीवन उत्थानका निम्ति आफ्नो देह बेचेर परिवारका आवश्यकता र समस्यालाई प्राथमिकता दिएर पुरुषहरूको पहिचानका लागि समर्पित हुन्छन् तर नारीहरूको आवश्यकता र समस्यालाई पुरुषहरूले बुझेर बुझ पचाउने यथार्थ सत्यलाई तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी चित्रण गरिएको छ ।

यथार्थ ग्रामीण तथा सामाजिक समस्यालाई कथानकको रूपमा प्रयोग गरी समाजमा नारीप्रति गरिँदै आएको विसङ्गतिपूर्ण व्यवहारको चित्रण गर्न अन्तिम क्षणको प्रश्न 'यो पुरुष समाजका निम्ति मैले सर्वस्व सुम्पिएँ तर मैले यी पुरुषहरूबाट के पाएँ ?' ले पुरुषप्रधान समाज र पुरुषहरूप्रति व्यङ्ग्यात्मक भाव व्यक्त गर्न लघुकथा सक्षम भएको छ ।

### ४.३.३१ मुक्ति

'मुक्ति' लघुकथा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा दुई पृष्ठमा कलासमायोजन सहित प्रस्तुत गरिएको छ । यसमा मानवेतर पात्रको प्रयोग गरी मानव पात्रको कमजोरी केलाइएको छ ।  सधैँ बाँधिएको हारजितेको राँगोले दाम्लो चुँडाएपछि आफू स्वतन्त्र भएको ठानेर जता मन लाग्यो उतै दौड्न थालेको हुन्छ । उसले आफ्ना वरिपरि बाँधिएका राँगाहरूलाई दङ्ग पार्दै दाम्लो चुडाउन आँट चाहिने भाव व्यक्त गर्छ । त्यस राँगोले आफ्ना बाँधिएर बसेका साथीहरूप्रति सहानुभूति व्यक्त गर्नुको साटो खिसी गर्न थाल्छ । आखिरमा हारजितेले राँगा समाउने ठूलो प्रयत्न गर्छ । अन्ततः राँगालाई कहिल्यै गोठभित्र नबाँध्ने सर्तमा गोठमा फर्कन निकै खातिरदारी गरेको हुन्छ । मुक्त राँगाको सर्त

स्विकारिएकोमा उसको सान अझ बढ्छ । राँगोले हारजितेको कुरा शतप्रतिशत विश्वास गरेर गोठ फर्किन्छ । मौका पाउनासाथ राँगोलाई पहिलेको भन्दा पनि बलियो दाम्लोमा बाँध्छ । त्यो दिनदेखि पुनः दासताको जीवन राँगाहरूले बिताउनु परिरहेको देखिन्छ । यसरी मानव र मानवेतर पात्र बिचको प्रतीकात्मक व्यङ्ग्य भावलाई 'मुक्ति' लघुकथामा मूल कथानकको रूपमा प्रस्तुत गरिएको छ । मानवीय प्राणीका रूपमा राँगालाई प्रतीकात्मक पात्रको रूपमा प्रयोग गरी स्वतन्त्र हुने बित्तिकै आफूलाई नचिन्ने र छाडा हुने प्रवृत्तिले बल्लबल्ल पाएको स्वतन्त्रता पनि क्षणिक मात्र हुने, धेरै समयसम्म नटिक्ने यथार्थ परिवेशको चित्रण यस लघुकथामा पाइन्छ ।

झिनो कथानकलाई लघुकथाको मुख्य विषयवस्तु बनाई राँगो र मानवीय प्रवृत्तिलाई प्रतीकात्मक रूपमा तुलना गरिएको छ भने मानवमा रहेको घमन्डकै कारण अहिलेसम्म मानवले दासत्वको जीवन निर्वाह गर्नु परेको यथार्थ घटनालाई परिवेशको रूपमा प्रयोग गरिएको छ । आफ्नो अस्तित्व मात्रै खोज्ने तर अर्काको अस्तित्वलाई आत्मसात् गर्न नसक्ने मानवीय कमजोरीप्रतिको व्यङ्ग्यात्मक भाव सरल र सहज भाषाको प्रयोग गरी प्रतीकात्मक शैलीमा अभिव्यक्त गरिएको छ ।

### ४.३.३२ असन्तुलन

'असन्तुलन' लघुकथा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत बत्तीसौँ लघुकथा हो । दुई पृष्ठमा छ अनुच्छेदमा राखिएको यस लघुकथाले समाजमा देखिएको नकारात्मक मानव प्रवृत्तिप्रति व्यङ्ग्यभाव प्रस्तुत गरेको छ । यस लघुकथाको घटनामा ऊ पात्रले आफूभन्दा ज्यादै कमजोर प्राणीलाई कसैले कुनै काममा नपत्याएको बेला काम दिलाएको । जीवनमा अप्ठ्यारो स्थिति आउँछ, हरेस खानु हुँदैन भनेर ऊर्जा र पहिचान समेत दिलाएको हुन्छ । कमजोर प्राणी आफ्नो खुट्टामा आफै उभिन सफल भएको छ तर दुर्भाग्य उसको सोचमा नकारात्मक परिवर्तन आएको छ । अतीतमा उसमाथि गरिएका सबै गुणहरू बिर्सिएको छ । उसले खालि भऱ्याङ चढ्दै जानुपर्छ पछाडि फर्किएर समेत हेर्नु हुँदैन भन्ने सिद्धान्त अपनाउँदा आफू उभिएको धरातल बिर्सन पुगेको छ । माथि पुगेपछि पछाडि फर्केर हेर्छ । ऊ चढेको भऱ्याङका पाइलाहरू हेर्दा त्यहाँ ओर्लने कुनै ठाउँ नै देख्दैन । त्यसपछि ऊ झस्किएर कहाली लागेर माथिबाट तल धरातलमा

खस्न पुग्छ । उसले मान्छे हुनुको सबै गुण बिर्सिएकोले ऊ पुनः कहिल्यै उठ्न सकेन भन्ने कथानक बनाएर 'असन्तुलन' लघुकथामा मानवको स्वार्थी प्रवृत्तिको चित्रण गरिएको छ ।

मानवीय जीवनमा धेरै उतारचढावहरू आएका हुन्छन् । त्यो उचारचढावमा केही व्यक्तिको सहयोगले माथि पुग्ने र जीवनका लक्ष्यहरू भेट्टाउन सहयोग पुग्छ । जब मानिस सफल हुन्छ उसले सहयोगी भऱ्याङलाई बिर्सन पुग्छ र अन्ततः असन्तुलनको अवस्थामा यसरी खस्छ कि ऊ पुनः उठ्न सक्दैन भन्ने यथार्थ सन्देशको निरूपण लघुकथामा गरिएको छ ।

समाजको वास्तविक र यथार्थ परिवेशको चित्रण गर्ने क्रममा सरल र सरस भाषाको प्रयोग गर्दै तृतीय पुरुष शैलीको प्रयोग गरी लघुकथा 'असन्तुलन'मा उपलब्धि प्राप्तिपछि मानवले आफू मानव हुनुको गुण नै बिर्सिएको हुन्छ भन्ने जीवनजगत्का यथार्थ र मार्मिक पक्षको चित्रण गरिएको छ ।

### ४.३.३३ पर्खाल र भ्रम

'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा तेत्तीसौँ लघुकथाको रुपमा 'पर्खाल र भ्रम' लघुकथा सङ्गृहीत भएको हो । पाँच सानो अनुच्छेदमा दुई पृष्ठमा राखिएको यस लघुकथाले समाजमा आफ्ना नजिकका मानिसहरू खर्च गर्दा आफ्नो हुने र खर्च गर्न नसक्दा सबै पराई हुने घटनालाई सारवस्तुको रुपमा उल्लेख गरिएको छ ।

यस लघुकथाको ऊ पात्र आफूलाई विश्वमा चर्चित र प्रतिष्ठित व्यक्तित्वको रूपमा प्रस्तुत गर्न पुग्छ । आफूलाई चर्चित र प्रतिष्ठित बनाउन उसले भ्रमका अग्ला पर्खाल निर्माण गरेको छ । त्यो पर्खाल उसका शुभचिन्तकहरू, आसेपासे, सतही प्रशंसकहरूद्वारा निर्माण भएको देखिन्छ तर वास्तविकता उसको सहज व्यक्तित्वलाई गलत स्वरूप गर्न मरिहत्ते गर्नेको भिड त्यहाँ बढी देखिन्छ । उसको कामको आलोचना गर्ने र उचित सल्लाह दिनेहरूको सल्लाह उसले लिन चाहँदैन, ऊ भ्रमको पर्खाल निर्माणमा नै जुट्दै जान्छ । अचानक पर्खाल नराम्ररी ढल्छ र उसको त्यही भ्रमको पर्खालबाट किचिएर अर्थात् आत्महत्याबाट मृत्यु भएको घटना यस लघुकथा कथानकका रूपमा आएका छन् । ऊ पात्रको माध्यमबाट समाजमा आफ्नो अघि-पछि लाग्ने प्रशंसा गर्नेहरू आफ्ना हितैषी भन्दा पनि अशुभ चिन्तक हुने खाली स्वार्थी प्रवृत्तिले मात्र आफ्नो

नजिक हुने र प्रशंसक बन्ने गर्छन् । त्यसैले आफ्नो कामका आलोचक नै बरु वास्तविक मित्र हुन्छन् जसलाई हामी बुझ्न सक्दैनौ भन्ने भाव कथाले निरूपण गरेको छ ।

यस लघुकथामा झिनो कथानक र समाजको सामान्य परिवेशलाई चित्रण गरिएको छ । समाजमा भ्रममा पारेर आफूलाई आफ्ना गलत प्रशंसकले ख्याति प्राप्त र प्रतिष्ठित बनाउने गरेको भ्रमपूर्ण व्यवहारलाई चिन्न सक्नु पर्छ भनी प्रस्तुत गरिएको छ । आफू भ्रममा पर्दा भ्रमको अन्त्यसँगै आफ्नो सम्पूर्ण अस्तित्व नै समाप्त हुने कटुयथार्थ यस लघुकथाले चित्रण गरेको छ ।

### ४.३.३४ पक्ष-विपक्ष

'पक्ष-विपक्ष' 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा सङ्गृहीत चौतीसौँ लघुकथा हो । कलासज्जासहित दुई पृष्ठमा लेखिएको यस लघुकथामा नेपाली समाजमा न्यायप्रति समर्पित व्यक्तिको हत्यापश्चात् निजको पक्षबाट वकालत गर्ने वकिलसम्म नपाइएको घटनालाई मुख्य कथावस्तु बनाई प्रस्तुत गरएको छ ।

ऊ यस लघुकथाको केन्द्रीय पात्र हो । ऊ ख्याति प्राप्त वकिल हो । अहिलेसम्म उसले कैयौँ मुद्दामा अपराधीलाई सजाय दिन ऊ सफल भएको छ । उसको तर्कपूर्ण र सशक्त प्रस्तुतिबाट निर्दोषलाई बचाउन सफल भएकोले प्रतिवादीका आफन्तहरूको आँखोको तारो बन्नु परेको छ । कहिल्यै पैसालाई महत्त्व नदिने ऊ निःशुल्क मुद्दा लड्ने गरेकाले उसको परिवारको अवस्था माथि उठ्न नसकेको विश्लेषण धेरैको रहेको छ । जीवको उत्तरार्द्धमा आइपुग्दा एकदिन आक्रमण ऊ माथि साङ्घातिक हमला भएर घटनास्थलमै मृत्यु भएपछि उसको मृत्युमा आँसु बगाउनेको सङ्ख्या निकै कम रहेको र मुद्दा लड्ने वकिल समेत नपाएको कटुयथार्थलाई लघुकथा 'पक्ष-विपक्ष'मा चर्चा गरिएको छ ।

देशमा बढ्दै गैरहेको दण्डहीनताको अवस्थाप्रति व्यङ्ग्य गर्दै समाजमा अहिले आपराधिक कार्य बढ्दै गएको र सो कार्यलाई रोक्न सङ्घर्ष गर्ने व्यक्तिहरू अकालमा हत्याहिंसाको सिकार हुनु परेको यथार्थ घटनामा आधारित भै लघुकथा प्रस्तुत गरिएको छ। समाजमा राम्रो र आदर्श कार्य गर्ने व्यक्तिले वकिलले झैँ न मलामी पाउँछ न आफ्नो पक्षमा वकालत गर्ने मान्छे नै भन्ने व्यङ्ग्यात्मक भाव लघुकथामा पाउन सकिन्छ ।

तृतीय पुरुष शैली तथा अन्तरविषयका आधारमा सामाजिक यथार्थ घटनामा अधारित भै समाजमा बिनास्वार्थ अरूको कार्य गर्ने व्यक्तिको सम्मान र उसको कार्यको मूल्याङ्कन हुनु पर्ने तर समाजले त्यसो गर्न नसकेको तितो यथार्थलाई यस लघुकथाको माध्यमबाट निरूपण गर्न खोजिएको छ ।

**४.३.३५ धन्दा**

'धन्दा' लघुकथा 'आणविक अस्त्र' को थोरै शब्दहरूमा लेखिएको लघुकथाहरूमध्ये एक हो । छ सानो अनुच्छेदमा लेखिएको यस लघुकथाले हाम्रो समाजमा नारीहरू कसरी बेचिन बाध्य हुन्छन् भन्ने कुरालाई मुख्य कथावस्तु बनाइ प्रस्तुत गरिएको छ ।

यो सामाजिक विषयवस्तुमा आधारित लघुकथा हो । यसको मुख्य पात्र हर्कबहादुर हो । हर्कबहादुर र मनमाया गाउँबाट हराएपछि गाउँलेहरू दुबैले भागेर बिहे गरेको शङ्का गर्छन् । केही दिनपछि हर्कबहादुर गाउँमा देखा पर्छ । उसलाई मनमायाको बारेमा सोध्दा कमला नदी तर्ने क्रममा बाढीले बगाई मनमायाको लास समेत भेट्न नपाएको उत्तर हर्कबहादुरले दिन्छ । सबैले यो कुरालाई विश्वास गर्छन् र हर्कबहादुरलाई सान्त्वना दिन्छन् । निरीह बनेको हर्कबहादुर केही दिनपछि टाठो भएर घुम्न थाल्छ । अहिले उसको आँखा मनमायाकी बहिनीमाथि परेको छ । त्यति मात्रै होइन; गाउँका अन्य ६/७ जना बेच्न पाए त युरोप जान पुग्छ भन्ने सोच हर्कबहादुरमा देखिन्छ । यस लघुकथा अन्तरविषयको आधारमा समाजप्रति केन्द्रित रहेको सामाजिक लघुकथाको रूपमा प्रस्तुत गरिएको छ ।

नेपालका चेलीहरूलाई कसरी विभिन्न बहानामा विदेशमा बेचिन्छ र अपराधी कसरी कुन बहानामा समाजमा सहज ढङ्गले घुमिरहेको हुन्छ भन्ने समाजको वास्तविक परिवेश यहाँ झिनो कथानकको माध्यमबाट प्रस्तुत गरिएको छ । तृतीय पुरुषात्मक शैलीको प्रयोग गरी नेपाली समाजमा व्याप्त जटिल सामाजिक समस्यालाई प्रधानता दिइएको 'धन्दा' लघुकथामा चेलीबेटी बेचविखन एउटा गम्भीर समस्या हो ।

नेपालबाट हरेक वर्ष कैयौँ नेपाली चेलीहरू दलालको हातमा परेर आफ्नो अस्मिता बेच्न पुग्छन् र विभिन्न बहानामा दलालहरू कानुन र समाजको नजरबाट बच्दै आपराधिक क्रियाकलापलाई प्रश्रय दिएका हुन्छन् र समाजले त्यस्ता अपराधीहरूलाई चिन्न र कारबाही गर्न सक्नु पर्छ भन्ने सन्देश लघुकथामा निरूपाण गर्न खोजिएको छ ।

### ४.३.३६ दौड

'दौड' छत्तीसौँ तथा अन्तिम लघुकथाको रुपमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहमा आएको छ । झिनो कथानकलाई तीन अनुच्छेदमा राखेर कलासज्जालाई पनि ध्यान दिइएको छ । यस लघुकथाले मानवको असन्तोषी प्रवृत्तिलाई व्यङ्ग्य गर्दै लघुकथा प्रस्तुत भएको छ ।

मानव स्वभाव र त्यसको प्रभावलाई 'दौड' लघुकथामा मुख्य कथ्य बनाइएको छ । उसले खाइलाग्दो र ज्यान परेको घोडालाई आफ्नो वशमा पार्न; सुरुमा फकाई फुल्याई मन्द गतिमा दौडाएको घटनाबाट यस लघुकथाको कथावस्तु सुरु भएको छ । बिस्तारै उसको सोख बढ्दै गएकाले घोडालाई अत्यधिक दौडाउन प्रयत्न गर्छ । लगातारको दौडाइले घोडा थाकेर लखतरान भइसकेको हुन्छ । उसले घोडामाथि लगातार चाबुक बर्साएको सन्दर्भमा  यो लघुकथा उत्कर्षमा पुगेको छ । चैतबैशाखको हुरीको बेगझैँ घोडा दौड्दै नमज्जाले पछारिन्छ । उसले आफ्नो खुट्टा गुमाउन पुग्छ र घोडा कहिल्यै दौडाउन नसक्ने घटनामा यस लघुकथाको कथानक अन्त्य भएको छ ।

यस लघुकथामा ऊ र मानवेतर पात्र घोडाको प्रयोग गर्दै मानवका असन्तोषी र लोभी प्रवृत्तिको चित्रण गरिएको छ । मानव आफ्नो आवश्यकता पुरा गर्न पहिले नरम भएर प्रस्तुत हुने अनि आफ्ना आवश्यकता पूर्ण हुँदै गएपछि पूर्ण कठोर भएर शक्तिको दुरुपयोग गर्ने प्रवृत्तिप्रतिको व्यङ्ग्य यस लघुकथामा पाइन्छ ।

तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको यो लघुकथाको संरचना निकै रोचक तथा घोचक पनि रहेको देखिन्छ । यसमा संरचना पक्षका साथै भावपक्ष पनि निकै मर्मस्पर्शी रूपमा व्यक्त गरिएको छ । दौड शब्द आफैमा बिम्बात्मक, गतिबोधक र आकर्षक छ ।

लघुकथाकार कृष्ण शाह 'यात्री'ले त्यसलाई चोटिलो शैलीबाट मानव प्रवृत्तिको आन्तरिक तथा बाह्य स्वरूपलाई राम्ररी चित्रण गरेका छन् । शीर्षक प्रयोगका दृष्टिले पनि यो कथा सार्थक देखिन्छ । घोडा दौडनु र मान्छेले घोडालाई दौडाउनुमा कति अन्तर छ भन्ने दार्शनिकता समेत यसमा बोध गराइएको छ । साथै मानवीय शक्तिको दुरुपयोग गरी अरूको अप्ठ्यारो बुझ्न नसक्दा दुर्घटनामा पर्न सक्ने सन्देशात्मक भाव यस लघुकथामा पाइन्छ ।

# परिच्छेद पाँचौ

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार तथा निष्कर्ष

प्रस्तुत 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन शोधपत्रलाई जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रले लघुकथा सिद्धान्त र परम्पराको चर्चा गरिएको छ । यस शोधको मुख्य प्रयोजन लघुकथा तत्त्वको आधारमा कृष्ण शाह 'यात्री'को मूल प्रवृत्ति केलाउनु रहेको छ । यस शोधमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको सामाजिक पक्ष, वैचारिक पक्ष, मूल प्राप्ति, व्यङ्ग्य र सन्देशको निरूपण गर्नु रहेको छ ।

यस शोधको पहिलो परिच्छेदमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन अन्तर्गत शोध परिचय र शोधको रूपरेखा प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा लघुकथाकार कृष्ण शाह 'यात्री'को सङ्क्षिप्त जीवनीको अध्ययन गरिएको छ । जसमा जन्म, जन्मस्थान, शिक्षा, साहित्यिक प्रेरणा र स्वभाव देखाइएको छ भने व्यक्तित्व अन्तर्गत लघुकथाकार, नाटककार, कवि, रङ्गकर्मी, नाट्य निर्देशक तथा अभिनेता, अध्यापक, शोधकर्ता तथा समालोचक र प्राज्ञ व्यक्तित्वको चर्चा गरिएको छ । यसै परिच्छेदमा उनले प्राप्त गरेको पुरस्कार र सम्मान, पुरस्कृत, निर्देशित, लिखित तथा सम्पादित लघुकथा, नाटक, जीवनी, बालकथा सङ्ग्रह तथा कृतिहरुको चर्चा गरिएको छ । यसै परिच्छेदमा कृष्ण शाह 'यात्री'को लघुकथा लेखनका आधारमा लघुकथाकार 'यात्री'को प्रवृत्ति र प्रवृत्तिगत विशेषतालाई चर्चा गरिएको छ ।

यस शोधको तेस्रो परिच्छेदमा लघुकथाको सैद्धान्ति पक्षसँग सम्बन्धित रहेर लघुकथा साहित्यको आख्यान विधा अन्तर्गत स्वतन्त्र तथा पूर्ण उपविधा हो भन्ने आधारहरूको पुस्ट्याइँ गर्न लघुकथाको परिभाषा, स्वरूप र लघुकथा परम्पराको चर्चा गरिएको छ । लघुकथा आफैमा छोटो आख्यानात्मक प्रस्तुति हो, लघुकथाको आकार छोटो हुन्छ । लघुकथाको विषयवस्तुमा सूक्ष्मता पाइन्छ । लघुकथा लेखनमा न्यून चरित्र चित्रण कम पात्रको प्रयोग गरी गरिने प्रतीकात्मक प्रस्तुतिलाई लघुकथाको विशेषताको रूपमा लिन सकिन्छ । लघुकथामा सुरुवात, उत्कर्ष र अन्त्यका आधारमा स्वरूपको निर्माण

भएको हुन्छ । आख्यान लेखनका लागि आवश्यक पर्ने तत्त्वहरुको प्रयोग लघुकथामा प्राप्त गर्न सकिन्छ । लघुकथामा कथानक/कथावस्तु, पात्रचरित्र, संवाद, भाषाशैली, उद्देश्य, सारवस्तु, दृष्टिबिन्दु, लघुकथाका मुख्य तत्त्वका रूपमा प्रयोग गरिएको हुन्छ भन्ने सन्दर्भलाई आधार बनाएर लघुकथाका तत्त्वहरुको चर्चा गरिएको छ । नेपालमा लघुकथा लेखन र प्रकाशनको इतिहास धेरै लामो नभए तापनि वर्तमान युगको समयसापेक्ष विधाका रूपमा लघुकथाले आफ्नो स्थान फराकिलो पार्दै अघि बढेको पाइन्छ । लघुकथालाई आख्यानको उपविधा उपन्यास कथाभैँ छुट्टै उपविधाको पहिचान दिन तथा एउटा पृथक् र अस्तित्व स्थापित गर्न सफल विधाका रुपमा यहाँ विशेषता, आयाम, स्वरूप, प्रकार र नेपाली लघुकथा लेखन परम्परा, नेपाली लघुकथाको विकासक्रमको सामान्य चर्चा गरिएको छ ।

नेपाली लघुकथाको विकासक्रम हेर्दा वि.सं. १९९२ भन्दा पूर्वदेखि नै लघुकथा लेखन कार्य सुरुवात भएको र यस अवधिलाई पृष्ठभूमि कालका रूपमा लिन सकिन्छ । त्यसै गरी वि.सं. १९९२ पछि वि.सं. २०२० लघुकथा लेखन तथा प्रकाशनको पहिलो चरणका रूपमा अगाडि बढेको देखिन्छ । वि.सं. २०२० देखि वि.सं. २०३९ सम्म दोस्रो चरण र वि.सं. २०४० देखि हालसम्म तेस्रो चरणको रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा मूल शीर्षक **'आणविक अस्त्र' लघुकथासङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहलाई कृतिपरक तत्त्वको आधारमा विस्तृत अध्ययन गरिएको छ जुन यो शोधको मुख्य विषय पनि हो । जसमा लघुकथासङ्ग्रहको रचना काल र प्रकाशन वर्ष, विषयवस्तुको स्रोत, शीर्षक चयन, लघुकथा तत्त्व, प्रवृत्ति, सन्देश पक्ष, व्यङ्ग्य पक्ष, प्रस्तुति, भाषिक शिल्प परिवेश, कथानक दृष्टिबिन्दु, पात्र चयन, वैचारिकता, भाव सम्प्रेषण, बनोट-बुनोट तथा समग्र संरचना जस्ता आधारमा विश्लेषण गरिएको छ । यसै गरी 'आणविक अस्त्र'मा सङ्गृहीत लघुकथाहरुको लघुकथाका विभिन्न तत्त्वहरुको आधारमा विश्लेषण गरी लघुकथाकार कृष्ण शाह 'यात्री'को लघुकथाको सारवस्तु पहिल्याउने काम भएको छ । साथै उनका लघुकथाको सारांशको चर्चा गर्दै लघुकथा लेखन, प्रकाशन तथा लघुकथालाई पृथक् विधाका रूपमा चिनाउन उनले दिएको योगदानको मूल्याङ्कन पनि गरिएको छ । यसका साथै लघुकथाकार कृष्ण शाह 'यात्री'को नेपाली लघुकथाको विकासक्रममा एक

नवीन र प्रयोगशील आशालाग्दा प्रतिभाको स्थान लिन सफल भएको कुरा समेत यस शोधकार्यबाट प्रमाणित भएको निष्कर्ष प्राप्त भएको छ ।

प्रस्तुत शोधको अन्तिम खण्ड तथा परिच्छेद उपसंहार भाग हो । यसमा 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको शोध कार्यमा प्रस्तुत शीर्षकहरुको क्रमशः विषयगत झलक दिँदै यो लघुकथासङ्ग्रह नेपाली लघुकथा विकास क्रममा एउटा महत्त्वपूर्ण लघुकथा कृति हो भन्ने कुरा प्रस्तुत गरिएको छ ।

# सम्भावित शोधशीर्षकहरू

नेपाली साहित्यको लघुकथा क्षेत्रमा कलम चलाउने कृष्ण शाह 'यात्री'को लघुकथा लेखन सन्दर्भमा विषयहरूमा अध्ययन तथा अनुसन्धान गर्न चाहने शोधार्थीहरू निम्नलिखित शीर्षकमा शोधकार्य गर्न सक्नेछन्:

(१) नेपाली लघुकथायात्रामा कृष्ण शाह 'यात्री' ।

(२) 'आणविक अस्त्र' लघुकथासङ्ग्रहको सामाजिक सन्देश: विश्लेषण र मूल्याङ्कन ।

(३) व्यङ्ग्य चेतना प्रवाहका दृष्टिले 'आणविक अस्त्र' लघुकथासङ्ग्रह ।

# सन्दर्भग्रन्थसूची


उपाध्याय, केशव प्रसाद, (२०६७), नाटककार कृष्ण शाह 'यात्री'को नाटचकारिता, कृष्ण शाह 'यात्री' **अतिरिक्त यात्रा**, काठमाडौँः डीकुरा पब्लिकेशन ।

कसजू, विनय कुमार, (२०६५), सम्पा., **प्रतिनिधि नेपाली लघुकथाहरू,** विवेक सिर्जनशील प्रकाशन काठमाडौँ ।

थापा, मोहन हिमांशु, **साहित्य परिचय**, पाचौँ संस्करण, काठमाडौँ साझा प्रकाशन, २०६६ ।

पोखरेल, बालकृष्ण सम र अरु, सम्पा. **नेपाली बृहत् शब्दकोश,** चौ.सं., काठमाडौँः ने.रा.प्र.प्र., २०५५ ।

प्रधान, प्रमोद, (२०४३), 'लघुकथाको स्वरूप र आवश्यकता' **'लघुकथा - ३'** ।

मल्ल, अशेष, (२०६१), कृष्णको रङ्गाचेता, कृष्ण शाह 'यात्री', **समय अवसान**, काठमाडौँः विवेक सिर्जनशील प्रकाशन ।

यात्री कृष्ण, शाह, (२०६४), **'आणविक अस्त्र'**, लघुकथासङ्ग्रह, विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ ।

यात्री कृष्ण, शाह, **प्रतिनिधि नेपाली नाटक**, विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ, २०६४ ।

यात्री कृष्ण, शाह, (२०५६), **सूक्ष्म शिखाहरू,** लघुकथासङ्ग्रह, ज्योतिपुञ्ज समूह, काठमाडौँ ।

रोदन, श्रीओम श्रेष्ठ, (२०६४), 'लघुकथा अभियानमा सार्थक बल', कृष्ण शाह यात्री, **आणविक अस्त्र**, काठमाडौँः विवेक सिर्जनशील प्रकाशन, पृ. ४ ।

शर्मा, मोहनराज, **कथाको विकासप्रक्रिया,** ते.सं., ललितपुरः साझाप्रकाशन, २०५८ ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल, **शोध विधि**, द्वि.सं., काठमाडौँः साझा प्रकाशन, २०५५ ।

खतिवडा, शारदा देवी, (२०६६), **उदयपुर जिल्लाका कथाकारहरूका कथाहरूको अध्ययन**, स्नातकोत्तर तह, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय (अप्रकाशित शोधग्रन्थ)

खपाङ्गी, बाबुराम, (२०६६), **सन्नीपात**, स्नातकोत्तर तह, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय (अप्रकाशित शोधग्रन्थ)

पाण्डे, मञ्जु, (२०६७), **नाटककार कृष्ण शाह 'यात्री'का नाट्यकृतिहरूको अन्तर्वस्तु र शिल्प,** स्नातकोत्तर तह, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय (अप्रकाशित शोधग्रन्थ) ।

पोखेल, ईश्वरी प्रसाद, (२०६०), **नेपाली लघुकथाको परम्परा**, स्नातकोत्तर तह, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय (अप्रकाशित शोधग्रन्थ) ।

गौतम, लक्ष्मण प्रसाद, **लघुकथाको सैद्धान्तिक स्वरूप र नेपाली लघुकथाको सन्दर्भ,** कार्यपत्र, २०६७ कार्तिक २९, पृ. १-१२ ।

अधिकारी, शारदा, 'विषय र प्रस्तुतिको दृष्टिमा आजका लघु/लघुत्तम कथाहरू' **'गुञ्जन'** (वर्ष ५, अङ्क ३ : २०५८ भदौ) ।

अश्क, गोपाल, 'नेपाली लघुकथाको उद्भव र विकास' **'समकालीन साहित्य'** (पूर्णाङ्क ४६: २०५९ साउन-असोज) ।

अश्क, गोपाल, (२०६५) सम्पा. **लघुकथा प्रतिक्रिया र पाठ,** साझा प्रकाशन, काठमाडौँ ।

कसजू, विनय कुमार, 'विचार मञ्च' **'मधुपर्क'** (३६२ : २०५६ भदौ) ।

गिरी, गोविन्द, लघुकथाको बनोट र नेपाली लघुकथा, **'मधुपर्क'** (पूर्णाङ्क ३६२: २०५६, भदौ), पृ. ७१-७२ ।

गौतम, लक्ष्मण प्रसाद, 'लघुकथाको संरचना र तत्त्व' **'मधुपर्क'** (पूर्णाङ्क ३६२:२०५६ भदौ) ।

थापा, रामविक्रम, 'लघु दृष्टिमा लघुकथा' **'मधुपर्क'** (पूर्णाङ्क ३६२ : २०५६ भदौ) ।

थापा, रोशन, लघुकथाको सैद्धान्तिक पक्ष र चालिसको दशकका लघुकथा, **'मधुपर्क'** (पूर्णाङ्क ३६२: २०५६ भदौ), पृ. ८५-८९ ।

नेपाल, शैलेन्दु प्रकाश, नेपाली साहित्यमा लघुकथा, **'मधुपर्क'** (पूर्णाङ्क ३५०: २०५५ भदौ), पृ. १३०-१३२ ।

भट्टराई, घटराज, 'नेपाली लघुकथाको पहिलो मौलिक रुप लौकिक न्याय मणिमाला' **'मधुपर्क'** (पूर्णाङ्क ३६२: २०५६ भदौ), पृ. ४१-४२ ।

मधिकर्मी, ध्रुव, (२०५६), "राजनीति विषयक लघुकथा", **गोरखापत्र राष्ट्रिय दैनिक**, २१ फागुन, पृ. ख ।

रेग्मी, शिव, 'नेपाली लघुकथाको प्रयोगवादी सङ्ग्रह कसिङ्गर', **'मधुपर्क'** (पूर्णाङ्क ३६२: २०५६ भदौ), पृ. ५६-५७ ।

शर्मा, मोहनराज, 'नेपाली लघुकथा सिद्धान्त र विश्लेषण' **'मधुपर्क'** (पूर्णाङ्क ३६२: २०५६ भदौ) ।

श्रेष्ठ, दयाराम, 'नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि स्वरूप', **'मधुपर्क'** (पूर्णाङ्क ३६२: २०५६ भदौ), पृ. १३-१६ ।

श्रेष्ठ, श्रीओम, 'लघुकथा र यसका प्रकाशन', **'मधुपर्क'** (पूर्णाङ्क ३६२: २०५६ भदौ), पृ. १०९-१११ ।

सिलवाल, प्रकाश, (२०५६), 'लघुकथाबारे को के भन्छन्', **हिन्दू साप्ताहिक**, २४ साउन, पृ. ७ ।

सिंह, नागेन्द्रप्रसाद 'नेपाली लघुकथाको उद्भव र विकास' **'समकालीन साहित्य'** (पूर्णाङ्क ४६ : २०५९ साउन-असोज) ।